| | ८५०१.५२.०० | -- ७५० वाट भन्दा बढी तर ७५ कि.वा. सम्म उत्पादन गर्ने | १०% |
| | ८५०१.५३.०० | -- ७५ कि.वा. भन्दा बढी उत्पादन गर्ने | १०% |
| | | – ए.सी. जेनेरेटर (अल्टरनेटर) : | |
| | ८५०१.६१.०० | -- ७५ के.भी.ए. सम्म उत्पादन गर्ने | १०% |
| | ८५०१.६२.०० | -- ७५ के.भी.ए. भन्दा बढी तर ३७५ के.भी.ए.सम्म उत्पादन गर्ने | १०% |

220.



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

| | | | |
|---|---|---|---|
| | ८५०१.६३.०० | -- ३७५ के.भी.ए. भन्दा बढी तर ७५० के.भी.ए.सम्म उत्पादन गर्ने | १०% |
| | ८५०१.६४.०० | -- ७५० के.भी.ए. भन्दा बढी उत्पादन गर्ने | १०% |
| ८५०२ | | इलेक्ट्रिक जेनेरेटिङ्ग सेटहरु र रोटरी कन्भर्टरहरु। | |
| | | - कम्प्रेसन इग्निसन इन्टरनल कम्बशन पिष्टोन इन्जिन (डिजेल वा अर्ध डिजेल इन्जिनहरु) को जेनेरेटिङ्ग सेटहरु : | |
| | ८५०२.११.०० | -- ७५ के.भी.ए. सम्म उत्पादनको | १०% |
| | ८५०२.१२.०० | -- ७५ के.भी.ए. भन्दा बढी तर ३७५ के.भी.ए. सम्म उत्पादनको | १०% |
| | ८५०२.१३.०० | --३७५ के.भी.ए. भन्दा बढी उत्पादनका | १०% |
| | ८५०२.२०.०० | - स्पार्क- इग्निसन इन्टरनल कम्बशन पिष्टन इन्जिनको जेनेरेटिङ्ग सेटहरु | १०% |

<u>आर्थिक ऐन,२०५२ को अनुसूची १ को उपसंकेत ८५०२.३०.०० को सट्टा देहायको उपशीर्षक र शब्दावली राखिएको:</u>

| | | | |
|---|---|---|---|
| | | - अन्य जेनरेटिङ्ग सेटहरु : | |
| | ८५०२.३१.०० | -- वायु-शक्तिले संचालित (विण्ड-पावर्ड) | १०% |
| | ८५०२.३९.०० | -- अन्य | १०% |
| | ८५०२.४०.०० | - इलेक्ट्रिक रोटरी कन्भर्टर्स | १०% |

<u>उपसंकेत ८५०६.१ देखि ८५०६.२०.०० को सट्टा देहायका उपशीर्षक र शब्दावली राखिएको:</u>

| | | | |
|---|---|---|---|
| ८५०६ | | प्राथमिक रुपका सेल र व्याट्रीहरु । | |
| | ८५०६.१०.०० | - म्यांगनिज डाइअक्साइड् | ४०% |

१२८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | ८५०६.३०.०० | – मरक्यूरिक अक्साइड् | ४०% |
| | ८५०६.४०.०० | – सिल्भर अक्साइड् | ४०% |
| | ८५०६.५०.०० | – लिथियम | ४०% |
| | ८५०६.६०.०० | – एयर-जिङ्क | ४०% |
| | ८५०६.८०.०० | – अन्य | ४०% |

<u>आर्थिक ऐन,२०५२ को अनुसूची १ को संकेत ८५१० को शब्दावलीको सट्टा सोही शीर्षकमा देहाय बमोजिम शब्दावली राखिएको:</u>

| | | | |
|---|---|---|---|
| ८५१० | | वैद्युतिक चालक (इलेक्ट्रिक मोटर) आफैमा भएका (सेल्फ-कण्टेण्ड) रौं खौरने (शेभर्स), कपाल कत्रने (हेयर-क्लिपर्स) र रौं खुइल्याउने (हेयर-रिमुभिङ्ग), उपकरणहरु (अप्लायन्सेज) । | |

<u>आर्थिक ऐन,२०५२ को अनुसूची १ को उपशीर्षक ८५१०.२०.०० पछि देहायको ८५१०.३०.०० उपशीर्षक र शब्दावली समावेश गरिएको:</u>

| | | | |
|---|---|---|---|
| | ८५१०.३०.०० | – रौं खुइल्याउने (हेयर रिमुभिङ्ग) उपकरणहरु (अप्लायन्सेज) | २०% |

<u>आर्थिक ऐन,२०५२ को अनुसूची १ को संकेत ८५१५ को शब्दावलीको सट्टा सोही शीर्षकमा देहाय बमोजिम शब्दावली राखिएको:</u>

| | | | |
|---|---|---|---|
| ८५१५ | | काट्ने क्षमता भएका वा नभएका वैधुतिक (विद्युत् तापित ग्यांस समेत), लेजर वा अन्य प्रकाश वा फोटोन (प्रकाशको अति सूक्ष्म कण) बिम, अल्ट्रासोनिक, इलेक्ट्रोन बिम, चुम्बकीय (म्याग्नेटिक) पल्स वा प्लाज्मा आर्कसोल्डरिङ्ग, ब्राजिङ्ग वा वेल्डिङ्ग यन्त्र र उपकरण; धातुहरु वा सरमेटलाइ तातो स्प्रे गर्न निमित्तका वैद्युतिक यन्त्र तथा उपकरणहरु । | |

२२३



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**आर्थिक ऐन,२०५२ को अनुसूची १ को भाग ८५ मा देहायको संशोधन र थप गरिएको :**

**शीर्षक नं. ८५१७ र उपसंकेत ८५१७.१०.०० देखि ८५१७.८२.०० सम्मका उपसंकेत र शब्दावली हटाई देहाय बमोजिम शीर्षक उपशीर्षक र शब्दावली राखिएको :**

| | | | |
|---|---|---|---|
| ८५१७ | | तार दूर वार्ता (लाइन टेलिफोनी )वा तार दूरलेखन (लाइन टेलिग्राफी) निमित्तका वैद्युतिक ओजार (ऐपरेटस), तार रहित (कोर्डलेस) हाते सेटहरु (ह्याण्डसेट्स) सहितका तार दूरवार्ता (लाइन टेलिफोन) सेटहरु र वाहक - प्रवाह तार प्रणाली (क्यारियर करेण्ट लाईन सिस्टमस) वा आङ्किक तार प्रणाली (डिजिटल लाइन सिष्टम्स) निमित्तका दूर संचार उपकरण (टेलिकम्प्युनिकेशन एपरेटस) समेत; भिडियोफोनहरु । | |
| | | - दूरवार्ता (टेलिफोन) सेटहरु; भिडियोफोनहरु : | |
| | ८५१७.११.०० | -- ताररहित हाते सेटहरु (कर्डलेस ह्याण्डसेट्स) सहितका लाइन टेलिफोन सेटहरु | २०% |
| | ८५१७.१९.०० | -- अन्य | २०% |
| | | - प्रतिकृति (फ्याक्सिमाइल) यन्त्रहरु र दूरमुद्रण यन्त्रहरु (टेलिप्रिण्टर्स) : | |
| | ८५१७.२१.०० | -- प्रतिकृति यन्त्रहरु (फ्याक्सी माईल मशिन्स) | २०% |
| | ८५१७.२२.०० | -- दूर मुद्रण यन्त्रहरु (टेलिप्रिण्टर्स) | २०% |
| | ८५१७.३०.०० | - टेलिफोनिक वा टेलिग्राफिक स्वीचिङ० उपकरणहरु | २०% |
| | ८५१७.५०.०० | - अन्य उपकरणहरु (ऐपरेटस), वाहक-प्रवाह तार प्रणाली (क्यारियर-करेण्ट लाइन सिष्टम्स) का निमित्त वा आङ्०कक तार प्रणाली (डिजिटल लाइन सिष्टम्स) का निमित्त | २०% |
| | ८५१७.८०.०० | - अन्य उपकरणहरु (ऐपरेटस) | २०% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**उपसंकेत ८५१९.९१.०० को सट्टा उपशीर्षक र शब्दावली राखिएको:**

| | | | |
|---|---|---|---|
| | | – अन्य आवाज उतार्ने उपकरणहरु : | |
| | ८५१९९२.०० | -- बगली-मापको (पौकेट-साइज) पेटिका-वादकहरु (क्यासेट-प्लेयर्स) | २०% |
| | ८५१९९३.०० | -- अन्य, पेटिका-प्रतिरुप (क्यासेट-टाइप) | २०% |

**उपसंकेत ८५२०.३१.०० को सट्टा देहायका उपशीर्षक र शब्दावली राखिएको:**

| | | | |
|---|---|---|---|
| | | – ध्वनि उतार्ने उपकरण समाविष्ट अन्य चुम्वकीय टेप रेकर्डहरु : | |
| | ८५२०.३२.०० | --आङ्किक श्रव्य-प्रतिरुप (डिजिटल औडियो टाइप) | २०% |
| | ८५२०.३३.०० | -- अन्य, पेटिका-प्रतिरुप (क्यासेट-टाइप) | २०% |

**संकेत ८५.२२ को सट्टा देहायको शीर्षक ८५.२२ र शब्दावली राखिएको:**

| | | | |
|---|---|---|---|
| ८५.२२ | | शीर्षक नं.८५.१९ देखि ८५.२१ सम्मका उपकरण (ऐपरेट्स) का साथ पूर्णरुपेण (सोलली)वा मुख्य रुपले (प्रिन्सीपल्ली) प्रयोग निमित्त उपयुक्त (सुटेबुल)अङ्गहरु (पार्टपुर्जा)र सहायक सामग्री (एक्सेसरीज) । | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

<u>संकेत ८५.२३ र सोको उपसंकेतहरुको सट्टा देहायको शीर्षक ८५२३ र उपशीर्षकहरु राखिएको</u>

| | | | |
|---|---|---|---|
| ८५.२३ | | ध्वनि रिकर्ड (लेखन) गर्ने वा यस्तै अन्य दृश्य अभिलेखन गर्न अभिलेखन (रिकर्ड) नगरिएका तयारी माध्यम (मिडिया), भाग ३७ का उत्पादनहरु वाहेक । | |
| | | – चुम्बकीय टेपहरु : | |
| | | – – चौडाई ४ एम.एम. सम्मको : | |
| | ८५२३.११.१० | – – –कम्प्यूटरका | १०% |
| | ८५२३.११.९० | – – –अन्य | ४०% |
| | | – – चौडाई ४ एम.एम.भन्दा बढीको तर ६.५ एम.एम. सम्मको : | |
| | ८५२३.१२.१० | – – –कम्प्यूटरका | १०% |
| | ८५२३.१२.९० | – – –अन्य | ४०% |
| | | – – चौडाई ६.५ एम.एम.भन्दा बढीको | |
| | ८५२३.१३.१० | – – –कम्प्यूटरका | १०% |
| | ८५२३.१३.९० | – – –अन्य | ४०% |
| | | – म्याग्नेटिक डिस्क : | |
| | ८५२३.२०.१० | – – कम्प्यूटर हार्ड डिस्क | १०% |
| | ८५२३.२०.९० | – – अन्य | ४०% |

<u>उपसंकेत ८५२३.२०.९० पछि देहायको उपशीर्षक ८५२३.३०.०० समावेश गरिएको</u>

| | | | |
|---|---|---|---|
| | ८५२३.३०.०० | – चुम्बकीय धर्का (म्याग्नेटिक स्ट्राइप) समाविष्ट भएका पत्रहरु (कार्ड्स) | ४०% |

मुद्रण विभाग, सिंहदरबार

132



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | | – अन्य : | |
| | ८५२३.९०.१० | – –कम्प्यूटरका | १०% |
| | ८५२३.९०.९० | – –अन्य | ४०% |

उपसंकेतहरु ८५२४.२ देखि ८५२४.२३.९० को सट्टा देहायका उपशीर्षक र शब्दावली राखिएको:

| | | | |
|---|---|---|---|
| | | – लेसर शव्दावलीयाड्ंक प्रणाली (लेसर रिडिङ्ग सिष्टम्स) निमित्तका चक्काहरु (डिस्कस): | |
| | ८५२४.३१.०० | – – ध्वनि (साउण्ड) वा आकृति (इमेज) वाहेक दृश्य घटना (फेनोमेना) उत्पादन (रिप्रोड्यूसिङ्ग) को लागि | २०% |
| | ८५२४.३२.०० | – – आवाज (साउण्ड) मात्र उत्पादनका लागि | २०% |
| | ८५२४.३९.०० | – – अन्य | २०% |
| | ८५२४.४०.०० | – ध्वनि (साउण्ड) वा आकृति (इमेज) बाहेक दृश्य घटना (फेनोमेना) उत्पादन गर्न निमित्तको चुम्बकीय (म्याग्नेटिक) टेपहरु | ४०% |
| | | – अन्य चुम्बकीय (म्याग्नेटिक) टेपहरु : | |
| | | – – ४ मिमि मा नबढ्ने चौडाइको : | |
| | ८५२४.५१.१० | – – –कम्प्युटरका | १०% |
| | ८५२४.५१.९० | – – –अन्य | ४०% |
| | | – – ४ मिमिभन्दा बढी तर ६.५ मिमि मा नबढ्ने चौडाइको : | |
| | ८५२४.५२.१० | – – –कम्प्युटरका | १०% |
| | ८५२४.५२.९० | – – –अन्य | ४०% |

133



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | | -- ६५ मिमि भन्दा बढी चौडाइको : | |
| | ८५२४.५३.१० | ---कम्प्युटरका | १०% |
| | ८५२४.५३.९० | ---अन्य | ४०% |
| | ८५२४.६०.०० | - चुम्बकीय धर्का (म्याग्नेटिक स्ट्राइप) समाविष्ट भएका पत्रहरु (कार्ड्स) | ४०% |

उपसंकेत ८५२४.९० को सट्टा देहायका उपशीर्षक र शब्दावली राखिएको.

| | | | |
|---|---|---|---|
| | | - अन्य : | |
| | | -- ध्वनि (साउण्ड) वा आकृति (इमेज) बाहेक दृश्यघटना (फेनोमेना) उत्पादन गर्नको लागि : | |
| | ८५२४.९१.१० | --- कम्प्यूटरका फ्लोपी डिस्क | १०% |
| | ८५२४.९१.९० | --- अन्य | ४०% |
| | ८५२४.९९.०० | -- अन्य | ४०% |

संकेत ८५.२५ को शब्दावलीको सट्टा देहायको शीर्षक ८५.२५ र शब्दावली राखिएको.

| | | | |
|---|---|---|---|
| ८५.२५ | | संग्रहण उपकरण (रिसेप्सन ऐपरेटस) अथवा ध्वनि अभिलेखन (साउण्ड रिकर्डिङ्ग) वा उत्पादन (रिप्रोड्यूसिङ्ग) उपकरण (ऐपरेटस) समाविष्ट भएका वा नभएका, रेडियो-टेलिफोनी, रेडियो-टेलिग्राफी, रेडियो-ब्रोडकास्टिङ्ग (रेडियो-प्रसारण) वा टेलिभिजनका लागि प्रसारण (ट्रान्समिसन) उपकरण (ऐपरेटस) । | |

२३८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उपसंकेत ८५२५.३०.०० पछि देहायको उपशीर्षक ८५२५.४०.०० समावेश गरिएको:

| | | | |
|---|---|---|---|
| | ८५२५.४०.०० | – स्थिर आकृति (स्टिल इमेज) भिडियो क्यामराहरु र अन्य भिडियोक्यामरा अभिलेखित्रहरु (रिकर्डर्स) | २०% |

उपसंकेत ८५२७.११.००को सट्टा देहायको उपशीर्षकहरु राखिएको:

| | | | |
|---|---|---|---|
| | ८५२७.१२.०० | – –बगली मापको (पौकेट-साइज) रेडियो क्यासेट प्लेयरहरु | २०% |
| | ८५२७.१३.०० | – – ध्वनि अभिलेखन वा उत्पादन उपकरण संयुक्त भएका अन्य उपकरणहरु | २०% |

संकेत ८५.२८ तथा उपसंकेत ८५२८.१०.०० र ८५२८.२०.०० को सट्टा देहायको शीर्षक ८५.२८ र उपशीर्षकहरु र तिनका शव्दावली राखिएको:

| | | | |
|---|---|---|---|
| ८५.२८ | | रेडियो प्रसारण (ब्रोडकास्ट) ग्राहकहरु (रिसिभर्स) अथवा ध्वनि वा भिडियो अभिलेखन (रिकर्डिङ्ग) वा उत्पादन (रिप्रोड्यूसिङ्ग) उपकरणहरु (ऐपरेटस) समाविष्ट (इनकरपोटिङ्ग) भए वा नभएका, टेलिभिजन निमित्तका संग्रहण (रिसेप्सन) उपकरण (ऐपरेटस); भिडियो मोनिटरहरु (परिवीक्षिकहरु ) र भिडियो प्रोजेक्टर (प्रक्षेपित्र)हरु । | |
| | | – रेडियो ब्रोडकास्ट रिसिभरहरु अथवा ध्वनि वा भिडियो अभिलेखन (रिकर्डिङ्ग) वा उत्पादन (रिप्रोड्यूसिङ्ग) उपकरण समाविष्ट भए वा नभएका, टेलिभिजन निमित्तका संग्रहण (रिसेप्सन) उपकरण | |
| | | – – रंगीन (कलर) | |
| | ८५२८.१२.१० | – – टेलिभिजन | ४०% |
| | ८५२८.१२.९० | – – सेटलाइट रिसीभर (घरायसी प्रकारको) | २०% |

135



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | ८५२८.१२.०० | -- श्यामस्वेत (ब्ल्याक एण्ड व्हाइट) वा अन्य एकरंगी (मोनोक्रोम) | २०% |
| | | - भिडियो मोनिटर (परिवीक्षिक)हरु : | |
| | ८५२८.२१.०० | -- रंगीन (कलर) | ४०% |
| | ८५२८.२२.०० | -- श्यामस्वेत वा अन्य एकरंगी (मोनोक्रोम) | २०% |
| | ८५२८.३०.०० | - भिडियोप्रोजेक्टर (प्रक्षेपित्र)हरु | ४०% |

संकेत ८५.३७ को शव्दावलीको सट्टा देहायको शव्दावली राखिएको:

| | | | |
|---|---|---|---|
| ८५.३७ | | वैद्युतिक नियन्त्रण (इलेक्ट्रिक कण्ट्रोल) वा विद्युत वितरण (डिष्ट्रिव्यूसन) को निमित्त, शीर्षक ८५.३५ वा ८५.३६का दुइ वा बढी उपकरण (ऐपरेटस) द्वारा सज्जित (इक्विप्ड) फलकहरु (बोर्डस), पट्टहरु (प्यानेल्स), कंशोलहरु, डेस्कहरु, मंजूषा (क्याबिनेट)हरु र यस्तै आधारहरु (बेसेस), भाग ९० का औजारहरु (इन्स्ट्रुमेण्ट्स) वा उपकरणहरु (ऐपरेटस) र शीर्षक नं. ८५१७ को स्वीचिङ्ग उपकरण वाहेक सांख्यिक (न्यूमेरिकल) नियन्त्रण उपकरण समाविष्ट भएका समेत । | |

उपसंकेत ८५३९.३१.०० पछि देहाय बमोजिमको उपशीर्षक ८५३९.३२.०० र शव्दावली थपिएको:

| | | | |
|---|---|---|---|
| | ८५३९.३२.०० | --पारद (मरकरी) वा क्षरातु (सोडियम) का निहार दीपहरु (भेपर ल्याम्प्स); धातुका हेलाइड् दीपहरु (मेटल हेलाइड् ल्याम्प्स) | २०% |

उपसंकेत ८५३९.४०.०० को सट्टा देहायका उपशीर्षक र शव्दावली राखिएको:

| | | | |
|---|---|---|---|
| | | - परावैंगनी (अल्ट्राभायलेट) वा अवरक्त (इन्फ्रा-रेड) दीपहरु (ल्याम्प्स); तोरण-दीपिका (आर्क-ल्याम्प)हरु : | |
| | ८५३९.४१.०० | -- तोरण दीपिका (आर्कल्याम्पस) | २०% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | ८५३९.४९.०० | -- अन्य | २०% |

उपशीर्षक ८५४०.३०.०० देखि ८५४०.९९.०० को सट्टा देहायका उपशीर्षक र शब्दावली राखिएको।

| | | | |
|---|---|---|---|
| | ८५४०.४०.०० | - आकडा/लेखाचित्रीय प्रदर्शन नलिकाहरु (डेटा/ग्राफिक डिस्प्ले ट्यूब्स), रंगीन (कलर), ०.४ मिमि भन्दा सानो संदीपक विन्दु स्क्रीन पिच भएको (विथ ए फौस्कर डटस्क्रीन पिच) | २०% |
| | ८५४०.५०.०० | - आकडा।लेखाचित्रीय प्रदर्शन नलिकाहरु (डेटा।ग्राफिक डिस्प्ले ट्यूब्स), श्यामस्वेत वा अन्य एकरंगी (मोनोक्रोम) | २०% |
| | ८५४०.६०.०० | - अन्य ऋणाग्र-किरण नलिकाहरु (क्याथोड-रे ट्यूब्स) | २०% |
| | | - सूक्ष्म तरंग नलिकाहरु (माइक्रोवेभ ट्यूब्स) (उदाहरणको लागि, म्याग्नेट्रोन्स, क्लिस्ट्रोन्स, सचल तरंग नलिकाहरु (ट्राभेलिङ्ग वेभ ट्यूब्स), कार्सिनोट्रोन्स),जालक-नियन्त्रित नलिकाहरु (ग्रिड-कण्ट्रोल्ड ट्यूब्स) वाहेक : | |
| | ८५४०.७१.०० | -- म्याग्नेट्रोन्स | २०% |
| | ८५४०.७२.०० | -- क्लिस्ट्रोन्स | २०% |
| | ८५४०.७९.०० | -- अन्य | २०% |
| | | - अन्य कपाट (भल्भ्स) हरु र नलिकाहरु (ट्यूब्स): | |
| | ८५४०.८१.०० | -- ग्राहक वा ध्वनि प्रवर्द्धक यन्त्रहरुका कपाट र नलिकाहरु (रिसिभर वा ऐम्प्लिफायर भल्भ्स र ट्यूब्स) | २०% |
| | ८५४०.८९.०० | -- अन्य | २०% |
| | | - अङ्गहरु (पार्टपुर्जा): | |
| | ८५४०.९१.०० | -- ऋणाग्र-किरण नलिकाहरु (क्याथोड-रे ट्यूब) को | २०% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | ८५४०.९९.०० | -- अन्य | २०% |

उपसंकेत ८५४२.१ देखि ८५४२.९०.०० को सट्टा देहायको उपशीर्षक र शब्दावली राखिएको:

| | | | |
|---|---|---|---|
| | | - एकाश्मीय अंकीय एकीकृत परिपथहरु (मोनोलिथिक डिजिटल इण्टिग्रेटेड् सर्किट्स) : | |
| | ८५४२.१२.०० | -- इलेक्ट्रोनिक एकीकृत परिपथ (इण्टिग्रेटेड् सर्किट्स) समाविष्ट पत्रहरु (कार्ड्स) (" स्मार्ट " कार्ड्स)। | २०% |
| | ८५४२.१३.०० | -- मेटल औक्साइड् सेमिकण्डक्टरहरु (एम ओ एस टेक्नोलोजी) | २०% |
| | ८५४२.१४.०० | --द्विध्रुवीय प्रविधि (बाइपोलर टेक्नोलोजी) द्वारा उपलब्ध परिपथहरु (सर्किट्स) | २०% |
| | ८५४२.१९.०० | -- अन्य, बाइपोलर र एम ओ एस प्रविधिहरु (टेक्नोलोजि) को संयोजन (कम्बिनेशन) (बी आय एम ओ एस टेक्नोलोजी) बाट प्राप्त परिपथहरु (सर्किट्स) समेत | २०% |
| | ८५४२.३०.०० | - अन्य एकाश्मीय एकीकृत परिपथहरु (मोनोलिथिक इण्टिग्रेटेड् सर्किट्स) | २०% |
| | ८५४२.४०.०० | - संकर एकीकृत परिपथहरु (हाइब्रिड् इण्टिग्रेटेड् सर्किट्स) | २०% |
| | ८५४२.५०.०० | - इलेक्ट्रोनिक माइक्रोएसेम्बलीज | २०% |
| | ८५४२.९०.०० | - अङ्गहरु (पार्टपुर्जा) | २०% |

उपसंकेत ८५४३.१०.०० को सट्टा देहायका उपशीर्षकहरु राखिएको:

| | | | |
|---|---|---|---|
| | | - अणु वा कण त्वरित्रहरु (पार्टिकल एक्सिलरेटर्स) : | |
| | ८५४३.११.०० | -- अर्ध-चालक (सेमिकण्डक्टर) पदार्थहरुलाइ प्रलेप (डोपिङ्ग) गर्न निमित्त आयन निरोपकहरु (इम्प्लाण्टर्स) | १०% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | ८५४३.१९.०० | -- अन्य | १०% |

उपसंकेत ८५४३.३०.०० पछि उपशीर्षक ८५४३.४० समावेश गरिएको:

| | | | |
|---|---|---|---|
| | ८५४३.४०.०० | - वैद्युतिक घेराका ऊर्जापूरकहरु (इलेक्ट्रिक फेन्स इनर्जाइजर) | ५% |

उपसंकेत ८५४३.८०.०० को सट्टा देहायका उपशीर्षकहरु राखिएको:

| | | | |
|---|---|---|---|
| | | -अन्य यन्त्रहरु र उपकरणहरु (मशिन्स र ऐपरेटस) : | |
| | ८५४३.८१.०० | -- सान्निध्य पत्रहरु र बिल्लाहरु (प्रोक्सिमिटी कार्ड्स र ट्यारस) | ५% |
| | ८५४३.८९.०० | -- अन्य | ५% |

संकेत ८५४८ को शव्दावलीको सट्टा देहायको शव्दावली र देहायका उपशीर्षक एवं शव्दावली राखिएको :

| | | | |
|---|---|---|---|
| ८५४८ | | प्राथमिक (प्राइमरी) सेलहरु, प्राथमिक (प्राइमरी) व्याट्रीहरु र वैद्युतिक संचायकहरु (एक्यूमुलेटर्स) का अवशेष र रद्दीहरु; प्रयुक्त (स्पेण्ट) प्राइमरी सेलहरु, प्रयुक्त प्राइमरी व्याट्रीहरु र प्रयुक्त (स्पेण्ट) वैद्युतिक संचायकहरु (एक्यूमुलेटर्स); यस भागमा अन्यत्र उल्लेख (स्पेसिफाइड) वा समावेश (इन्क्लुडेड) नभएका, यन्त्रावली (मशिनरी) वा उपकरण (ऐपरेटस)का वैद्युतिक अङ्‌गहरु (पार्ट्स) । | |
| | ८५४८.१०.०० | - प्राथमिक (प्राइमरी) सेलहरु, प्राथमिक (प्राइमरी) व्याट्रीहरु र वैद्युतिक संचायकहरु (एलेक्ट्रिक एक्यूमुलेटर्स) का अवशेष र रद्दीहरु; प्रयुक्त प्राइमरी सेलहरु, प्रयुक्त (स्पेण्ट) प्राइमरी व्याट्रीहरु र प्रयुक्त (स्पेण्ट) वैद्युतिक संचायकहरु (एक्यूमुलेटर्स) | २०% |
| | ८५४८.९०.०० | - अन्य | २०% |

२२३



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**आर्थिक ऐन २०५२ को अनुसूची १ को परिच्छेद १७ मा देहाय बमोजिम संशोधन गरिएको :**

**द्रष्टव्य ४ को शब्दावलीको सट्टा देहायको शब्दावली राखिएको:**

४ - यस परिच्छेदको प्रयोजनको लागि :

(क) सडक तथा लिक (रेल) दुवैमा हिंड्न (ट्राभेल गर्न) विशेष रुपले बनाइएका (कन्स्ट्रक्टेड) वाहनहरु (भेहिकल्स) लाई भाग ८७ को उपयुक्त शीर्षक अन्तरगत वर्गीकरण गरिनेछ ;

(ख) जल तथा स्थल दुवैमा हिंड्ने (एम्फिबियस) मोटर वाहनहरुलाई भाग ८७ को उपयुक्त (एप्रोप्रिएट) शीर्षक अन्तरगत वर्गीकरण गरिनेछ ;

(ग) सडक वाहन (रोड भेहिकल) को रुपमा पनि प्रयोग गर्न सकिनेगरी विशेष रुपले निर्माण गरिएको वायुयान (एयरक्राफ्ट) लाइ भाग ८८ को उपयुक्त शीर्षक अन्तरगत वर्गीकरण गरिनेछ ।

**आर्थिक ऐन. २०५२ को अनुसूची १ को भाग ८७ द्रष्टव्य २ मा देहायको नयां दोश्रो अनुच्छेद समावेश गरिएको:**

शीर्षक नं. ८७.०१ का ट्रयाक्टरहरुका साथ अन्तर्वदल (अदल वदल गर्न सकिने एण्टरचेन्जेबुल) साजसामान (इक्विपमेण्ट) कोरुपमा अभिकल्पित यन्त्रहरु (मशिन्स) तथा काम गर्नेओजारहरु (वर्किङ्ग टुल्स) ट्रयाक्टरका साथ प्रस्तुत हुन आए पनि, र सोमा जडान (माउण्टेड) भए वा नभए पनि तिनका आ-आफ्नै (रेस्पेक्टिभ) शीर्षकमा वर्गीकृत रहन्छन्।

| | | | |
|---|---|---|---|
| ८७.०४ | | वस्तु वा सामानहरु ढुवानीको प्रयोगका अन्य मोटर गाडीहरु । | |
| | | - अन्य, कंप्रेसन इग्निसन इन्टरनल कम्वसन पिष्टोन इन्जिन (डीजेल वा अर्ध डिजेल) भएका | |
| | | --वाहनको कूल तौल (जी.भी.डब्लु.) ५ टन ननाघेको : | |
| | ८७०४.२१.१० | --- मूलत सामानको ओसारपसार गर्ने ड्राइभर सहित २ जना देखि नो ५ जनासम्म मानिसको यातायातको लागि तयार समेत भएका पिक अप गाडी | ४०% |
| | ८७०४.२१.९० | --- अन्य | २०% |

280



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | | -- वाहनको कूल तौल (जी.भी.डब्लु.) ५ टन नाघेको : | |
| | ८७०४.२२.१० | -- मूलतः सामानको ओसारपसार गर्ने ड्राइभर सहित २ जना वा सो भन्दा बढी मानिसको यातायातको लागि तयार भएका पिक अप गाडी | ४०% |
| | ८७०४.२२.९० | -- अन्य | २०% |

आर्थिक ऐन, २०५२ को भाग ८७ को दरहरु पछिको द्रष्टव्यका व्यवस्थाहरु हटाई सोको सट्टा देहायको द्रष्टव्य राखिएको छ :

द्रष्टव्य

१. शीर्षक ८७०२ र ८७०३ अन्तरगत पर्ने निसान, मित्सुविसी, पोजेरो, टोयोटा ल्याण्डक्रुजर, रेन्जरोभर, मारुती सुजकी जस्ता समान प्रकारका १४ सिटसम्मका जीप, भ्यान, स्टेशनवागेन, कार जस्ता सवारी साधनहरु र शीर्षक नं. ८७०६ अन्तरगत पर्ने उल्लेखित सवारीका चेसिसहरु पैठारी हुंदा महल नं. ४ अनुसार लाग्ने भंसार महसुलको अलावा भंसार प्रयोजनका लागि कायम हुने मूल्यमा थप १० प्रतिशत भंसार महसुल लाग्नेछ ।

१.१ शीर्षक ८७०४ अन्तरगत पैठारी हुने ट्रक, मिनिबस, बस, लहरी र तिनका चेसिसमा ६ प्रतिशत र पिकअप गाडीहरु, मिनिबस एवं शीर्षक नं. ८७११ अन्तरगतका मोटरसाइकलको पैठारीमा महल नं. ४ अनुसार लाग्ने भंसार महसुलको अलावा थप ७ प्रतिशत भंसार महसुल लाग्नेछ ।

१.२ माथि दफा १ र १.१ अनुसार लाग्ने थप महसुलमा समेत अनुसूची १ को दफा ३, ४, ५ र ६ को छुट सुविधा प्रदान गरिनेछ ।

१.३ पुराना र प्रयोग भइसकेको उत्पादन वा दर्ता भएको ५ वर्ष भित्रका सवारी र ढुवानी साधनहरु पैठारी हुंदा दरवन्दी अनुसार र माथि दफा १ र १.१ अनुसार लाग्ने भंसार महसुल समेत हिसाव गरी हुन आउने कुल महसुलमा उत्पादन भएको दोश्रो वर्ष भए १० प्रतिशत तेश्रो, चोथो र पांचौ वर्ष भए २५ प्रतिशत पुन थप गरी महसुल असुल गरिनेछ ।

२. कार्नेट अन्तरगत पर्यटकहरुले ल्याएका व्यक्तिगत प्रयोगका यातायातका साधनहरु नेपाल अधिराज्यभित्र अस्थायी रुपमा प्रथम पटक प्रवेश गरेको मितिले प्रत्येक १२ महिना (एकवर्ष) को अवधिमा लगातार वा पटक पटक गरी जम्मा ६ महिनाको अवधिसम्म नेपाल अधिराज्यभित्र विना महसुल राख्न पाउनेछन् । यसरी ल्याइएका (पैठारी भएका) यातायातका साधनहरु ६ महिनाभित्र फिर्ता नलगेमा स्वत जफत हुनेछ । तर दुर्घटना ग्रस्त भई प्रहरी हिरासतमा रहेको भनी जिल्ला प्रहरी कार्यालयले सिफारिस गरेको वा मर्मत गर्न वर्कसपमा रहेको भन्ने रजिष्टर्ड वर्कसपको सिफारिस वमोजिमको अवधि भने भन्सारको कार्नेटमा तोकिदिएको अवधिमा गणना हुनेछैन । यसरी कार्नेट अन्तरगत पैठारी भएका सवारी साधनहरु २०४९।४।१ देखि दान दातव्य वा उपहार दिन वा विक्री गर्न पाउनेछैन ।

३. कार्नेट वाहेक अस्थायी तवरवाट पैठारी गरी ल्याएका मोटरकार, स्टेशन वाइगन, लेण्डरोभर, जीप, ट्रक, ट्याक्टर, लहरी, भ्यान र मोटर साइकल आदि साधनहरु र तिनका टेलर समेतमा निम्न लेखिए बमोजिम भन्सार महसुल लगाई असुल उपर गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क). अस्थायी पैठारी गरी ल्याएको ट्याक्टरमा दैनिक रु.५०। का दरले अस्थायी पैठारी महसुल असुल गरिनेछ तर टेलर फिट भएको ट्याक्टर वा टेलर मात्र अस्थायी पैठारी गरी ल्याएमा प्रति दिन रु.२००। का दरले अस्थायी पैठारी महसुल असुल गरिनेछ । तर मालवस्तु वोकी ल्याएका टेलर सहितको ट्याक्टर १२ घण्टाभित्र रित्तै फर्कि गएमा सो ट्याक्टरको अस्थायी पैठारी महसुल लिइनेछैन । यसरी पैठारी गरी ल्याएको ट्याक्टर वा टेलर वा टेलर सहितको ट्याक्टर तीन महिनाभन्दा बढी नेपाल अधिराज्यमा राख्न पाइने छैन ।

(ख) अस्थायी तवरवाट पैठारी गरिएका र कार्नेट नभएका सवारी साधनहरु एक आर्थिक वर्षमा दुइ पटकसम्मको लागि ७ दिनसम्म कुनै महसुल नतिरी नेपाल अधिराज्यभित्र राख्न पाइनेछ । त्यसपछि ३० दिनसम्मको दैनिक रु.१००।- र सो ३० दिन पछिको अरु ३० दिनको दैनिक रु.२००।- अस्थायी महसुल लाग्नेछ । तर मोटर साइकल तथा स्कुटरको हकमा पहिलो ३० दिनको दैनिक रु.२५।- र पछिल्लो ३० दिनको देनिक रु.५०।- महसुल लाग्नेछ । तीन पांग्रे सवारी साधनमा दैनिक रु.५०। महसुल लाग्नेछ र १५ दिनभन्दा बढी राख्न पाइने छैन ।

(ग) सामानहरुको परिवहनको लागि गाडीहरुलाई अस्थायी रुपमा ६ महिनासम्म पैठारी गर्न सकिन्छ । यस्तोमा अस्थायी पैठारी महसुल लिइनेछ । त्यस्तो अस्थायी पैठारी महसुल भेरी अंचल र सो भन्दा पूर्वका इलाकाहरुको लागि पैठारी भएकोमा प्रति दिनको रु.३००। का दरले र भेरी अंचल भन्दा पश्चिमको इलाकाको लागि पैठारी भएमा प्रति दिनको रु.२००। का दरले असूल गरिनेछ ।

(घ) अस्थायी पैठारी गरी ल्याएका सवारी र ढुवानीका साधनहरु अनिवार्य रुपमा फिर्ता लग्नु पर्नेछ । उपरोक्त (क), (ख) र (ग) मा उल्लेखित सवारी र ढुवानीका साधनहरु तोकिए बमोजिमको अवधिभन्दा बढी बसेको फेला परेमा वा नेपाल अधिराज्यभित्र झुठ्ठा विवरण दिई वसेको ठहरेमा जफत गर्न सकिनेछ । फिर्ता लैजाने क्रममा मनासिव कारण भएमा गाडीको मोल र त्यसमा लाग्ने महसुलमा नबढ्ने गरी दैनिक रु.५००। का दरले महसुल असुल गरी फिर्ता लैजान दिन सकिनेछ ।

(ङ) विदेशवाट माल लादी ल्याएको ट्रकलाई र रित्तो कन्टेनर लादी आएको टेलरलाई सो माल चाहिने ठाउंमा गिराउन निमित्त ७२ घण्टासम्म सो ट्रक वा टेलरको अस्थायी पैठारी महसुल लिइने छैन । तर, यस्तो ट्रकले भन्सारको क्षेत्रभित्र राखेको माल वाहेक अन्यत्र कतैवाट पुन माल लादी निकासी गरेमा, सो ट्रकको अस्थायी महसुल लिइनेछ । भन्सार एरियाभित्र राखिएको माल विदेशवाट आउने जुनसुकै लहरी ट्रकले पनि नेपालभित्र प्रवेश गरेको ७२ घण्टाभित्र माल लादी लगेमा त्यस्तो ट्रक लहरीलाई पनि अस्थायी महसुल लिइनेछैन ।

४. श्री ५ को सरकारबाट भन्सार सुविधा (कुटनैतिक सुविधा) वा महसूल सुविधा पाई वा श्री ५ को सरकारको निर्णयबाट १ प्रतिशत भन्सार महसुल लिने वा मसहुल छुट दिने निर्णय भई पैठारी भएका ढुवानी वा सवारीका साधनहरु उपयोग गरी विक्री गरेमा वा उपहार दिएमा वा आफैले उपयोग गरेमा दरवन्दी अनुसार र माथि उल्लेखित दफा १, ११ र १३ अनुसार

१४२



आधिकारिकता मुद्रण विभागवाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लाग्ने महसुलको ५० प्रतिशत मात्र लाग्नेछ र बिक्रीकर कर लाग्ने छैन । तर, भन्सार महसुल छुट वा सुविधा पाउने गरी उपयोग गरेको ५ वर्ष अवधि भुक्तान भईसकेको सवारी साधनलाई मात्र उक्त छुट दिइनेछ । सो सुविधा कुनै व्यक्तिको हकमा उपलब्ध गराउंदा निजको नेपाल अधिराज्यमा पदाधिकार रहेको अवधिभर एकपटक मात्र दिइनेछ ।

५. भाग ८७ को गाडी र तिनका चेसिस पैठारी भएकोमा जुन किसिमको साधनको चेसिस वा जुन किसिमको गाडी भनी महसुल बुझाएको छ सोही किसिमको साधन भनी सवारी दर्ता गर्नु पर्नेछ । अर्को किसिमको साधन भनी दर्ता गराउनु परेमा भन्सार कार्यालयले, महसुल नपुग हुने भए सो रकम असुल गरि स्वीकृति दिएको अवस्थामा मात्र यस्तो दर्ता गर्न सकिनेछ र उपरोक्तानुसार नभएको अवस्थामा भंसार ऐन नियम अनुसार कारवाही हुनेछ ।

६. यस भागको शीर्षक नं ८७०२ को प्रयोजनका लागि सीट संख्या गणना गर्नु पर्दा नियमित सीट बाहेक कण्डक्टर सीट एवं अन्य अतिरिक्त सीट तथा फोल्डीङ्ग सीट समेतलाइ गणना गरिनेछैन ।

७. विद्युत, ग्यांस वा ब्याट्रीवाट मात्र चल्ने तीन पाङ्ग्रे सवारी (सफा टेम्पो) को चेसिस वा चेसिस सहितको इन्जीन लगायतका पार्टपुर्जाको पैठारीमा १ प्रतिशतमात्र भंसार लाग्नेछ र बिक्रीकर लाग्नेछैन । टेम्पो देखि बाहेक अन्य सवारी तथा ढुवानी साधनको उत्पादन गर्ने उद्योगले उक्त सवारी साधनको उत्पादनमा मात्र प्रयोग हुने चेसिस सहितको इन्जीन, मोटर, एकुमुलेटर, ब्याट्री, ब्याट्री चार्जर आदि पार्टपुर्जाहरु पैठारी गरेमा ५ प्रतिशत मात्र भन्सार महसुल लाग्नेछ र बिक्रीकर लाग्ने छैन । साथै विद्युत ग्यांस तथा ब्याट्रीबाट मात्र (पेट्रोल वा डिजेलवाट वाहेक) चल्ने भाग ८७ का सवारी तथा ढुवानी साधनको पैठारीमा १० प्रतिशत मात्र भन्सार महसुल लाग्नेछ र बिक्रीकर लाग्ने छैन ।

८. यातायात व्यवस्था कार्यालयमा दर्ता भइसकेका डिजेल तथा पेट्रोलबाट चल्ने टेम्पोहरुलाई ब्याट्रीबाट संचालन गरी सफा टेम्पो बनाउने प्रयोजनका लागि सम्बन्धित टेम्पोधनीले पैठारी गर्ने यन्त्र तथा उपकरणमा यातायात व्यवस्था कार्यालयको सिफारिसमा १ प्रतिशत मात्र भंसार महसूल लाग्नेछ र बिक्रीकर लाग्नेछैन ।

<u>आर्थिक ऐन, २०५२ को अनुसूची १ को भाग ८८ मा देहायको नयां उपशीर्षक द्रष्टव्य थपिएको:</u>

उपशीर्षक द्रष्टव्य

१. - उपशीर्षकहरु नं. ८८०२.११ देखि ८८०२.४० को प्रयोजनको लागि, " निर्भार तौल " (सामान नहाल्दाको वा अनल्याडेन वेट) भन्ने उक्तिले सामान्य उडानको अवस्थामा (इन नोर्मल फ्लाइड० औडंर), कर्मीदल (क्रु) को तथा इंधन (फ्यूउल) र स्थायी रुपले जडान गरिएका उपकरणका वस्तुहरु बाहेकको उपकरणको तौललाइ अलग ( एक्सक्लूड) गर्दा हुन आउने (उडान) यन्त्रको तौललाई जनाउंछ । "

483



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आर्थिक ऐन, २०५२ को अनुसूची १ को संकेत ८८.०२ को शब्दावलीको सट्टा देहायको शीर्षक ८८.०२ राखिएको:

| | | | |
|---|---|---|---|
| ८८.०२ | | अन्य वायुयान (एयरक्राफ्ट) (उदाहरणको लागि, हेलिकोप्टरहरु हवाइ जहाज (एरोप्लेन) हरु);अन्तरिक्षयान (स्पेसक्राफ्ट) (उपग्रह (स्याटेलाइट) समेत) र ग्रहानुपथ (सवोर्विटल) र अन्तरिक्षयान (स्पेसक्र्याफ्ट) प्रक्षेपण वाहनहरु (लाउञ्च भेहिकल्स) । | |

आर्थिक ऐन, २०५२ को अनुसूची १ को उपसंकेत ८८०२.५०.०० को सट्टा देहायको उपशीर्षक राखिएको:

| | | | |
|---|---|---|---|
| | ८८०२.६०.०० | – अन्तरिक्षयान (उपग्रह(स्याटेलाइट) समेत) र ग्रहानुपथ (सवोर्विटल) तथा अन्तरिक्षयान प्रक्षेपण वाहनहरु (लाउञ्च भेहिकल्स) | १०% |

आर्थिक ऐन, २०५२ को अनुसूची १ को संकेत ८८.०४ को शब्दावलीको सट्टा देहायको शब्दावली राखिएको:

| | | | |
|---|---|---|---|
| ८८.०४ | ८८०४.००.०० | अवतरण छत्र वा हवाइ छतरीहरु (पारासुट्स) (नियन्त्रित गतिको (डिरिजिबुल) हवाइछतरी (पारासुट) तथा विसर्पी छतरीहरु (पाराग्लाइडर्स) समेत) र घूर्णनछतरीहरु (रोटोसुट्स); तिनका अङ्गहरु (पार्ट्स) तथा सहयोगी सामाग्रीहरु (ऐक्सेसरिज) | १०% |

आर्थिक ऐन, २०५२ को अनुसूची १ को भाग ९० मा देहाय वमोजिमको संशोधन र थप गरिएको :

द्रष्टव्य १(ज) को शब्दावलीमा " (शीर्षक नं. ८५.२२); " पछि देहायको नयां शब्दावली समावेश गरिएको:

"स्थिर आकृति (स्टिल इमेज)) का भिडियो क्यामराहरु रअन्य भिडियो क्यामरा अभिलेखन यन्त्रहरु (भिडियो क्यामरा रिकर्डर्स) (शीर्षक नं. ८५.२५);"

उपसंकेत ९००७.२, ९००७.२१.०० र ९००७.२९.०० को सट्टा देहायको उपशीर्षक र शब्दावली राखिएको:

| | | | |
|---|---|---|---|
| | ९००७.२०.०० | – प्रक्षेपकहरु (प्रोजेक्टर्स) | २०% |

२८६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

संकेत ९०.१० मा भएका ` प्रक्षेपणका लागि प्रयोग हुने उपकरण ` (ऐपरेटस फर द प्रोजेक्सन) शव्दहरुलाई हटाई सोको सट्टा ` प्रक्षेपण (प्रोजेक्सन) वा आरेखन(ड्इड्ग) का लागि प्रयोग हुने उपकरण (ऐपरेटस) ` भन्ने शव्दहरु राखिएको।

आर्थिक ऐन, २०५२ को अनुसूची १ को उपसंकेत ९०१०.२०.०० तथा ९०१०.३०.०० को सट्टा देहायका उपशीर्षक र शव्दावली राखिएको।

| | | | |
|---|---|---|---|
| | | – सुग्राहीकृत (सेन्सिटाइज्ड) अर्ध-चालक (सेमिकण्डक्टर) पदार्थ (म्याटेरियल) हरुमा परिपथीय ढांचा (सर्किट प्याटर्न) प्रक्षेपण वा आरेखन (ड्इड्०)गर्नका लागि प्रयोग हुनेउपकरण (ऐपरेटस) : | |
| | ९०१०.४१.०० | -- डाइरेक्ट राइट-औन - वेफर ऐपरेटस | २०% |
| | ९०१०.४२.०० | -- स्टेप एण्ड रिपिट एलाइनर्स | २०% |
| | ९०१०.४९.०० | -- अन्य | २०% |
| | ९०१०.५०.०० | – तस्वीर (छवि वा फोटोग्राफिक) (चलचित्र (सिनेमाटोग्राफिक) समेत) रम्बन्धी प्रयोगशालाहरु निमित्तका अन्य उपकरण तथा साजसामान (ऐपरेटस एण्ड इक्विपमेण्ट); नेगाटोस्कोपहरु | २०% |
| | ९०१०.६०.०० | – प्रक्षेपण पटहरु (प्रोजेक्सन स्क्रिन्स) | २०% |

आर्थिक ऐन, २०५२ को अनुसूची १ को उपसंकेत ९०१८.११.०० पछि देहाय अनुसार उपशीर्षक ९०१८.१२.००, ९०१८.१३.०० र ९०१८.१४.०० र शव्दावली राखिएको।

| | | | |
|---|---|---|---|
| | ९०१८.१२.०० | -- अल्ट्रासोनिक स्क्यानिङ्ग उपकरण | ५% |
| | ९०१८.१३.०० | -- चुम्वकीय अनुनाद बिम्बन उपकरण (म्याग्नेटिक रेजोन्यान्स इमेजिङ्ग ऐपरेटस) | ५% |
| | ९०१८.१४.०० | -- सिन्टिग्राफिक एपरेटस | ५% |

282



आधिकारिकता मुद्रण विभागवाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | | – सिरिन्ज, सूई, क्याथेटर, शल्य चिकित्साको नली (क्यानुले) र यस्तै: | |
| | ९०१८.३१.०० | –– सूई सहित वा रहित सिरिन्ज | २०% |

आर्थिक ऐन, २०५२ को अनुसूची १ को उपसंकेत ९०२२.११.०० को सट्टा देहायका ९०२२.१२.००, ९०२२.१३.०० र ९०२२.१४.०० र शब्दावली राखिएको:

| | | | |
|---|---|---|---|
| | | – उपचारात्मक, शल्यचिकित्सा, दन्त्य चिकित्सा वा पशुचिकित्सामा प्रयोग हुने वा नहुने एक्स-रे मा प्रयोग हुने उपकरणहरु, रेडीयोग्राफी वा रेडीयोथेरापी उपकरण समेत : | |
| | ९०२२.१२.०० | –– संगणित विकिरण चित्र उपरकण (कम्प्यूटेड् टोमोग्राफि ऐपरेटस) | ५% |
| | ९०२२.१३.०० | –– अन्य, दन्त्यचिकित्सात्मक प्रयोगका लागि | ५% |
| | ९०२२.१४.०० | ––अन्य, औषधोपचार, शल्यचिकित्सा वा पशुचिकित्सा सम्बन्धी प्रयोगको लागि | ५% |

आर्थिक ऐन, २०५२ को अनुसूची १ को उपसंकेत ९०२५.२०.०० लाइ हटाइएको र उपसंकेत ९०३०.८, ९०३०.८१.०० तथा ९०३०.८९.०० लाइ हटाई देहायका उपशीर्षक र शब्दावली राखिएको:

| | | | |
|---|---|---|---|
| | | – अन्य औजारहरु र उपकरणहरु (इन्स्ट्रुमेण्ट्स एण्ड ऐपरेटस): | |
| | ९०३०.८२.०० | –– अर्ध-चालक वेफर वा साधनहरु (डिभाइसेज) लाइ मापन (मिजरिङ्ग) वा जाँच वा नियन्त्रण (चेकिङ्ग) गर्न निमित्तका | ५% |
| | ९०३०.८३.०० | ––अन्य, अभिलेखन साधन (रिकर्डिङ्ग डिभाइस) युक्त | ५% |
| | ९०३०.८९.०० | –– अन्य | ५% |

आर्थिक ऐन, २०५२ को अनुसूची १ को उपसंकेत ९०३१.४०.०० को सट्टा देहायका उपशीर्षकहरु राखिएका



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | | – अन्य चाक्षुषीय (औप्टिकल) औजारहरु र उपकरणहरु (इन्स्ट्रुमेण्ट्स एण्ड अप्लाइन्सेज): | |
| | ९०३१.४१.०० | –– अर्धचालक (सेमिकण्डक्टर) वेफर वा साधनहरु (डिभाइसेज) निरीक्षण (इन्सपेक्टिङ्‌ग) को लागि वा अर्धचालक साधनहरुको उत्पादनमा प्रयोग हुने प्रकाशावरण (फोटोमास्क)हरु वा जालीहरु (रेटिकल्स)को निरीक्षण (इन्स्पेक्टिङ्‌ग) को लागि | ५% |
| | ९०३१.४९.०० | –– अन्य | ५% |
| ९०.३२ | | नियमित वा नियन्त्रण गर्ने स्वचालित औजारहरु र उपकरणहरु । | |
| | | – अन्य औजारहरु र उपकरणहरु : | |
| | ९०३२.८९.०० | –– अन्य | २०% |

आर्थिक ऐन, २०५२ को अनुसूची १ को भाग ९१ मा देहाय बमोजिम संशोधन र उपसंकेत ९१०१.१ को सट्टा देहायको उपशीर्षक र शब्दावली राखिएको:

| | | | |
|---|---|---|---|
| | | – स्टौप-वाच सुविधा समाविष्ट (इनकोरपोरेटिङ्‌ग) भए वा नभएको, विद्युत संचालित, नाडी घडीहरु : | |

उपसंकेत ९१०१.९१.०० को सट्टा देहायको उपशीर्षक ९१०१.९१.०० र शब्दावली राखिएको:

| | | | |
|---|---|---|---|
| | | – अन्य : | |
| | ९१०१.९१.०० | –– विद्युत संचालित (इलेक्ट्रिकली अपरेटेड) | २०% |

उपसंकेत ९१०२.१ को शब्दावलीको सट्टा देहायको उपशीर्षक शब्दावली राखिएको:

| | | | |
|---|---|---|---|
| | | – स्टौप वाच सुविधा समाविष्ट (इनकोरपोरेटिङ्‌ग) भए वा नभएको, विद्युत संचालित (इलेक्ट्रिकली अपरेटेड), नाडी घडीहरु (रिष्टवाचेज) : | |

280



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उपसंकेत ९१०२.९१.०० को सट्टा देहायको उपशीर्षक ९१०२.९१.०० र शब्दावली राखिएको:

| | | | |
|---|---|---|---|
| | | - अन्य : | |
| | ९१०२.९१.०० | -- विद्युतद्धारा संचालित | २०% |

उपसंकेत ९१०३.१०.०० को सट्टा देहायको उपशीर्षक ९१०३.१०.०० र शब्दावली राखिएको:

| | | | |
|---|---|---|---|
| | ९१०३.१०.०० | - विद्युतद्धारा संचालित (इलेक्ट्रिकली ओपरेटेड) | २०% |

उपसंकेत ९१०५.११.०० को सट्टा देहायको उप शर्षिक ९१०५.११.०० र शब्दावली राखिएको:

| | | | |
|---|---|---|---|
| | ९१०५.११.०० | -- विद्युतद्धारा संचालित | २०% |

उपसंकेत ९१०५.२१.०० को सट्टा देहायको उपशीर्षक ९१०५.२१.०० र शब्दावली राखिएको:

| | | | |
|---|---|---|---|
| | ९१०५.२१.००. | -- विद्युतद्धारा संचालित | २०% |

उपसंकेत ९१०५.९१.०० को सट्टा देहायको उपशीर्षक ९१०५.९१.०० र शब्दावली राखिएको:

| | | | |
|---|---|---|---|
| | ९१०५.९१.०० | --विद्युतद्धारा संचालित | २०% |

उपसंकेत ९१०८.१ को शब्दावलीको सट्टा देहायको उपशीर्षक शब्दावली राखिएको:

| | | | |
|---|---|---|---|
| | | - विद्युतद्धारा संचालित : | |

१८८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उपसंकेत ९१०९१ को शव्दावलीको सट्टा देहायको उपशीर्षक शव्दावली राखिएको:

| | | | |
|---|---|---|---|
| | | – विद्युतद्धारा संचालित : | |

आर्थिक ऐन, २०५२ को अनुसूची १ को भाग ९५ को द्रष्टव्य १(ठ) को शव्दावलीको सट्टा देहायको शव्दावली राखिएको:

(ठ) तरल वस्तु निमित्तका पम्पहरु (शीर्षक नं. ८४.१३), तरल वा ग्यासहरुको निमित्त निस्यंदक (फिल्टरिङ्ग) वा शुद्ध गर्ने (प्यूरिफाइङ्ग) यन्त्रावली र उपकरण (एपरेटस) (शीर्षक नं. ८४.२१), वैद्युतिक चालकहरु (इलेक्ट्रिक मोटर्स) (शीर्षक नं. ८५.०१), विद्युत ट्रान्सफोर्मरहरु (शीर्षक नं. ८५.०४) वा रेडियो दूर नियामक (रिमोट कण्ट्रोल) उपकरण (शीर्षक नं. ८५.२६);

आर्थिक ऐन, २०५२ को अनुसूची १ को उपसंकेत ९६१४.१०.०० लाइ हटाइएको र भाग ९७ को द्रष्टव्य ३ को वाक्यांशको सट्टा देहायको वाक्य राखिएको:

३ - पुंजित रुपमा वा विशाल रुपमा उत्पादन गरिएको (मास-प्रोड्युस्ड) पुनरुत्पादनहरु (रिप्रोडक्सन्स) वा व्यापारिक चरित्र (कमर्सियल क्यारक्टर) को परम्परागत (कन्भेन्सनल) शिल्पकौशल (क्राफ्टम्यानसिप) का कृतिहरु (वर्क्स), त्यस्ता वस्तुहरु कलाकारद्धारा नै अभिकल्पना गरेको (डिजाइण्ड) वा रचना गरेको (क्रिएटेड) भए पनि शीर्षक नं. ९७.०३ तिनको हकमा लागू हुंदैन ।

आर्थिक ऐन, २०५२ को अनुसूची १ को " पैठारी महसूल सम्वन्धी अन्य व्यवस्था " को सट्टा देहायको व्यवस्था राखिएको छ.

पैठारी महसूल सम्वन्धी अन्य व्यवस्था :

१. नेपाल अधिराज्यभित्र पैठारी हुने माल सामानको भन्सार प्रयोजनको लागि मूल्य कायम गर्दा नेपाल अधिराज्यको भन्सारसम्म पर्न आएको ढुवानी र बीमा खर्च समेत जोडी (सि.आई.एफ.) मूल्य कायम गरिनेछ । यस्तो मूल्यांकन सामान्यत विदेशी मुद्रामा गरिनेछ ।

२. हवाई मार्गवाट पैठारी हुने मालवस्तुहरुको ढुवानी खर्च निर्धारण गर्दा स्थलमार्गबाट नेपाल अधिराज्यका सीमानास्थित भन्सार कार्यालयहरुमा मालसामान पैठारी गर्दा लाग्ने ढुवानी खर्च सरह खर्च जोडी भन्सार महसूल लिइनेछ ।

३. भारतबाट डि.आर.पी. (ड्यूटी रिफण्डेबल प्रोसेडुयर) प्रकृयाद्धारा पैठारी हुने मालवस्तुमा अनुसूची १ बमोजिम पैठारी भन्सार महसूल लाग्नेछ । यसरी डि.आर.पी. अन्तरगत पैठारी हुने मालसामानको भन्सार प्रयोजनको लागि मूल्य कायम गरिदा भारत सरकारबाट फिर्ता हुने शुल्क र करको रकम समावेश नगरी कारखाना वा डिपो मूल्यमा ढुवानी र वीमा वापतको रकम जोडिने छ । यसरी कायम हुने मूल्यमा लाग्ने भन्सार दर अनुसार महसूल हिसाव गरी त्यसमा भारत सरकारले फिर्ता गर्ने रकम कटाई बांकी रकम मात्र असूल गरिनेछ । डि.आर.पी. अन्तरगत

४८१



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भारतीय अन्तशुल्क लागि पैठारी भएका मालसामानको नेपाल अधिराज्यको सीमानासम्मको ढुवानी वापतको रकम छुट्टै स्पष्ट रुपमा इन्भ्वाइसमै उल्लेख भएर आएमा र विमाको हकमा नेपाल वा भारतका वीमा कम्पनीमा वीमा गरी तिरेको वीमा प्रिमियम वापतको विलविजक समेत पेश भई आएको अवस्थामा सोही भाडा र वीमाको रकमलाइ मान्यता दिइनेछ ।

४. महसूल सुविधा वा भन्सार सुविधामा पैठारी भएका वा एक प्रतिशत मात्र महसूल लिने गरी पैठारी भएको वा पछि फिर्ता गरिने शर्तमा, लगतमा वा अस्थायी पैठारी भएका माल वा वस्तु नेपाल अधिराज्यभित्र कसैलाइ उपहार दिएमा वा विक्री गरेमा वा पैठारी गर्नेले आफ्नै प्रयोजनको लागि राख्ने भएमा त्यस्तो माल वा वस्तुको पैठारी हुंदाको अवस्थामा कायम भएको मूल्यमा ढुवानी वा सवारी साधन (लोकोमोटिभ समेत) भएमा वार्षिक १० प्रतिशत र अन्य मालवस्तु भएमा ५ प्रतिशत को दरबाट अधिकतम ५ वर्षसम्मको लागि ह्रासकट्टी गरी बाँकी मूल्यमा नियमानुसार लाग्ने महसूल लिइनेछ । यसरी मूल्य कायम गर्दा पनि सामान्यत पैठारी गर्दा कायम गरेको विदेशी मुद्रालाई नै आधार मानी विदेशी मुद्रामा नै मूल्य कायम गरी महसूल निर्धारण गरिनेछ ।

५. भन्सार महसूल बुझाउनु पर्ने मालवस्तुको मूल्यांकन विदेशी मुद्रामा भएकोमा सोको नेपाली रुपैयामा परिवर्तन गर्दा राष्ट्र वैंकबाट तोकिएको विनिमय दरलाई परिवर्तन दर कायम गरिनेछ ।

६. कुनै खास कार्य वा प्रयोजनको लागि अस्थायी तवरबाट पछि फिर्ता लैजाने शर्तमा, लगतमा पैठारी भएका सवारी साधन, यन्त्र औजार लगायत अन्य माल वस्तुहरु उक्त कार्य समाप्त भएपछि नेपालभित्र कसैलाई उपहार दिइ वा विक्री गरी वा आफैले प्रयोग गर्ने गरी महसूल बुझाई सकेको अवस्थामा बाहेक ३ महिनाभित्र फिर्ता लगि सक्नु पर्नेछ । उचित तथा मनासिव कारण भई श्री ५ को सरकारले थप म्याद दिएकोमा बाहेक १० प्रतिशत का दरबाट थप महसूल लिने गरी अरु ३ महिनासम्म राख्न सकिने छ । म्यादभित्र महसूल नबुझाएमा वा फिर्ता नलगेमा केशको औचित्यता हेरी चोरी पैठारी सरह कारवाही गर्न सकिनेछ ।

७. उत्पादन वा दर्ता भएको ५ वर्षभन्दा पुरानो सवारी वा ढुवानी साधनहरु (कृषि कार्यमा प्रयोग हुने ट्याक्टर, एम्बुलेन्स, दमकल बाहेक) पैठारी गर्न पाइने छैन । तर तेश्रो मुलुकमा कम्तीमा १ वर्ष बसी कुनै व्यवसाय (सेवा, अध्ययन तथा तालीम समेत) र भारतमा कुटनैतिक नियोगमा कार्य गरेर फर्केका नेपाली नागरिकहरुले आफैले प्रयोग गरेका निजी सवारी साधन ल्याएमा वा कुटनैतिक सुविधा पाउने व्यक्ति वा निकायले पैठारी गरेकोमा यो बन्देज लागू हुने छैन ।

८. उद्योगले आफ्नो उत्पादन प्रचलित वैंकिङ्ग प्रणाली अनुसार प्रतीतपत्रको माध्यमद्वारा निकासी गर्ने भएमा निकासी गर्ने परिमाण जतिको मालवस्तु उत्पादन गर्न आवश्यक कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ प्रतीतपत्र खोली पैठारी गर्दा लाग्ने दरबन्दी बराबरको बैंक ग्यारेण्टी लिई सोको आधारमा तोकिएको रित पुर्‍याई लगतमा राखी पैठारी गर्न दिन सकिनेछ । आयातकर्ताले सम्बन्धित निकायबाट प्रमाणित कच्चा पदार्थ वा सहायक कच्चा पदार्थको उपयोग खपतको अनुपात विदेशमा निकासी गर्ने सम्झौता वा अर्डर डकुमेण्ट र विदेशी पैठारी कर्ताले वैंकिङ्ग प्रक्रिया पूरागरी खोलेको कम्फर्म प्रतीतपत्र वा अन्य प्रामाणिक वैंकिङ्ग कागजात पेश गरेपछि मात्र उल्लिखित सुविधा प्रदान गर्न सकिनेछ । साथै, उद्योगहरुले आफ्नो उत्पादन स्वदेशमै महसुल सुविधा वा आंशिक, छुट पाएको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आयोजना वा यस्तो सुविधा प्राप्त निकायलाई परिवर्त्य विदेशी मुद्रामा विक्री गर्ने सम्झौता भएको अवस्थामा दर र परिमाण समेत खुलेको सो सम्झौता वा अर्डर डकुमेण्ट र खपतको अनुपात सहित आवेदन गरेको अवस्थामा पनि उल्लिखित सुविधा प्रदान गर्न सकिने छ । यस्तो कच्चा वा सहायक कच्चा पदार्थ उपयोग गरी तयार भएको मालवस्तु निकासी गरी विदेशी मुद्रा आर्जन गरेको र स्वदेशमै विक्री गरेको हकमा परिवर्त्य विदेशी मुद्रामा तोकिएको अवधिभित्र विक्री भएको प्रमाण पेश गरेपछि मात्र वैंक ग्यारेण्टी फुकुवा गरिनेछ । यसरी पैठारी गरेको कच्चा पदार्थवाट ६ महिनाभित्र तयारी वस्तु बनाई निकासी नगरेमा वा परिवर्त्य विदेशी मुद्रामा स्वदेशमै विक्री नगरेमा सोमा पैठारी गर्दाको दिनमा लाग्ने भंसार महसुल तथा विक्रीकरका साथै लाग्ने भंसार महसुलमा थप ५० प्रतिशत जोडी असुल उपर गरिनेछ । पैठारी कच्चा पदार्थ आंशिक रुपमा मात्र प्रयोग भएमा प्रयोग नभएजति कच्चा पदार्थको मात्र भंसार महसुल तथा विक्रीकर लिइनेछ । यसरी महसुल तथा विक्रीकर अनुल गर्दा वैंक ग्यारेण्टीवाट नपुग भएमा पैठारीकर्तावाट असुल उपर गरिनेछ ।

८.१ नेपालको अन्य राष्ट्रहरुसंग भएका द्विपक्षीय तथा वहुपक्षीय सम्झौता वा सन्धी प्रतिकूल नहुने गरी श्री ५ को सरकारले तोकेको प्रकृया वमोजिम एक मुलुकवाट आयातित मालवस्तुहरु पुन अर्को मुलुकमा ३ महिनाभित्र निर्यात गर्ने गरी पैठारी गरेमा केशको औचित्यता हेरी उक्त मालवस्तुमा दरवन्दी अनुसार लाग्ने भंसार तथा विक्रीकर रकम धरौटीमा राखी पैठारी गर्न दिन सकिनेछ । यस्ता वस्तुहरु निकासी गर्दा पैठारी गर्दाको अवस्थामा भुक्तानी गरेको विदेशी मुद्रामा नघट्ने गरी आर्जन गरेको प्रमाण र निकासी भएको प्रमाण पेश गरेपछि धरौटी रहेको रकमवाट धरौटी रहेको पैठारी महसुलको १० प्रतिशत मात्र कटाई वांकी धरौटी रकम फिर्ता हुनेछ ।

९ पैठारी भएको मालवस्तुको भन्सार महसुल निर्धारण गर्दा कुन मालवस्तु भन्सार दरवन्दीको कुन शीर्षक नम्बरमा पर्दछ भन्ने दुविधा परी भन्सार ऐन, (संशोधन सहित) २०१९ को दफा ४४क बमोजिम भन्सार महानिर्देशकले शीर्षक नम्बर तोक्दा, अन्तर्राष्ट्रिय कन्भेन्सनको आधारमा गर्नुपर्नेछ । यसको लागि नेपाल समेत सदस्य रहेको विश्व भंसार संगठनको औपचारिक अंग्रेजी प्रतिलाई मुख्य आधार मानिनेछ ।

१०. <u>विविध</u> :

(क) १. विक्रेतामा दर्ता भएका पुनप्रशोधन गर्ने उद्योगहरुले पैठारी गरेको भाग ७२ मा पर्ने पीग आइरन, फलामको स्क्र्याप (पत्रु) र अवशेषको पैठारीमा लाग्ने भन्सार महसूलमा ५० प्रतिशत छुट हुनेछ ।

२. विक्रेतामा दर्ता भएका फलाम सम्वन्धी उद्योगहरुले पैठारी गर्ने शीर्षक नम्वर ७२१४.९९१०. मा उल्लेखित पुर्नवेलनयोग्य छड, डण्डी र लाप्सामा लाग्ने महसुलमा ४० प्रतिशत छुट हुनेछ ।

३. धागो प्रयोग गरी उत्पादन गर्ने विक्रेतामा दर्ता भएका उद्योगहरुले पैठारी गरेको कृत्रिम रेशाको धागोमा लाग्ने भन्सार महसुलमा ५० प्रतिशत छुट हुनेछ । साथै विक्रेतामा दर्ता भएका धागो उद्योगहरुले पैठारी गरेका भाग ५५ मा पर्ने पोलिष्टर र भिस्कोस स्टेपुल फाइबर्समा समेत ८० प्रतिशत छुट हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. उद्योग, होटल, लगायत अन्य पर्यटन व्यवसाय, वित्तीय तथा शिक्षण संस्था, स्वीकृत प्राप्त अस्पताल तथा उपचार केन्द्रहरुले १० कि.वा. वा सो भन्दा बढी क्षमताको डिजेल जेनेरेटर पैठारी गरेमा १ प्रतिशत मात्र भन्सार महसूल लाग्नेछ र बिक्रीकर लाग्ने छैन ।

५. हवाइजहाज, हेलिकोप्टर र त्यसको पार्टपूर्जामा १ प्रतिशत मात्र भन्सार महसूल लाग्नेछ र बिक्रीकर पूर्ण रुपले छुट हुनेछ ।

६. भन्सार महसूल दरबन्दीको भाग ३० मा पर्ने बाम (तरल वा मलमको रुपमा भएको) एवं शीर्षक नं. ३००३.९०.२० र ३००४.९०.२० का उत्पादनहरु बाहेकको औषधीको पैठारीमा लाग्ने महसूलमा न्यूनतम १ प्रतिशत महसूल लाग्ने गरी ८० प्रतिशत छुट हुनेछ ।

७. भन्सार महसूल दरबन्दीको भाग ८४ अन्तर्गत ५ प्रतिशतसम्म महसूल लाग्ने औद्योगिक मेशिनहरुमा न्यूनतम १ प्रतिशत महसूल लाग्ने गरी ८० प्रतिशत भन्सार महसूल र बिक्रीकर पूर्णरुपमा छुट हुनेछ । यस्ता मेशिनहरु सि.के.डी र एस. के.डी. अवस्थामा पैठारी हुंदा उल्लिखित सुविधा प्रदान गर्न द्विविधा भएमा दरबन्दी अनुसार लाग्ने महसूलको बैंक ग्यारेण्टी लिई जांचपास गर्न सकिनेछ र औद्योगिक स्थलमा मेशिन सम्पूर्ण रुपमा जडान भइसकेपछि तोकिएको समितिबाट निरीक्षण भइ मेशिन ठहरिने जति सामानमा १ प्रतिशत भंसार महसूल लिई बांकी बैंक ग्यारेण्टी फुकुवा गरिनेछ ।

८. उद्योगहरुले औद्योगिक प्रयोजनका लागि भाग ८४ अन्तरगत पर्ने २ टन भन्दा बढी वजनको एयर क्रेण्डीशनर यूनिट र सोका पार्टपुर्जा पैठारी गरेमा न्यूनतम १० प्रतिशत भन्सार महसुल लाग्नेछ र बिक्रीकर लाग्नेछैन ।

९. भन्सार दरबन्दीकोको शीर्षक नं. २३०९ अन्तरगत पर्ने जीवजन्तुको आहाराको रुपमा प्रयोग हुने फिड सप्लीमेण्टको पैठारीमा न्यूनतम १ प्रतिशत भन्सार महसुल लाग्ने गरी ८० प्रतिशत छुट हुनेछ र बिक्रीकर लाग्ने छैन ।

(ख) भन्सार ऐनको दफा १३(क) बमोजिम कारवाही गर्दा सोही दफाको उपदफा १ को खण्ड (ख), (ग) अनुसार लाग्ने थप महसूल र उपदफा २ अनुसारको इजाजत दस्तुर समेत छुट हुनेछ ।

(ग) श्री ५ को सरकारको सम्बन्धित निकायबाट प्रमाणित गरी सुविधा दिनु पर्ने सिफारिस भएमा देहाय बमोजिमको पैठारीमा लाग्ने भन्सार महसूल तथा बिक्रीकर पूर्ण रुपले छूट हुनेछ

१. पर्यटन उद्योगको प्रचार तथा प्रवर्द्धनको लागि नेपाल अधिराज्य बाहिरबाट छपाई ल्याएको स्तरीय प्रचार सामग्री,

२. वैकल्पिक उर्जाका श्रोत सम्बन्धी सामानहरु



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

क) वैकल्पिक उर्जाको श्रोत जस्तै हावाबाट विद्युत उत्पादन गर्ने हावा मिल र तिनका एसोसरिज र पार्टपूर्जा,

ख) सौर्य शक्तिबाट विद्युत उत्पादन गर्ने उपकरण र तिनका पार्टपूर्जा,

ग) गोवर ग्यास लगायत वायोग्यासका लागि आवश्यक पर्ने उपकरण जस्तै मेन ग्यास भल्भ, गोवरग्यास वत्ती, ग्यास टेप (वास) गोवरग्यास चुल्हो र तिनका पार्टपूर्जा, रिडक्सन इल्वो र रवर होज पाइप,

घ) गोवरबाट विद्युत उत्पादन गर्ने ब्याट्री वनाउने उद्योगले आयात गर्ने कच्चा पदार्थ (उद्योगको वार्षिक क्षमता र स्वीकृत स्कीममा तोकिएको परिमाणसम्म) सो ब्याट्री वनाउन आवश्यक कच्चा पदार्थहरु भनी उद्योग विभाग वा घरेलु उद्योग विभागबाट सिफारिस भई आएका कच्चा पदार्थहरु,

३. ट्रलीबस सेवा संचालन तथा विस्तारको लागि पैठारी गरिने यन्त्र, उपकरण, ट्रलीबस तथा त्यसका पार्टपुर्जाहरु,

४. अधिराज्यभरीका सरकारी अस्पताल तथा स्वास्थ्य चौकीलाई उपलब्ध गराउन श्री ५ को सरकार स्वास्थ्य मन्त्रालय स्वास्थ्य सेवा विभागको नाममा पैठारी हुने भाग ३० का औषधिहरु र स्वीकृत प्राप्त तथा स्तरीय अस्पताल हो भनी प्रमाणीत अस्पताल संचालनको लागि आवश्यक पर्ने भाग ९० का मेडिकल एण्ड सर्जिकल यन्त्र उपकरण तथा औजारहरु, भाग ३७ को एक्सरे फिल्म र सोको केमिकलहरु, शीर्षक नम्वर ३८२१ र शीर्षक नम्वर ३८२२ का कल्चर मिडिया र प्रयोगशालाका प्रतिकारकहरु, शीर्षक नम्वर ७०१७ का कांचका सामान, शीर्षक नम्वर ८४१९.२०.०० का औषधीय शल्य चिकित्सा सम्बन्धी वा प्रयोगशाला सम्बन्धी सामानहरु,

५. कृषिजन्य उत्पादन, फलफूल, माछा आदि सुरक्षित गर्न निर्माण गरिने शित भण्डारको लागि आवश्यक पर्ने यन्त्र तथा उपकरणहरु,

६. औषधि व्यवस्था विभागले तोकेका परिमाणसम्म औषधि उद्योगले पैठारी गर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ तथा रासायनिक पदार्थ,

७. बालीनालीको लागि मात्र प्रयोग हुने किटनाशक औषधि र त्यसको कच्चा पदार्थ ।

(घ) श्री ५ को सरकारको सम्वन्धित निकायबाट प्रमाणीत गरी सुविधा दिनु पर्ने भनी सिफारिस भएमा देहाय बमोजिमको पैठारीमा लाग्ने महसूलमा निम्नानुसार आंशिक छूट हुनेछ र बिक्रीकर लाग्ने छैन :

२४३



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. स्वदेशी प्रेस (मुद्रण) उद्योगले आफ्नो उद्योगको प्रयोगको लागि दफा १०(क)७ ले दिएको सुविधाको अलावा मेशिनरी पार्टपुर्जा तथा उपकरण छाप्ने टाईप ब्लक, प्लेट, शीट, ग्राफिक आर्ट फिल्म, ९००६ अन्तरगतका भर्टिकल क्यामरा, केमिकलहरु एवं मसी पैठारी गरेमा लाग्ने भन्सार महसुलमा ५० प्रतिशत छुट हुनेछ ।

२. ट्राभल एजेन्सीले आफ्नो प्रयोगको लागि टेलेक्स मेशिन एक, टेलिफ्याक्स मेशिन एक, फोटोकपी मेशिन एक, प्रिन्टर सहितको कम्प्यूटर एक पहिलो पटक पैठारी गर्दा ५ (पांच) प्रतिशत मात्र भन्सार महसूल लाग्नेछ ।

३. ट्रेक्रिङ्ग एजेन्सीले आफ्नो प्रयोजनको लागि टेलेक्स मेशिन एक, टेलिफ्याक्स मेशिन एक, फोटोकपी मेशिन एक, प्रिन्टर सहितको कम्प्यूटर एक र स्लिपिङ्ग ब्याग २५ थान पहिलो पटक पैठारी गर्दा ५ प्रतिशत मात्र भन्सार महसूल लाग्नेछ ।

४. जलयात्राको व्यवसाय गर्ने राफ्टिङ्ग एजेन्सीले आफ्नो व्यवसाय संचालनको लागि टेलेक्स मेशिन १, टेलिफ्याक्स मेशिन १, फोटोकपी मेशिन १, प्रिन्टर सहितको कम्प्युटर १, रबरको डुङ्गा १० थान, हेलमेट १०० थान, लाइफ भेष्ट १०० थान, प्याडल १०० जोर र वाटर प्रुफ क्यामरा कण्टेनर १० थान पहिलो पटक पैठारी गर्दा भन्सार महसूल ५ प्रतिशत मात्र लाग्नेछ ।

५. नेपाल अधिराज्यमा खिचिएको सिनेमा सम्बन्धी फिल्म धुन वा प्रिन्ट गर्न वा डेभलप गर्न विदेशमा लगि पुन पैठारी गरेमा सो वापत लागेको मूल्यको १० प्रतिशत मात्र भन्सार महसूल लाग्नेछ ।

६. संचार मन्त्रालयको सिफारिसमा नेपाल अधिराज्यभित्रबाट नियमित प्रकाशित हुने पत्र-पत्रिकाको नाममा पैठारी हुने फ्याक्स मेशिन थान-१, कम्प्यूटर थान-१ र प्रिन्टर वा लेजर प्रिन्टर थान-१ मा ५ प्रतिशत मात्र भन्सार महसूल लाग्नेछ र बिक्रीकर लाग्ने छैन । एक पटक यस्तो सुविधा लिए पछि पांच वर्षसम्म यिनै सामानमा अर्को छुट दिइने छैन ।

७. अडियो भिडियो टेप उत्पादन गर्ने उद्योगहरुले शीर्षक नं. ८५२३ मा पर्ने प्यान केकको रुपमा पैठारी गर्ने म्याग्नेटिक टेप, उपकरण र पार्टपुर्जामा ५० प्रतिशत छुट हुनेछ ।

ङ) सम्बन्धित गाउं विकास समिति वा नगरपालीकाले कृषि कार्यको लागि प्रयोग गर्ने हो भनी सिफारिस गरेमा, कृषकहरुले पैठारी गरेको २ हर्ष पावर भन्दा बढी शक्तिको पम्पीङ्ग सेट एक, पशुको चारा काट्ने मेशिन एक, धान तथा गहुं चुट्ने र निफन्ने थ्रेसर तथा पंखी एक, एक थानमा लाग्ने भंसार महसुल तथा बिक्रीकर पूर्ण रुपले छुट हुनेछ । साथै उल्लेखित निकायको सिफारिसमा कृषकहरुले

१५८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पैठारी गरेको कृषि कार्यमा प्रयोग हुने एक थान ट्र्याक्टरमा लाग्ने महसुलमा ५० प्रतिशत छुट हुनेछ र बिक्रीकर लाग्ने छैन ।

(च) सार्वजनिक यातायातका व्यवसाय गर्ने उद्देश्यले दर्ता भएका पब्लिक लिमिटेड कम्पनी वा सहकारी संस्थाले पैठारी गर्ने ट्याक्सी (कार तथा भेन) माइक्रोबस र मिनिबसमा लाग्ने कूल महसूलमा ५० प्रतिशत छुट दिइनेछ र बिक्रीकर लाग्नेछैन । तर यसरी पैठारी हुने सवारी साधनहरु (क) पैठारी भएको १० वर्षसम्म निजी सवारीको रुपमा दर्ता गर्न वा नामसारी गर्न पाइनेछैन (ख) सवारी साधनहरुमा वाहिरपट्टि त्यस्ता कम्पनी वा सहकारी संस्थाको नाम लेखिएको हुनुपर्नेछ । (ग) ट्याक्सीको हकमा मिटर जडान गरेको हुनु पर्नेछ र ट्याक्सीमा दर्ता गर्न सकिने किसिमको हुनु पर्नेछ । (घ) ट्याक्सीको रुपमा पैठारी हुने उल्लिखित कार तथा भेनमा उल्लिखित छुट लिनको लागि काठमाण्डौ उपत्यका वाहिर दर्ता भएको कम्पनी वा संस्था हुनुपर्ने छ र काठमाण्डौ उपत्यका बाहिर मात्र संचालन गर्नुपर्नेछ ।

(छ) स्थायी स्वीकृत प्राप्त ट्राभल एजेन्सीहरु, ट्रेकिङ्ग एजेन्सीहरु राफ्टिङ्ग एजेन्सीहरु र तारे एवं रिसोर्ट होटलहरुले पर्यटन मन्त्रालयको सिफारिसमा पैठारी गरेको लग्जरी कोच, माइक्रोबस, मिनिबसमध्ये जम्मा दुई (२) थानमा माथि उल्लिखित उपदफा (च) को शर्तको अधिनमा रही उपरोक्त छुट दिइनेछ र ट्राभल एजेन्सी, राफ्टिङ्ग एजेन्सी एवं ट्रेकिङ्ग एजेन्सीले उपरोक्त साधनको सट्टामा जिप समेत आयात गर्न चाहेमा सो समेतमा उक्त सुविधा दिईने छ ।

(ज) नन्-डिस्पर्सिव इन्फ्रारेड (एन.डी.आई.आर) (कार्वन मोनोअक्साइडर हाइड्रोकार्वन), ग्यांस एनालाइजर ( पेट्रोल सवारीको प्रदूषण नाप्न प्रयोग हुने), स्मोक लिटर (डिजेल सवारीको प्रदूषण नाप्न प्रयोग हुने), डिजेल फ्यूल पम्प, टेष्ट बेन्च र डिजेल इन्जेक्सन नोजल टेष्ट बेन्चमा ५ प्रतिशत मात्र भन्सार महसूल लाग्नेछ र बिक्रीकर लाग्ने छैन ।

(झ) तयारी पोशाक निर्यात गर्ने उद्योगहरुले पैठारी गर्ने भ्याकुम आइरनिङ टेवुल र स्टीम आयरनमा १ प्रतिशत मात्र भंसार महसूल लाग्नेछ र बिक्रीकर लाग्नेछैन ।

(ञ) भाग ३२ का सिन्दुर, भाग ३९ र ७० मा पर्ने चूरा, टीका र टिकुलीमा भन्सार पूर्ण रुपमा माफी गरिएको छ ।

(ट) भाग ४८ मा पर्ने अण्डा राख्ने क्रेटमा भन्सार पूर्ण रुपमा माफी गरिएको छ ।

(ठ) डिष्टीलरी उद्योगहरुले आफ्नो उत्पादनमा कच्चा पदार्थको रुपमा प्रयोग गर्ने भन्सार दरवन्दीको शीर्षक नम्बर २२०८ अन्तरगत पर्ने माल्ट, व्हिस्की, रम, जीन, भोड्का आदि कच्चा पदार्थको रुपमा ड्रम, कन्टेनर तथा व्यारेलमा पैठारी गरेमा बिक्रीकर तथा अन्तशुल्क विभागको सिफारिसमा समिकारक महसुल छुट हुनेछ ।

222



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ड) नेपाल अधिराज्यभित्र उत्पादन भएको वा तयार भएको मालवस्तुहरु भन्सार कार्यालयवाट निकासीको प्रक्रिया पूरा भइसकेपछि वा विदेशमा पुगिसकेपछि सम्वन्धित पार्टीले लिन अस्वीकार गरी पुन पैठारी गरी ल्याएको अवस्थामा भन्सार ऐनको दफा १० बमोजिम लाग्ने भंसार तथा विक्रीकर पूर्ण रुपमा छुट दिन सकिनेछ ।

(ढ) जूट उद्योगहरुले पैठारी गर्ने भाग ५३ को कच्चा जूटमा लाग्ने भन्सार महसुल तथा विक्रीकर छुट हुनेछ ।

(ण) निकासीमूलक उद्योगहरुले दफा ८ बमोजिम कच्चा पदार्थ तथा सहायक कच्चा पदार्थ पैठारी गर्दा सोमा लाग्ने महसुल तथा विक्रीकर वापत दरवन्दी अनुसार लाग्ने रकममा नबढ्ने गरी श्री ५ को सरकारले तोकेको दरमा निश्चित रकमसम्मको बैंक ग्यारेण्टीवाट पैठारी गर्न दिन सकिनेछ ।

(त) शीर्षक ३९१५ अन्तरगतका प्लाष्टिकका अवशेष र रद्दी एवं शीर्षक नं. ६३०९ र ६३१० अन्तरगतका पुराना लुगा फाटा एवं झुत्रा धराहरुको पैठारीमा अनुसूची १ को महल नं.४ को दरको अलावा २० प्रतिशत थप महसुल लाग्नेछ ।

(थ) इमरजेन्सी लाइट, व्याग, सुटकेश, सबै प्रकारका कम्प्रेसर, छाता, रेफ्रिजरेटर सबै प्रकारका खेलौना र तिनका पार्टपुर्जा, सबै प्रकारका टेलिफोन सेट, सबै प्रकारका वाद्ययन्त्र र तिनका पार्टपुर्जा, जूसर, मिक्चर, टोष्टर, टेपरिकर्ड, क्यासेट प्लेयर, रेकर्ड प्लेयर, टून इन वन र थ्रि इन वन, प्लाइउड र सनमाइका, जर्दा खैनीको पैठारीमा महल नं.४ को दरको अलावा थप ६ प्रतिशत भंसार महसूल लाग्नेछ ।

(द) जीप फाष्नर, भिडीयो डेक, रंगीन टेलिभिजन, भिडियो तथा अडियो क्यासेट टेप, एयर कण्डिसन, वासिङ० मेशिन, भाग ३३ का श्रृगारका सामान र परफ्यूम आदि, वाल कभरिङ०, लिनोलियम संगमर्मरका टुक्रा र धूलो, मार्वल चिप्स र स्लेव, वल वियरिङ०हरु, भ्याकुम क्लिनर, फ्लोर पोलिसर्स, भाग ९४ का गद्दा र मेट्रेस (फोम स्पन्ज), कफी, कोको मिश्रित चकलेट, हल्का पेयय पदार्थ, लुब्रिकेन्टस् (मोबिल) सबै प्रकारका रंगरोगन, डिष्टेम्पर, प्राइमर र वाइनको पैठारीमा महल नं. ४ अनुसार लाग्ने भंसारको अलावा ७ प्रतिशत थप भंसार महसूल लाग्नेछ ।

(ध) चूरोट, विडी, पाइप टोबाको, हात हतियार र खरखजाना, वियर र सबै प्रकारका मदिराको पैठारीमा महल नं. ४ अनुसार लाग्ने भंसारको अलावा १० प्रतिशत थप भंसार महसूल लाग्न्छे ।

(न) गुण्टा झिटी भारी आदेश अन्तरगत पैठारी हुने मालवस्तुहरु दफा (थ) र (द) मा उल्लेखित सामान पैठारी भएको अवस्थामा ती सामानहरुमा समेत समदरको अलावा उपरोक्तानुसारको थप महसूल लाग्नेछ ।

(प) अनुसूची १ को दफा ३, ४, ५ र ६ अन्तरगतको छुट सुविधा माथि दफा (थ) (द) र (ध) द्वारा लगाइएको थप महसूलमा समेत दिइएको छ ।

(फ) सरकारी तथा गैह्र सरकारी सेवामुखी संघ संस्थाले एम्वुलेन्स पैठारी गरेमा १ प्रतिशत महसुल लाग्नेछ र विक्रीकर पूर्ण रुपमा छुट हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खण्ड ४४ मिति २०५१।१०।९ अतिरिक्ताङ्क ४७(क) नेपाल राजपत्र भाग ३ मा प्रकाशित श्री ५ को सरकार, अर्थ मन्त्रालयको सूचना खारेज गरिएको छ ।

खण्ड ४४ मिति २०५१।९।२१ अतिरिक्ताङ्क ४१(क) नेपाल राजपत्र भाग ३ मा प्रकाशित श्री ५ को सरकार, अर्थ मन्त्रालयको सूचना खारेज गरिएको छ ।

खण्ड ४५ मिति २०५२।११।१६ अतिरिक्ताङ्क ४८ नेपाल राजपत्र भाग ३ मा प्रकाशित श्री ५ को सरकार अर्थ मन्त्रालयको सूचना खारेज गरिएको छ ।

माथि उल्लिखित संशोधन र थपहरु वाहेकका ` पैठारी महसूल सम्बन्धी अन्य व्यवस्थाहरु ` आर्थिक ऐन, २०५२ मा उल्लेख भए बमोजिम नै लागू हुनेछन् ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची २
अन्तशुल्क दरवन्दी
आ. व. २०५३।५४

(१) अन्त:शुल्कको दर :

| क्र. सं. | हर्मोनाईज्ड वर्गीकरण भाग | अन्त:शुल्क सकेत नं. | वस्तुको विवरण | इकाई | अन्त:शुल्क दर |
|---|---|---|---|---|---|
| १ | १७ | १७०० | चिनी मिल तथा खाडसारी मिलवाट उत्पादित खुदो मोलासेस | प्रति क्विण्टल | रु. १०। |
| २ | २१ | २१०० | कत्था, चुना मिश्रण भएको निकोटिनयुक्त वा निकोटिनरहित पान मसलाहरु र यस्तै अन्य पदार्थहरु | मोल प्रतिशत | १० प्र.श. |
| ३ | २२ | २२०१ | फलफूलवाट बनाइने वाइन, शेरी, स्याम्पेन | प्रति लिटर | रु. १०। |
| | | २२०२ | साइडर | प्रति लिटर | रु. ५। |
| | | २२०३ | वीयर : | | |
| | | | (क) अल्कोहलको मात्रा ५ प्रतिशत भन्दा घटी | प्रति लिटर | रु. २४। |
| | | | (ख) अल्कोहलको मात्रा ५ देखि ६ प्रतिशत सम्म | प्रति लिटर | रु. २६। |
| | | | (ग) अल्कोहलको मात्रा ६ प्रतिशत भन्दा वढी ७ प्रतिशत सम्म | प्रति लिटर | रु. २८। |
| | | २२०४ | मेथिलेटेड स्पिरिट, डिनेचर्ड स्पिरिट | प्रति लिटर | रु. १५। |
| | | २२०५ | इथायल अल्कोहल (औषधि व्यवस्था विभागले तोकेको औषधि उत्पादन प्रयोजनको लागि) | प्रति लिटर | रु. १५। |
| | | २२०६ | रेक्टीफाईड स्पिरिट, साइलेण्ट स्पिरिट (ENA) | | |
| | | | (क) अन्त:शुल्क लाग्ने वस्तु उत्पादन गर्ने कच्चा मालको रुपमा प्रयोग हुनेमा | प्रति लिटर | रु. १५। |
| | | | (ख) अन्य प्रयोजनको लागि प्रयोग हुनेमा | प्रति लिटर | रु. १५। |
| | | २२०७ | मदिरा | | |
| | | | (क) २५ र ३० यू.पी. शक्तिको वोतलवन्दी | प्रति एल.पी.लिटर | रु. २०५। |
| | | | (ख) ४० यू.पी. शक्तिको वोतलवन्दी | प्रति एल.पी.लिटर | रु. ९०। |
| | | | (ग) ५५ यू.पी. शक्तिको पौचवन्दी | प्रति एल.पी.लिटर | रु. ४५। |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | |
|---|---|---|---|---|---|
| | | | (घ) ६५ यू.पी. शक्तिको पौचवन्दी | प्रति एल.पी.लिटर | रु. ३०। |
| ४ | २४ | २४०१ | चुरोट (सूर्तीबाट तयार भएको सबै प्रकारका चुरोट, सिगार समेत ) | | |
| | | | (क) फिल्टर नभएको | | |
| | | | (१) ६९ एम.एम. सम्मको लम्बाईमा | प्रति एम | रु. ५६। |
| | | | (२) ७० एम.एम. र सोभन्दा माथिको लम्बाईमा | प्रति एम | रु. १०६। |
| | | | (ख) फिल्टर भएको | | |
| | | | (१) ६९ एम.एम. सम्मको लम्बाईमा | प्रति एम | रु. १६०। |
| | | | (२) ७० देखि ७४ एम.एम. सम्मको लम्बाईमा | प्रति एम | रु. २७९। |
| | | | (३) ७६ देखि ८२ एम.एम. सम्मको लम्बाईमा | प्रति एम | रु. ३२१। |
| | | | (४) ८४ एम.एम. र सोभन्दा बढीको लम्बाईमा | प्रति एम | रु. ४२०। |
| | | २४०२ | सूर्तीबाट तयार भएको सबै प्रकारको जर्दा, खैनी र प्याकिङ गरिएको सूर्ति समेत | मोल प्रतिशत | ३५ प्र.श. |
| ५ | ८५ | ८५०१ | टेलिभिजन | | |
| | | | (क) साधारण (श्याम स्वेत) | मोल प्रतिशत | १० प्र.श. |
| | | | (ख) रंगीन | मोल प्रतिशत | १५ प्र.श. |
| | | ८५०२ | भिडियो डेक | मोल प्रतिशत | १५ प्र.श. |

(२) आन्तरिक उत्पादन हुने ईंटा, टायलमा निम्नानुसारको दरमा अन्त: शुल्क लगाई असूल उपर गरिनेछ :

क) विद्युत शक्तिको प्रयोग गरी मेशीनबाट बनाईएको ईंटा, टायलमा प्रतिगोटा ( १/२ +१/२ गरि एउटा हुने भएमा समेत ) रु. ०।१० (दश पैसा) को दरले,

ख) विद्युत शक्तिको प्रयोग नगरी बनाईएको ईंटा, टायलमा समदरको आधारमा पहिलो एक चिम्नीको वार्षिक (एक सिजन) रु. ७५ हजार र त्यस पछिको प्रत्येक थप चिम्नीको वार्षिक रु. २५ हजार अन्त:शुल्क लाग्नेछ ।

उपत्यका बाहिरका सुनसरी, मोरंग, पर्सा, बारा, रुपन्देही र बाँकेका नगरपालिका क्षेत्रमा स्थापित ईंटा, टायल उद्योगमा माथि खण्ड (ख) अनुसार लाग्ने अन्त:शुल्कमा ३० प्रतिशत र अन्य जिल्लाहरुमा ४० प्रतिशत छुट दिइनेछ । नगरपालिका क्षेत्रभन्दा बाहिर (काठमाण्डौ उपत्यका बाहेक) स्थापित भएका इंटा टायल उद्योगहरुलाई उपर्युक्त छुटमा थप १० प्रतिशत छुट दिइनेछ ।

सम्बन्धित विभागमा दर्ता नगरी बेरीतपूर्वक संचालित इंटा टायल उद्योगलाई प्रभावी अन्त:शुल्कमा १० प्रतिशत थप गरिनेछ । भट्टावाल इंटा टायल उद्योगले अन्त:शुल्कको आधा रकम पौष मसान्त ( अनुज्ञापत्र दर्ता अघि भए सोही बेला ) र बांकी चैत्र मसान्तभित्र बुझाउनु पर्नेछ । तोकिएको समयमा शुल्क नबुझाउने इंटा टायल उद्योगलाई प्रतिदिन ०.१ प्रतिशतका दरले विलम्ब दस्तुर लगाई असुली गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. अन्त:शुल्क ऐन तथा नियममा जे सुकै कुरा लेखिएको भएतापनि विडी उद्योगहरुले बिक्रीकर तथा अन्त:शुल्क विभागबाट उपलव्ध गराईएको व्याण्डरोल प्रति हजार विडीको लागि रु. २८ ( छपाई शुल्क वाहेक ) तिरी स्थानीय कार्यालयबाट खरीद गर्नुपर्ने छ । सोही व्याण्डरोल प्रयोग गरी बिडी उत्पादन एवं बिक्री गर्नुपर्नेछ । यसरी एक पटक व्याण्डरोल खरीद गरी लगिसकेपछि उत्पादकले प्रत्येक महिनामा व्याण्डरोल प्रयोग गरेको मास्केवारी मात्र बुझाए पुग्नेछ । वैण्डरोल खरीद गर्दा वैण्डरोल जती वापत २ प्रतिशत मिन्हा दिईने छ ।

४. स्वीकृति प्राप्त कर मुक्त पसल (वण्डेड वेयर हाउस वा ड्यूटी फ्रि सप) मा बिक्री हुने स्वदेशी उत्पादनहरुमा विभागको पूर्व स्वीकृति भएमा लाग्ने अन्त:शुल्क र बिक्रीकर पूरै छुट दिइनेछ ।

५. मदिरा उद्योगहरुले पेटेण्ट स्टिल प्लाण्टवाट चुलाई गरेर वा पेटेण्ट स्टिल प्लाण्टवाट उत्पादित स्पिरिटको मिश्रण (Blending) बाट मात्र मदिरा उत्पादन गर्नु पर्नेछ । यसरी मदिरा उत्पादनमा प्रयोग भएको स्पिरिटमा लागेको अन्त:शुल्क तैयारी मदिरा निकासी गर्दा तिर्नुपर्ने अन्त:शुल्कमा कट्टा गर्न पाइनेछ ।

६. आर्थिक वर्ष २०५२।५३ भित्र उत्पादन भई निकासी हुन बांकी रहेका विभिन्न यू.पी. शक्तिका मदिराहरु निकासी गर्नु परेमा साविक दरवन्दी भन्दा अन्त:शुल्क राजश्व नघटने गरी यस दरवन्दीको निकटतम सवभन्दा वढी दरवाट निकासी लिन सकिनेछ ।

७. औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा १५ को खण्ड (छ:) अथवा साविकको औद्योगिक व्यवसाय ऐन २०३८ वमोजिम त्यस्तै प्रकारका सुविधा उपभोग गरी त्यस्तो सुविधाको निरन्तरता प्राप्त गरीरहेका फलफूलमा आधारित मदिरा उद्योगले नियमित राजश्वको दायरा भित्र नआएसम्म २५ र ३० यू.पी. शक्तिको मात्र मदिरा उत्पादन गर्न पाउनेछन् । साथै त्यस्ता उद्योगले आफ्नो उत्पादन जिल्ला वाहिर बिक्री वितरण गर्नु पर्दा सो वस्तुमा लाग्ने राजश्व धरौटी राखेर मात्र निकासी गर्न पाउनेछन् ।

८. खांडसारी मिल तथा चिनी मिलहरुवाट उत्पादन हुने खुदो (Molasses) को बिक्री व्यवस्था स्वयम् निष्काशन प्रणाली अन्तर्गतको रजिष्टर संचालन गरी निकासी पूर्व लाग्ने अन्त:शुल्क बुझाई उद्योग स्वयम्ले खुल्ला रुपमा गर्न सक्नेछ । साथै कूल उखु क्रसिंडको चिनी मिल तर्फ न्यूनतम ४ प्रतिशत र खांडसारी मिल तर्फ न्यूनतम ५ प्रतिशत खुदोको प्रतिलब्धि दर कायम गरिएकोछ ।

९. इजाजत दस्तुर

९.१ मदिरा

९.१.१ <u>उत्पादन तर्फ</u> :

मदिरा, वीयर र स्पिरिट उद्योगको लागि : रु. २५०००।

९.१.२ <u>बिक्री वितरण तर्फ</u>

९.१.२.१. स्वदेशी तथा विदेशी मदिरा वोतल खोली बिक्री वितरण गर्ने ठूला होटलका लागि ताराको अनुपातमा निम्नानुसार ईजाजत दस्तुर लाग्नेछ ।

| | |
|---|---|
| (क) पांच तारेको लागि | रु. २५,०००।- |
| (ख) चार तारेको लागि | रु. २०,०००।- |
| (ग) तीन तारेको लागि | रु. १५,०००।- |
| (घ) दुई तारेको लागि | रु. १०,०००।- |
| (ङ) एक तारेको लागि | रु. ५,०००।- |

९६०



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| ९.१.२.२. | स्वदेशी तथा विदेशी मदिरा वोतल खोली बिक्री वितरण गर्ने पर्यटक स्तरको रेष्टुर्‍यान्टका लागि | रु. ३,०००।- |
| ९.१.२.३. | स्वदेशी मदिरा वोतल खोली बिक्री वितरण गर्ने साधारण होटल, रेष्टुर्‍यान्ट र बार तथा लजहरुको लागि | रु. १,०००।- |
| ९.१.२.४. | स्वदेशी मदिरा वोतल नखोली बिक्री गर्ने पसलको लागि | रु. २,०००।- |
| ९.१.२.५. | विदेशी मदिरा वोतल नखोली बिक्री वितरण गर्ने पसलको लागि | रु. ५०००।- |
| ९.१.२.६. | विदेशी मदिरा तथा चुरोट आयात गर्नेका लागि | रु. ५०००।- |
| ९.१.२.७. | रेक्टीफाईड स्पिरिट खरिद गर्नेका लागि | रु. २०००।- |
| ९.१.२.८. | स्वदेशी मदिरा निकासीको लागि | रु. २०००।- |
| ९.१.२.९. | डिपार्टमेन्टल स्टोरको लागि | रु. ५,०००।- |

नोट:

- उपरोक्तानुसार बिक्री वितरण वापत ईजाजत दस्तुर नगरपालिका क्षेत्रभित्र लागू हुनेछ ।
- नगरपालिका क्षेत्रदेखि बाहिर काठमाण्डौ उपत्यकाका गाउं विकास क्षेत्रमा यो दस्तुरमा १० (दश) प्रतिशत र अन्य गाउं विकास क्षेत्रमा यो दस्तुरमा २५ (पच्चीस) प्रतिशत कम गरिनेछ ।
- त्यस्तै पहाडी एवं हिमाली क्षेत्रमा सो दस्तुरमा ५० (पचास) प्रतिशत कम हुनेछ ।
- एक इकाईले एकभन्दा बढी किसिसको मदिरा खरिद बिक्री गर्ने भएमा सबभन्दा बढी एक दस्तुर मात्र बुझाए पुग्नेछ ।
- अनुज्ञापत्रको किसिम अनुसार तिर्नु पर्ने दस्तुरलाई ३.३ ले गुणन गरी ५ वर्षको लागि एकै पटक अनुज्ञापत्र प्राप्त गर्न सकिने छ । यसरी अनुज्ञापत्र लिनेले वर्षै पिच्छे अनुज्ञापत्र नवीकरण गराउनु पर्ने छैन ।
- मदिराको बिक्री व्यवस्थालाई उत्पादन व्यवस्थासंग आवद्ध गरी एकीकृत गरिएको हुंदा हालसम्म भइ रहेको बिक्री व्यवस्था खारेज गरिएको छ ।
- नयां व्यवस्था वमोजिमको इजाजत २०५३ श्रावण मसान्तसम्म लिनु पर्नेछ । सोपछि नियमानुसारको जरिवाना लाग्नेछ । साविकमा निषेधित क्षेत्र घोषित भैरहेका स्थानमा स्थानीय निकायको सिफारिसमा मात्र अनुज्ञापत्र दिईनेछ ।

९.२ **औद्योगिक उत्पादन**

९.२.१ अन्तःशुल्क लाग्ने पदार्थ उत्पादन गर्ने ईजाजत प्रदान गर्दा मदिरा, वीयर र स्पिरिट वाहेक अन्य उद्योगको स्थिर पूंजीको आधारमा उत्पादन ईजाजत दस्तुर लाग्नेछ । जस अनुसार प्रत्येक रु. एक लाख स्थिर पूंजी भएको उद्योगलाई रु. ३०।- (तीस) का दरले उत्पादन ईजाजत दस्तुर लाग्नेछ । न्यूनतम ईजाजत दस्तुर रु. एक हजारभन्दा कम हुने छैन ।

९.२.२ त्यस्तै अन्तःशुल्क लाग्ने पदार्थ थोक खरिद बिक्री गर्नेका हकमा रु. १०००।- (एक हजार) र खुद्रा बिक्री गर्नेका हकमा रु. २००।- (दुई सय) ईजाजत दस्तुर लाग्नेछ । विदेशी चुरोटको व्यापार गर्न विभागले तोके बमोजिमको विवरण पनि पेश गर्नु पर्नेछ ।

८६१



आधिकारिकता मुद्रण विभागवाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. अन्तःशुल्कको साविकको वक्यौता रकमलाई प्रति दिन ०.१ प्रतिशतका दरले विलम्ब दस्तुर सहित वक्यौता मितिदेखि गणना गरी असुली गरिनेछ ।

द्रष्टव्य

१. अन्तःशुल्क लाग्ने पदार्थको आकार वा मूल्य परिवर्तन विभागको पूर्व स्वीकृति वेगर गर्न पाइने छैन । निर्दिष्ट दर (Specific Rate) लागेका उत्पादनहरुको कारखाना मूल्य स्वीकृत गराउनु पर्ने छैन ।

२. चुरोटको लम्बाईमा +/-१ मिलिमिटरसम्म मात्रको फरकलाई विभागको पूर्व स्वीकृति लिई आर्थिक वर्षको प्रथम महिनाभित्र समायोजन गर्न पाइनेछ । त्यसपछि जुनसुकै वखत आकस्मिक छानवीन हुँदा स्वीकृति अनुसारको उत्पादन भएको नपाईएमा दरवन्दी बमोजिम अन्तःशुल्क लगाई जरीवाना सहित असुली गरिनेछ ।

३. उत्पादकले कुनै नया ब्राण्ड उत्पादन गर्नु अघि अन्तःशुल्क, विक्रीकर, धूमपान तथा मदिरा दस्तुर, र मदिरा नियन्त्रण सेवा दस्तुर चुक्ता गरेको प्रमाण पेश गर्नु पर्नेछ । त्यस्तै नयां ब्राण्ड उत्पादन गर्नुअघि विभागको स्वीकृति प्राप्त गर्नु पर्नेछ ।

४. हार्मोनाइज्ड वर्गीकरण भाग २१, २२ (संकेत नम्वर २२०४, २२०५, २२०६ वाहेक), २४ र ८५ अन्तर्गत पर्ने सबै प्रकारका वस्तुहरुको उत्पादन प्रक्रिया समाप्त भएपछि Batch नम्वर र सिलसिलेवार नम्वर उल्लेख भएको लेवल प्रत्येक गोटा वा थानमा टांस गरी गोदाममा पठाउनु पर्नेछ । साथै ब्याच नम्वर पेटीमा समेत उल्लेख गर्नु पर्नेछ ।

५. सबै प्रकारका चुरोट, वीयर र मदिरा उद्योगले सिलसिलेवार नम्वर सहितको अन्तःशुल्क टिकट विभागले तोकेको प्रक्रिया अनुसार टांस गरी सामानको निकासी गर्नु पर्नेछ ।

६. यस दरवन्दीमा छुट्टै व्यवस्था गरिएको वस्तु वाहेक अन्य अन्तःशुल्क लाग्ने वस्तुको निकासी माग गर्नु पूर्व निकासी माग गरे बराबरको सामानको लाग्ने अन्तःशुल्क (धूमपान तथा मदिरा दस्तुर, अन्तःशुल्क टिकट बापतको शुल्क, मदिरा नियन्त्रण सेवा दस्तुर लाग्ने भएमा सो समेत) दाखिला गरी विभागले तोकिदिएको फर्मेटमा सामान निकासीको लागि निवेदन दिनु पर्नेछ । सामान निकासीको लागि राजश्व दाखिला गरे बराबरको मात्र अन्तःशुल्क टिकट सम्बन्धित कार्यालयले उपलब्ध गराउनेछ । तर कसैले लाग्ने अन्तःशुल्क (धूमपान तथा मदिरा दस्तुर, अन्तःशुल्क टिकट बापतको शुल्क, मदिरा नियन्त्रण सेवा दस्तुर लाग्ने भएमा सो समेत) मा प्रति दिन ०.१ प्रतिशतको शुल्क समेत बुझाउने गरी कूल बुझाउनु पर्ने रकमको बैंक ग्यारेन्टी कार्यालयमा पेश गरेमा बढीमा ३० दिनसम्म म्याद दिन सकिने छ ।

७. मदिरा र वीयर उत्पादकले आ.व. को शुरुमा आफ्नो उत्पादनको अल्कोहलको मात्रा र गुणस्तर स्वीकृत प्रयोगशालाबाट परीक्षण गराई कार्यालयमा पेश गरी निकासी गर्नुपर्नेछ । विभागको इजाजत लिई कार्यालयले जुनसुकै वखत यसरी निष्काशित उत्पादनहरुको अल्कोहलको मात्रा र गुणस्तरको परीक्षण गराउन सक्नेछ । अल्कोहलको मात्रा मदिरा तर्फ ०.५ प्रतिशत र वीयर तर्फ ०.१ प्रतिशतभन्दा बढी एवं गुणस्तर उल्लेखनीय रुपबाट फरक पारेको पाइएमा कार्यालयले विस्तृत छानवीन गरी राजश्व चुहावट भएको जति विगो रकममा २५ प्रतिशत थप गरी असुल गर्नेछ ।

८. सबै प्रकारको अन्तःशुल्क लाग्ने वस्तुको उत्पादन, प्याकिंग, अन्तःशुल्क टिकट, राजश्व असुली प्रक्रिया र विक्री सम्बन्धी शर्त र व्यवस्थाहरु विभागले तोके बमोजिम हुनेछ ।

९. अवैध रुपमा आयात वा उत्पादन गरी बिक्री वितरण हुने मदिरा तथा चुरोटलाई नियन्त्रण गर्न एउटा कार्यटोली गठन गरिएको छ । यसमा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी संयोजक, सम्बन्धित जिल्ला प्रहरी कार्यालयको प्रमुख, सम्बन्धित बिक्रीकर तथा अन्तःशुल्क कार्यालयको प्रमुख (सो नभएको ठाउंमा बिक्रीकर तथा अन्तःशुल्क सम्बन्धी अख्तियारी प्राप्त कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रमुख) तथा मदिरा बिक्री वितरण महासंघ नेपालको स्थानीय प्रतिनिधि सदस्य हुनेछन् । यस कार्यटोलीको कार्य

५६३



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रक्रिया श्री ५ को सरकारले तोके बमोजिम हुनेछ ।

१०. चुरोट, मदिरा र वीयर वाहेक अन्य अन्तःशुल्क लाग्ने उत्पादनहरु उद्योगीको अनुरोधमा स्वयं निष्काशन प्रणाली अनुसार निष्काशन गर्न दिइनेछ ।

११. स्वीकृत कर मुक्त पसल (Bonded ware house र Duty free shop) मा स्वदेशी उत्पादकले सिलसिलेवार नम्बर सहितको DUTY FREE लेखिएको स्टिकर टिकट वा लेवुल प्रत्येक वोतल, क्यान वा बट्टामा लगाइ निकासी गर्नु पर्नेछ । साथै पैठारी गरी ल्याइएको बिक्री गर्ने वस्तुमा पनि आर्थिक वर्ष शुरु भएको तीन महिनाभित्र DUTY FREE लेखिएको लेबल टांस गरी बिक्री गर्ने व्यवस्था मिलाउनु पर्नेछ । खरिद-बिक्रीको विवरण विभागले तोकिदिए बमोजिमको रजिष्टरमा कर मुक्त पसल संचालन गर्ने संस्थाले राख्नु पर्नेछ । विभागले प्रत्येक दुई महीनामा त्यस्तो आम्दानी खर्चको रजिष्टर प्रमाणित गर्नेछ ।

१२. निम्नकोटी मदिराको ठेक्का प्रथाबाट आ.व. ०५२।५३ सम्म उत्पादन भएको सम्पूर्ण खुल्ला मदिरा आ.व. ०५३।५४ को शुरु देखि नै बिक्री गर्न पूर्ण प्रतिवन्ध लगाइएको छ । तर ठेक्का अवधि भित्रै सोही क्षेत्रका पसल, होटलमा नियम बमोजिम पुगेको वैण्डरोल लागेको मदिरा मात्र अनुज्ञापत्र प्राप्त बिक्रेतासंग मौज्दात लिई बेमनासिब देखिएमा सो थन्काई राखेको स्थल समेत निरीक्षण गरी सो को लगत कार्यालय प्रमुखले लिई सोही जिल्ला भित्र बिक्री गर्न अनुमति दिइनेछ ।

१४. मदिरा निषेधित क्षेत्र तोक्ने हालको व्यवस्था खारेज गरिएको छ ।

२६३



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची ३
बिक्रीकर दरबन्दी
आ.व. २०५३।०५४

१. बिक्रीकरको दर तथा व्यवस्थाहरु :

१.१ नेपाल अधिराज्यभित्र विदेशबाट पैठारी भई आउने तथा नेपाल अधिराज्यभित्र उत्पादन हुने मालवस्तुमा १५ प्रतिशतका दरले बिक्रीकर लगाई असुल उपर गरिने छ ।

१.१.१ भंसार महसुल दरवन्दीमा माफी भएको मालवस्तुमा बिक्रीकर लाग्ने छैन ।

१.२ नेपाल अधिराज्य भित्र देहाय बमोजिमका सेवाहरुमा १५ प्रतिशतका दरले बिक्रीकर लगाईने छ ।

(क) स्वदेशमा कार्यरत बिमा कम्पनीहरुले निर्जीवन वीमा वापत उठाउने वीमाको प्रिमियममा,

(ख) अखवार, टी.भि., रेडियो र सिनेमा हलहरुमा गरिने विज्ञापन रकममा,

(ग) विदेशी कम्पनीको अधिकृत प्रतिनिधि, डिलर, थोक बिक्रेता, एजेन्ट, आदि भई वा सोको प्रयोजनार्थ सवारी साधनको मर्मत केन्द्र संचालन गरेकाहरु तथा आधुनिक संयन्त्रयुक्त अटो वर्कसपले सवारी धनीसंग मर्मत संभार वापत असुल गरेको ज्याला रकममा,

(घ) कलर ल्याबहरुले डेभलपिंङ., प्रिन्टिंङ. र इनलार्जिङ. वापत ग्राहरुकहरुसंग असुल गर्ने रकममा डेभलपिंङ. पेपर र केमिकल वाहेकको बांकी मूल्यमा,

(ङ.) नेपाल अधिराज्यमा कारोवार गर्ने स्वदेशी तथा विदेशी कुरियर (एक्सप्रेस डेलिभरी) व्यवसायीहरु वा निजको प्रतिनिधिले सेवा वापत प्राप्त गर्ने रकममा ।

(च) टेलिफोन तथा तत् सम्बन्धी सेवामा ।

(छ) भारत वाहेक तेश्रो मुलुकमा जान आउने खरीद गरीने हवाई टिकटको भुक्तानी रकममा ।

१.३ यसै दरवन्दीको दफा ४.१ मा तोकिएका औद्योगिक कच्चा पदार्थहरुको लागि बिक्रेतामा दर्ता गरी पैठारी गर्नुपर्नेमा सो नगरी पैठारी गरेमा लाग्ने बिक्रीमूल्यमा ३० (तीस) प्रतिशत थप गरी बिक्रीकर असुल गरिनेछ ।

१.४ टिम्वर कर्पोरेशन अफ नेपाल अथवा अन्य जुनसुकै निकायद्धारा काठ लिलाम गरिदा लिलामीकै अवस्थामा र निजी आवादीको काठमा वन कार्यालयबाट नै चिरान आदेश वा बेजिल्लामा लैजाने छोडपूर्जी दिनुभन्दा अगाडि दरवन्दी बमोजिम बिक्रीकर असुल गरिने छ । काठको बिक्री मूल्य आवश्यकतानुसार विभागबाट तोकिनेछ । स:मिलहरुसंग बिक्रीकर नतिरी हाल मौज्दातमा रहेका सबै प्रकारको काठमा (गोलिया तथा चिरान) विभागले कायम गरेको मूल्यमा बिक्रीकर असूल गरिनेछ ।

१.५ बिक्रीकर ऐन, २०२३ मा जुनसुकै कुरा लेखिएको भएतापनि अन्तःशुल्कको व्याण्डरोल खरिद गरी लैजाने बिडी उत्पादकले आफूले तिर्ने व्याण्डरोल रकमलाई तीनले गुणा गरी सोको १५ प्रतिशतका दरले हुने बिक्रीकर रकम व्याण्डरोल खरिद गर्दा नै बुझाउनु पर्नेछ । यस्ता बिक्रेताले मास्केवारी र वार्षिक बिक्रीकर फाटवारी पेश गर्नुपर्ने छैन ।

१२८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१.६ बिक्रीकर लाग्ने माल वस्तु उत्पादन गर्दा निस्कने स्क्रेप तथा बाइ-प्रोडक्टस र मर्मत तथा ज्यालाको रुपमा आर्जित मूल्यमा समेत उत्पादित मुख्य वस्तुमा लाग्ने प्रतिशतबाट बिक्रीकर लाग्नेछ ।

१.७ बिक्रीकर तिर्नुपर्ने कर्तव्य भएका तर स्थानीय स्तरमा कच्चा माल खरिद गर्ने सेवा बाहेकका साना उद्योगहरुलाई कच्चामाल खरिद बापत ७५ प्रतिशतले लाग्ने बिक्रीकर दरमा छुट दिई २५ प्रतिशतले मात्र बिक्रीकर लगाई असुल उपर गरिनेछ । कुनै बिक्रेताले आंशिक रुपमा कच्चामाल आयात गरेको भए पनि उपरोक्त छुट हदभित्र नै सो को गणना गरिने छ । यस्ता बिक्रेताहरुले चौमासिक रुपमा बिक्रीकर मास्केवारी पेश गर्ने सुविधा पनि पाउने छन् । कर अधिकृतले यस्ता बिक्रेताहरुसंग अग्रिम बिक्रीकर माग गर्न सक्ने छ ।

१.८ स्वदेशी सिमेन्ट र हल्का पेय पदार्थहरुमा बिक्रीकर वाहेक बिक्री मूल्यमा ४ प्रतिशतले सरचार्ज लगाई बिक्रीकर संगै असुली गरिनेछ ।

२. <u>बिक्रीकर छुट</u>

२.१ देहायका मालवस्तुमा बिक्रीकर लाग्ने छैन ।

| भंसार दरबन्दीको | मालवस्तुको नाम |
|---|---|
| भाग ४ को | ताजा दूध |
| भाग ९ को | बेसार, अदुवा, खुर्सानी, तेजपात, ज्वानो, मेथी, धनियां, जिरा, मरिच र सौफहरु |
| भाग १२ को | रायो, सर्स्यू र स्थानीय तोरीको गेडा |
| भाग १९ को | पाउरोटी |
| भाग २३ को | खाद्य उद्योगबाट प्राप्त अवशेष, रद्दी पदार्थहरु, जीवजन्तुको आहार |
| भाग २७ को | मट्टीतेल |
| भाग २८ को | अक्सिजन ग्यास (मानवीय प्रयोगको लागि) मात्र |
| भाग ३० को | तैयारी औषधि (औषधिको कच्चा पदार्थ वाहेक) |
| भाग ३७ को | एक्स-रे फिल्महरु |
| भाग ३८ को | विसंक्रामक कीटनाशक, झारपातनाशक र च्याउनाशक पदार्थहरु (घरेलु प्रयोजनको वाहेक), |
| भाग ४४ को | काठको कांटी र भेनियर (सलाई उद्योगको लागि मात्र) |
| भाग ४९ को | हुलाक टिकट, आय टिकट र यस्तै टिकट, लिफा, बैंक नोट, चेकबुक, स्टक शेयर वा बण्ड प्रमाण पत्र |
| भाग ५१ को | जीव जन्तुको रौं र ऊन |
| भाग ७० को | चिनो वा अंशाकन लगाएको वा नलगाएको वा प्रयोगशाला, सफाई सुग्घर (स्वास्थ्य) वा औषधि बनाउने काममा आउने कांचका सालमत्ता (एम्पुल) समेत |
| भाग ७१ को | सुन र चांदी |
| भाग ७४ को | तामा पित्तलका ढिक्का, सर्कल, पाता र स्क्रेपहरु |
| भाग ७६ को | आल्मोनियमका ढिक्का, सर्कल, पाता र स्क्रेपहरु |

२६२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| भाग ८२ को | कुटो, कोदालो, हँसिया, फाली, सावेल, बंचरो, खुर्पा जस्ता हाते कृषि औजारहरु |
| भाग ८७ को | अशक्तहरुको प्रयोगका गाडीहरु (मोटर जडान भएको वा नभएको) |
| भाग ९० को | चिकित्सा, चिरफार, पशु चिकित्सा, यान्त्रिक उपचार, एक्सरे सम्बन्धी उपकरणहरु |
| भाग ९४ को | औषधी उपचार, दांत उपचार, चिरफार र पशु चिकित्सा संबन्धी सबै प्रकारका फर्निचर र तिनका पार्टपूर्जा |
| भाग ९७ को | प्रयोग भैसकेका, हुलाक टिकट, आय टिकट र यस्तै प्रकारका स्टैम्प, पोष्टकार्ड |

२.२ लेख्ने, छाप्ने मसी र कागज, बिजुलीको वल्व, कलम, डटपेन, प्राकृतिक ऊनी धागो, सबै प्रकारको कृत्रिम रेशाको धागो, स्क्रेपबाट तैयार हुने फलामको इन्गट, काठको काँटी मात्र प्रयोग गरी उत्पादन हुने सलाई र स्टेनलेस स्टीलको आन्तरिक उत्पादन तथा यस दरवन्दीको दफा १ को उपदफा १.२ को खण्ड (क) देखि (ड.) सम्मका सेवाहरुमा लाग्ने बिक्रीकर दरमा ५० (पचास) प्रतिशत तथा दफा १ को उपदफा १.२ को खण्ड (छ) मा लाग्ने बिक्रीकर दरमा दुई तिहाई छुट दिइने छ । यस उपदफामा उल्लेख भएका वस्तुहरु उत्पादन गर्ने उद्योगको कच्चा पदार्थमा समेत लाग्ने बिक्रीकरको दरमा ५० प्रतिशत बिक्रीकर छुट दिइनेछ ।

२.३ दुग्ध उत्पादन, सूती धागो र त्यसबाट बनेका कपडा, ऊनी गलैचा, सुन चांदीका गहना, सिसाकलम, आल्मुनियम र तामा पित्तलको भांडा वर्तन हैसियन सुतली, जूटको बोराहरु, वाटर टर्वाइन र ईटा टायलको आन्तरिक उत्पादनमा लाग्ने बिक्रीकर पूरै छुट दिइनेछ ।

२.४ हाइस्पीड डिजेल, लाइट डिजेल आयल, ५० सि.सि. सम्मको मोटर साइकल र ३ पांग्रे अटो रिक्सा (विद्युत, ब्याट्री, ग्यास आदिबाट चल्नेमा अलग्गै छुट भएमा सोही बमोजिम हुने) को आयातमा लाग्ने बिक्रीकरमा ५० प्रतिशत छुट दिइनेछ । साथै पेट्रोलको आयातमा लाग्ने बिक्रीकरमा एक तिहाई छुट दिइनेछ ।

२.५ नेपाल अधिराज्यभित्र उत्पादन हुने रेडियो तथा ट्रान्जिस्टर र श्याम श्वेत टेलिभिजनको उत्पादनमा ८० प्रतिशत बिक्रीकर छुट दिइनेछ ।

२.६ स्वदेशभित्र प्रयोग भइसकेको भुत्रा प्लाष्टिक र कागज शत प्रतिशत प्रयोग गरी देशभित्र उत्पादन गरिएको मालवस्तुमा बिक्रीकर लाग्ने छैन । यस्ता उत्पादनहरुको हकमा प्रयोग हुने भुत्रा सामान र उत्पादनको परिमाण कर अधिकृतले छानवीन गरी विभागीय स्वीकृति लिएको हुनु पर्नेछ ।

२.७ चिनी तथा खांडसारी चिनीमा लाग्ने बिक्रीकरमा आन्तरिक उत्पादन तर्फ ८० प्रतिशत र पैठारीमा ५० प्रतिशत बिक्रीकर छुट दिइनेछ ।

२.८ श्री ५ को सरकारको जुनसुकै विभाग वा स्वीकृत संस्थाले अनुसन्धानात्मक कार्यमा प्रयोग गर्ने गरी पैठारी गरेका वैज्ञानिक उपकरणमा बिक्रीकर छुट दिइनेछ ।

२.९ कुनै व्यक्ति वा संस्थाले पैठारी गरेको माल सामान तथा कुनै उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ, प्याकिंग सामान, रासायनिक पदार्थ, यन्त्र उपकरण तथा औजारहरु पैठारी गर्दा बिक्रीकर नलाग्ने रहेछ भने बिक्रेतामा दर्ता भएका स्वदेशका बिक्रेताबाट त्यस्तो मालसामान वा वस्तु खरिद गरेमा त्यस्तो माल सामान वा वस्तुमा लागेको बिक्रीकर छुट हुनेछ ।

२.१० कच्चा पदार्थको रुपमा स्वदेश भित्रकै रायो, सर्स्यूं, तोरी, मकै, भटमास, सूर्यमुखी आदिका गेडा प्रयोग गरी उत्पादन भएको तेल र घीउमा बिक्रीकर पूरै माफी दिइनेछ । त्यस्तै आयातित कच्चा पदार्थ प्रयोग गरी स्वदेशभित्र उत्पादन हुने सबै प्रकारको वनस्पति घीउ र तेलहरुमा लाग्ने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बिक्रीकरमा एक तिहाई छुट दिइनेछ ।

३. नेपाल अधिराज्यभित्र विदेशबाट पैठारी भएका मालवस्तुहरुमा पैठारीकै अवस्थामा र दर्ता भएका बिक्रेताहरुले बिक्री गर्ने मालवस्तुहरुमा बिक्री गर्दाकै अवस्थामा बिक्रीकर असूल गरिनेछ । बिक्रीकर ऐन, २०२३ मा जुनसुकै कुरा लेखिएको भएतापनि दर्ता भएको बिक्रेताले पैठारी गरेको कच्चामाल तथा तैयारी मालवस्तुमा दरबन्दी बमोजिम लाग्ने बिक्रीकर भंसार कार्यालयमा नै दाखिला गर्नु पर्नेछ । साथै दर्तावाला बिक्रेताले दर्तावाला बिक्रेतालाई मालवस्तु बिक्री गर्दा पनि बिक्रीकर असूल गर्नु पर्नेछ । यसरी पैठारी गर्दा तथा दर्तावाला बिक्रेता संग मालवस्तु खरिद गर्दा तिरेको बिक्रीकर मध्ये कच्चा पदार्थ, सहायक कच्चा पदार्थ र प्याकिंग सामग्रीमा तिरेको बिक्रीकर रकम बिक्रेताले तिर्नुपर्ने बिक्रीकरमा कट्टा गरी बाँकी रकम मात्र संबन्धित कार्यालयमा दाखिला गर्नु पर्नेछ ।

४. निम्न बमोजिमका कारोबार गर्नेहरुलाई बिक्रीकर प्रयोजनको निमित्त बिक्रेतामा दर्ता गरी बिक्रीकर असूल गरिनेछ ।

४.१ भारत वा समुद्रपार मुलुकबाट औद्योगिक कच्चा पदार्थको रुपमा पैठारी गरिने प्लाष्टिक ग्रानुअल्स, बिलेट, इंगट, सबै प्रकारको मेटल सिट्स ( स्क्र्याप, ढिक्का, सर्कल पाता समेत ), कास्टिक सोडा, कोइला, बेस आयल, जिङ्क सबै प्रकारका यार्नहरु, रेपसीड, पाम आयल, आलस, भटमासको तेल, तीलको तेल, पाराफीन वाक्स, रबर, तरल ग्लुकोज, धुलो स्टार्च, रंगरोगन, र दन्त मन्जनका कच्चा पदार्थहरु तथा श्री ५ को सरकारले बेलाबेलामा तोकेका औद्योगिक कच्चा पदार्थका आयातकर्ताहरु ।

४.२ श्री ५ को सरकारले बिक्रीकर प्रयोजनको लागि बिक्रेतामा दर्ता गर्नुपर्ने भनी तोकेका अन्य बिक्रेताहरु ।

तर देहायका बिक्रेताले बिक्रीकरमा दर्ता हुनु पर्ने छैन ।

(क) घरेलु उद्योग तथा शत प्रतिशत उत्पादन निकासी गर्ने उद्योगहरु,

(ख) मुख्य कच्चापदार्थ स्थानीय प्रयोग गरी ५ किलोवाटभन्दा कम विद्युत उपभोग गर्ने तथा वार्षिक रु. ७ लाख सम्मको कारोबार भएको र स्थिर पूंजी लगानी रु. ५ लाख ननाध्ने,

(ग) श्री ५ को सरकारले दर्ता नगर्ने भनी तोकेका बिक्रेताहरु ।

५. <u>मूल्यांकन</u>

५.१ पैठारी भएको मालवस्तुमा भंसारले कायम गरेको मूल्यमा लाग्ने भंसार महसूल (थप महसूल समेत) तथा समीकारक महसूल लाग्ने भए सो समेत जोडी हुन आउने मूल्यमा बिक्रीकर लाग्नेछ ।

५.२ कुनै मालवस्तु पैठारी हुंदा भंसार सुविधा पाएको भए पनि बिक्रीकर प्रयोजनको लागि मूल्य कायम गर्दा दरबन्दी बमोजिमको भंसार महसुल जोडिनेछ, तर आर्थिक ऐनले आंशिक वा पूरै भंसार वा अन्तःशुल्क छुट दिएकोमा सो छुट समेतलाई दरबन्दी सरह नै मानी हिसाब गरिनेछ ।

५.३ डि.आर.पी. अन्तर्गतको पैठारी हुने मालसामानमा भारतीय अन्तःशुल्क समेत जोडी मूल्य कायम गरिनेछ ।

२६७



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५.४ सरकारी कार्यालय, आयोजना, संस्थान तथा संगठित संस्थाहरुले आन्तरिक उत्पादन वा सेवामा बिक्रीकर लाग्ने माल वस्तु टेण्डर वा कोटेशनद्धारा खरिद गर्दा बिक्रेतामा दर्ता भएका टेण्डर दाताले पेश गरेको दर वा मूल्यलाई बिक्रेतामा दर्ता नभएकाहरुले पेश गरेका दर वा मूल्यसंग तुलना गर्नुपर्दा बिक्रीकरको अंशलाई कटाएर मात्र मूल्यांकन गर्नुपर्नेछ र यसो गर्दा समान मूल्य देखिन आएमा बिक्रेतामा दर्ता भएकाहरुबाट मात्र मालवस्तु खरिद गर्नुपर्नेछ ।

५.५ बिक्रेताले आफ्नो बिक्री मूल्य कायम गर्दा उक्त मालवस्तुको लागतमूल्य वा परलमूल्यमा आफ्नो मुनाफा ( अन्त:शुल्क लाग्ने भए सो समेत ) र बिक्री वितरण खर्च (ढुवानी भाडा समेत) समेत जोड्नु पर्नेछ ।

५.६ अन्त:शुल्क सुविधा पाएका उद्योगहरुले आफ्नो उत्पादनको बिक्रीमूल्य कायम गर्दा दरवन्दी बमोजिम लाग्ने अन्त:शुल्क समेत जोड्नु पर्नेछ ।

६. <u>विविध</u>

६.१ दर्ता भएका बिक्रेताले जुनसुकै मालवस्तु वा सेवा आफूले बिक्री गर्दा बिक्रीकर रकम समेत देखिने गरी प्रत्येक कारोवारको बिक्री बिल अनिवार्य रुपले दिनु पर्नेछ र त्यस्तो बिलमा बिक्रेतामा दर्ता भएकालाई बिक्री भएकोमा खरिद गर्नेको बिक्रेता दर्ता नंबर समेत उल्लेख गर्नु पर्नेछ । आर्थिक वर्ष समाप्त भएको तीन महीनाभित्र सम्पूर्ण कर चुक्ता गरी बिक्रीकर दर्ता प्रमाणपत्र नवीकरण गराउनु पर्नेछ । नवीकरण नभएका बिक्रेताहरुलाई बिक्रीकर ऐनको दफा ६(३) वा १० (ग) अनुसार कर अधिकृतले कारवाही गर्नेछ ।

६.२ जुन महिनाको बिक्रीकर बुझाउने हो त्यस भन्दा पछिल्ला महिनाहरुमा पैठारी वा खरिद गर्दा तिरेको बिक्रीकर कट्टा गर्न पाइने छैन । साथै उत्पादन प्रक्रिया वा मास्केवारीमा न्यून मूल्य अभिवृद्धि देखाउने बिक्रेताको मूल्य र उत्पादन अनुपात कार्यालयले छानबीन गर्नेछ । छानवीन गर्दा कच्चा माल उत्पादनमा प्रयोग गरेको नपाईएमा त्यस्तो कच्चा मालबाट उत्पादन हुने मालवस्तुमा हुने बिक्रीकर हिसाब गरी बिगो वराबर जरीवाना सहित असूली गरिने छ ।

६.३ कुनै तयारी मालवस्तु पैठारी भई आउँदा बिक्रीकर नलाग्ने रहेछ तर सोही सामान स्वदेशमा उत्पादन गर्दा त्यसमा आवश्यक पर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ र प्याकिङ० सामानमा बिक्रीकर लाग्न जाने भयो भने त्यस्ता उद्योगले पैठारी गरी ल्याउने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ, प्याकिङ० सामानमा पैठारीमा लाग्ने बिक्रीकर धरौटी वा बैंक ग्यारेन्टीमा राखी बिक्रेतामा दर्ता भएकालाई उत्पादनको आधारमा धरौटी वा बैंक ग्यारेन्टी फिर्ता दिन सकिनेछ ।

६.४ दर्ता हुनुपर्ने कर्तव्य भएका बिक्रेताले दर्ता गरेको नपाईएमा त्यस्ता बिक्रेतालाई बिक्रेतामा दर्ता गरी तैयारी मालसामानको मौज्दातमा रहेको सामानको समेत हिसाब गरी बिक्रीकर ऐन अनुसारको जरीवानामा शत प्रतिशत थप गरी बिक्रीकर असूल गरिनेछ । यस्ता बिक्रेताले दर्ता हुनुभन्दा पहिले खरिद गरी ल्याएको (तर प्रयोग भइनसकेको) प्रमाणित कच्चा पदार्थमा तिरेको बिक्रीकर कट्टा गर्न पाउने छ ।

६.५ दर्तावाल बिक्रेताले अर्को बिक्रेतालाई बिक्री गर्दा बिल मूल्यलाई मान्यता दिई बिक्रीकर असूली गरिनेछ । तर दर्तावाल बिक्रेताले बेदर्तावाल बिक्रेतालाई बिक्री गर्दा बिक्री मूल्य (यथासंभव उपभोक्ता तहसम्म) सार्वजनिक गराइएको वा उपजमा अंकित गरेदेखि बाहेक विभागबाट तोकिएको ढाँचामा कार्यालयमा पेश गर्नु पर्नेछ । पेश भएको विवरण दफा ५ को उपदफा ५.५ बमोजिम

१६८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

थपघट गर्नुपर्ने देखिए सो समेत मिलाई कर अधिकृतले बिक्रीमूल्य परिमार्जन गर्न सक्नेछ । सोही मूल्यमा बिक्रीकर असूल गर्नुपर्नेछ । किर्ते बिल प्रयोग गरी कर कट्टी सुविधा लिएको वा कर छल्ने उद्देश्यले बिक्री गरेको वा बिक्री मूल्य परिवर्तन गरी सार्वजनिक नगरिएको प्रमाणित भएमा बिक्रेतालाई बिगो बराबर जरीवाना गरी असूली गरिने छ ।

६.६ सार्वजनिक गराईएको वा उपजमा अंकित गरिएको बिक्री मूल्य अनुसार बिक्री भए नभएको छानवीन कर अधिकृतले गर्नेछ । कुनै प्रकारले घोषित बिक्रीमूल्य भन्दा बढी मूल्यमा बिक्री गरेको पाइएमा बिक्रेताले त्यस्तो फरक मूल्य कन्सेसन, डिस्काउण्ट, कमिसन, रिबेट आदि दिएको मानी कर अधिकृतले बिक्रीकर असूल गर्नेछ ।

६.७ बिक्रीकर ऐन, २०२३ मा जुनसुकै कुरा लेखिएको भएतापनि बिक्री मूल्य कार्यालयबाट स्वीकृत गराई सार्वजनिक प्रकाशन गर्ने वा माल वस्तुमा अंकित गर्ने र विभागले निश्चित गरेको प्रतिलब्धी अनुसार उत्पादन देखाउने बिक्रेताको हकमा मेशीनरीको स्पेयर पार्टसमा तिरेको बिक्रीकर कट्टी सुविधा ( उत्पादनमा प्रयोग भएको र बिक्री मूल्यमा प्रतिबिम्बित भएको आधारमा ) उपलब्ध गराइने छ ।

६.८ बिक्रीकर कार्यालयमा मासिक रुपमा बुझाउने गरेको मास्केवारी बुझाएको दुई महिना भित्रमा बुझाउनु पर्ने कर, प्रतिलब्धी अनुपात, पेश गर्नुपर्ने प्रमाण आदि छानवीन गरी कर माग गर्नु पर्ने भए गरी माग गर्नु नपर्ने भएमा विवरण फछ्र्यौट गरिनेछ । त्यसरी विवरण फछ्र्यौट गरिएका बिक्रेताहरुले बिक्रीकर ऐन, २०२३ अनुसार बुझाउनु पर्ने वार्षिक विवरण पेश गर्नु पर्ने छैन ।

६.९ विदेशी कच्चा पदार्थ आयात गरी आफ्नो उत्पादनको कम्तिमा ४० प्रतिशत विदेश निकासी गर्ने उद्योगलाई कच्चा पदार्थ आयातमा भंसारमा तिर्नुपर्ने बिक्रीकर रकम बैंक ग्यारेण्टी बुझाएको आधारमा पनि प्रदान गरिनेछ । बिक्रीकर मास्केवारी दाखिला गर्दा यसको हिसाब मिलाउनु पर्नेछ । तोकिए अनुसार निकासी नभएको प्रमाणित हुन आएमा कर अधिकृतले तत्काल यस्तो सुविधा बन्द गरी यसरी कम्ति निकासी भएको परिमाणमा मास्केवारीबाट लाग्ने बिक्रीकरमा २५ प्रतिशत जोडी बिक्रीकर असूल गर्नेछ ।

६.१० सेवामा लाग्ने बिक्रीकरको मास्केवारी, बिलिंग र असूलीको तरीका सम्बन्धमा सेवाको प्रकृतिसंग मिल्ने गरी विभागले तोके बमोजिम हुनेछ ।

६.११ कुनै बिक्रेता उद्योगको उत्पादन विभागले तोकेको निकासीकर्ताले कच्चा पदार्थको रुपमा प्रयोग गरी उत्पादित पदार्थको रुपमा प्रयोग गरी त्यसबाट उत्पादित वस्तु निकासी गर्ने भएमा निकासीकर्ताको सम्झौता हेरी निकासी गर्ने परिमाण जतिको बिक्रेता उद्योगको उत्पादनमा तिर्नुपर्ने बिक्रीकर बैंक ग्यारेण्टी लिई लगत राखी छाडिने छ । यसरी ग्यारेण्टीमा छोडिएको मालवस्तु प्रयोग गर्ने निकासीकर्ताले ६ महीना भित्रमा तयारी वस्तु बनाइ निकासी गरी सक्नु पर्नेछ र बिक्रेताले मास्केवारी बुझाउंदा निकासीकर्ताले सो सामान प्रयोग गरी निकासी गरेको प्रमाणको रुपमा निकासी भएको भन्सार प्रज्ञापनपत्र, उत्पादनको अनुपात र भुक्तानीको प्रमाण पेश गरेमा बैंक ग्यारेन्टी फुकुवा गरिनेछ । बिक्रेतालाई दिईएको सुविधानुसार मास्केवारीबाट निकासी नभएको देखिन आएमा वा पेश गर्नु पर्ने प्रमाणहरु पेश गर्न नसकेमा लाग्ने बिक्रीकरमा थप २५ प्रतिशत जरिवाना सहित असूली गरिनेछ ।

६.१२ नेपाल राजपत्र खण्ड ४३, पौष १६, २०५० (अतिरिक्तांक ५४ (ख) र नेपाल राजपत्र खण्ड ४४, पौष २४, २०५१ (अतिरिक्तांक ४१ (ख) का सूचनाहरु खारेज गरिएका छन् । आयातित सिमेन्टको बिक्रीकर प्रयोजनको लागि प्रति मेट्रीक टन रु ३६००।- मूल्य कायम गरिएको छ ।

२६३



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–४

## आयकर

१. व्यक्ति, दम्पति वा परिवारको लागि

(क) आयकर नलाग्ने हद

| | | |
|---|---|---|
| (१) | व्यक्तिको लागि | रु. २५,०००।– |
| (२) | दम्पति वा परिवारको लागि | रु. ३५,०००।– |

(ख) आयकर लाग्ने दर

| | | |
|---|---|---|
| (१) | पहिलो रु. ४०,००० मा | १० प्रतिशत |
| (२) | त्यसपछिको रु. २५,००० मा | २० प्रतिशत |
| (३) | त्यस पछिको जतिसुकै भएपनि: | |
| (क) | पारिश्रमिक मात्र आयश्रोत हुने करदाताको लागि | ३० प्रतिशत |
| (ख) | अन्य श्रोतहरु बाट आय आर्जन गर्ने करदाताको लागि | ३३ प्रतिशत |

२. पारिश्रमिकको खुद आय निर्धारण गर्दा आयकर ऐन २०३१ को दफा १३ (ख) बमोजिम अन्य खर्च वापत पारिश्रमिक रकमको १५ प्रतिशत वा रु. ७,५००।– जुन रकम घटि हुन्छ छुट दिइनेछ ।

३. सरकारी संस्थानहरु, पब्लिक लिमिटेड कम्पनी तथा प्रा. लि. कम्पनीहरुवाट तिनीहरुको खूद आयमा समदरले ३३ प्रतिशत कर्पोरेट कर लगाई असूल उपर गरिनेछ । कर्पोरेट कर लागेका करदाताहरुले वितरण गर्ने लाभांशको आयमा आयकर लाग्ने छैन ।

४. साझेदारी फर्महरुको खुद आयमा ३३ प्रतिशत समदरले कर लगाई असूल उपर गरिनेछ ।

५. अस्थायी वासिन्दालाई खण्ड १ (क) वमोजिम छूट नदिई कर निर्धारण गरिनेछ ।

६. कुनै दम्पति वा परिवारमा पति र पत्नी दुवै जना पारिश्रमिक आय आर्जन गर्ने रहेछन् र उनीहरुको मूख्य श्रोत पारिश्रमिक आय रहेछ भने त्यस्ता पति र पत्नीलाई व्यक्ति सरह छुट दिई छुट्टा छुट्टै आयकर निर्धारण गरिनेछ ।

१६०



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. नेपाल अधिराज्यभित्र जनवादी गणतन्त्र चीनको स्वशासित क्षेत्र तिव्वतवाट सामान पैठारी गर्ने करदातावाट र त्रिभुवन विमानस्थल भन्सार कार्यालयवाट भिःटी गुण्टाको रुपमा ल्याएका भंसार महसुल नलाग्ने निजी प्रयोगको सामान वाहेकमा भन्सारले कायम गरेको मूल्यको ५ प्रतिशतले अग्रिम आयकर असूल गरिनेछ । तर तिव्वतवाट वस्तु विनिमय अर्न्तगत पैठारी गरेमा भने यस्तो अग्रिम आयकर अढाई प्रतिशतले मात्र असूल गरिनेछ ।

८. व्यापारिक प्रयोजनको निमित्त पैठारी हुने खाद्य पदार्थ, कृषि पैदावार, कृषि जन्य प्रशोधित तथा अप्रशोधित पैदावार र जीवित जीव–जन्तु, चरा–चुरुङ्गि र चरा–चुरुङ्गिको फुल तथा सवै प्रकारको मासुमा भन्सारले कायम गरेको मूल्यको २.५ प्रतिशतले अग्रिम आयकर भन्सारमै असूल गरिनेछ । आयकर दर्ता प्रमाणपत्र लिएको भएतापनि अध्यावधिक नविकरण नगराएका वा आयकर दर्ता प्रमाण–पत्र नभएकाहरुले निजी सामान वाहेक अन्य सामान पैठारी गरेमा भन्सारले कायम गरेको मूल्यको ५ प्रतिशत अग्रिम आयकर भन्सारमै असूल गरिनेछ ।

९. नागरिक लगानी कोषमा कट्टी गरिएको पारिश्रमिकको १० प्रतिशतसम्म रकम करदाताको खुद आय निर्धारण गर्दा खर्च वापत कट्टी गर्न पाउनेछ । कोषमा जम्मा हुने रकम र त्यसवाट प्राप्त हुने व्याजमा आयकर लाग्ने छैन ।

१०. करदाताको आफ्नो पछिल्लो कर निर्धारण वमोजिम लागेको आयकर वरावरको रकम कर कार्यालयमा प्राप्त अभिलेखवाट अन्यथा देखिएको अवस्थामा वाहेक कर कार्यालयहरुवाट एक मुष्ट वा दामासाहीको हिसावले अग्रिम आयकर माग गर्न सकिने छ । यसरी माग गरी दाखिला हुन आएको रकम चालु वर्षको निर्धारित कर भन्दा वढी हुन गएमा वार्षिक ९ प्रतिशतका दरले व्याज सहित फिर्ता भुक्तानी दिइने छ ।

११. आफ्नो कारोवारको हिसाव-किताव राख्न नसक्ने वार्षिक रु. ७०,०००।– सम्म खुद आय निर्धारण हुने साना करदाताहरुको कर निर्धारण साना करदाता आयकर निर्धारण समितिवाट गरिनेछ ।

१२. साना करदाता आयकर निर्धारण समितिवाट खुद आय कायम भइ कर चुक्ता गरी सकेका साना आयकरदाताहरुले पेश गरेको आय व्यय विवरणमा कर प्रयोजनको निमित्त राखिएको अभिलेखवाट अन्यथा प्रमाणित भएको अवस्थामा वाहेक त्यस्ता करदाताहरुले आफ्नो आय व्यय विवरण साथ गत वर्षमा तिरेको कर रकमको १५ प्रतिशत थप कर सहित विवरण दाखिल गरेमा कर निर्धारण भए सरह मानिनेछ ।

१३. हाल सम्म कर नतिरेका रु. ४,५०,०००।– सम्म कारोवार वा रु. ४५,०००।– सम्म खुद आय भएका निम्न वमोजिमको पेशा व्यवसाय गर्ने व्यवसायीहरुले एकमुष्ट आयकर तिर्न चाहेमा पूर्वानुमानित वार्षिक आयकर रु. १,०००।– तिर्न पाउने छन् । यसरी कर तिर्ने करदाताको तीन वर्ष भन्दा अगाडीका वर्षहरुको आयकरका सम्वन्धमा छानविन गरिने छैन ।

८०१



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) खुद्रा किराना पसल (ख) खुद्रा चामल पसल (ग) मासू पसल (घ) कोल्ड ड्रिङ्सको पसल (ङ) तरकारी तथा फलफूलको पसल (च) फोटो कपी गर्ने पसल (छ) सेक्रेटेरियल सर्भिस (ज) सिलाई पसल (झ) धुलाई पसल (ञ) कपाल काट्ने पसल (ट) विद्युतिय सामान मर्मत पसल (ठ) वेल्डिङ्ग तथा ग्रिल वनाउने कार्यशाला (ड) यन्त्र नराखी सवारी साधन मर्मत गर्ने कार्यशाला । (ढ) घडि मर्मत गर्ने पसल (कुनै खास उत्पादक वा निजको एजेन्सीको रुपमा खोलिएको पसल वाहेक) ।

१४. घरेलु तथा साना उद्योग विभागमा दर्ता भएका रु. ४,५०,०००।– सम्म वार्षिक कारोवार हुने साना उद्योगहरु ले एकमुष्ट आयकर तिर्न चाहेमा पूर्वानुमानित वार्षिक आयकर रु १०००।- तिर्न पाउने छन् ।

१५. अन्तरराष्ट्रिय वोलपत्रद्वारा प्रतिस्पर्धा गरी एक आर्थिक वर्ष भन्दा वढी अवधिसम्म कायम रहने ठेक्काको खूद आय पूरा ठेक्काको हिसावले कायम गरी कर निर्धारण गर्न सकिनेछ । तर एउटा ठेक्काको अवधि पूरा नहुदै अरु ठेक्का लिने करदाताले प्रत्येक ठेक्कामा छुट्टा छुट्टै आय व्यय देखिने गरी ठेक्काको हिसाव समेत पेश गर्नुपर्नेछ । कारोवार वा ठेक्कापट्टामा भाग लिनु पर्दा कर चुक्ताको प्रमाण पेश गर्नु पर्नेछ ।

१६. नेपाल अधिराज्यमा हवाई यातायात सञ्चालन गर्ने विदेशी हवाई कम्पनीहरुलाई उनीहरुले नेपाल अधिराज्यभित्र गरेको कूल कारोवार रकमको ५ प्रतिशतका दरले आयकर लगाई असूल उपर गरिनेछ । तर नेपाल अधिराज्यमा हवाई यातायात सेवा सञ्चालन नगरी कार्यालय मात्र स्थापना गरी कारोवार गर्ने विदेशी हवाई कम्पनीहरुलाई उनीहरुले नेपाल अधिराज्यमा गरेको कूल कारोवार रकमको ३ प्रतिशतका दरले आयकर लगाई असूल उपर गरिनेछ । यस्ता हवाई कम्पनीहरुले त्रैमासिक कारोवारको आधारमा लाग्ने कर सो अवधीपछिको महिनामा वुझाउनु पर्नेछ । यसरी दाखिला भएको आयकर रकम आय विवरण पेश गर्दा मिलान गरिनेछ ।

१७. कृषि आयमा आयकर लाग्ने छैन । साथै काठमाण्डौ उपत्यका वाहिरका ग्रामिण क्षेत्रमा निजी स्तरवाट खोलिने पशु स्वास्थ्य केन्द्र तथा क्लिनिकले आर्जन गर्ने आम्दानीमा आयकर लाग्ने छैन ।

१८. नियमित व्यापार प्रकृयाद्वारा निकाशी गरि सो वापतको रकम मान्यता प्राप्त वैंकिङ्ग कागजात (Agreed Banking Document) द्वारा नेपाल अधिराज्य भित्र भुक्तानी प्राप्त भएमा त्यस्तो निकासी गरि आर्जित गरेको आयमा र स्वदेशी उत्पादन कर्ताले आफ्नो उत्पादित वस्तु विदेशी मुद्रा आर्जन हुने गरि द्विपक्षीय वा वहुपक्षीय सहायता अन्तरगत संचालित आयोजनाहरुमा अन्तरराष्ट्रिय वोलपत्रको माध्यमवाट विक्री गरेमा यस्तो विक्री वाट प्राप्त हुने आयमा साविक वमोजिम आयकर लगाईने छैन ।

१९. मदिरा उत्पादन गर्ने डिष्टिलरीहरुले मदिरा विक्रीगर्दा विक्री कर सहितको विक्री मूल्यमा ५ प्रतिशतले हुने रकम विक्रीगर्दाको अवस्थामा खरिदकर्तावाट अग्रिम आयकर असूल गरी वुझाउनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०. स्वयं कर निर्धारण गर्न अनिवार्य भएका वाहेक अन्य सिनेमा हल मालिकले प्राप्त गर्ने प्रवेश शुल्कमा निजको अन्य आय भएमा सो समेत जोडी खूद आय तथा कर निर्धारण गरिनेछ।

२१. स्वयं कर निर्धारण अनिवार्य रुपमा गर्नु पर्ने वाहेक अरुले स्वयं कर निर्धारण गरेमा लाग्ने करको ५ प्रतिशत छुट दिईनेछ।

२२. स्वयं कर निर्धारण गर्न अनिवार्य भएका रु. १५,००,०००।– सम्म वार्षिक कारोवार हुने हरुको लागि आय विवरण र सो संग सम्वन्धित खाता बही कर कार्यालय समक्ष पेश गर्दा अन्य लेखा परिक्षकवाट कर लेखा परिक्षण गराई पेश गर्न सक्नेछन् (कर विभागद्वारा सूचिकृत लेखा परीक्षकद्वारा कर लेखा परिक्षण गर्न अनिवार्य हुने छैन)।

२३. आयकर ऐन २०३१ र आयकर नियमावली २०३९ मा भएका व्यवस्थाहरुको कार्यान्वयनको सिलसिलामा देखा परेका वा पर्न सक्ने कठिनाईहरुको समाधानकोलागी निर्देशन माग भई आएमा प्रशासकिय दृष्टिकोणवाट समेत नीतिगत निर्णय गरि महा–निर्देशकले पुर्वादेश (Advance Ruling) जारी गर्न सक्नेछ।

२४. नेपाल अधिराज्यभित्र सञ्चालन गरिने क्यासिनोहरुवाट वार्षिक रु. १ करोड २० लाखका दरले रोयल्टी लिइनेछ। क्यासिनोको रोयल्टीको ३ प्रतिशत का दरले जुवाडेहरुवाट आय आर्जन गरे वापतको अग्रिम आयकर क्यासिनोवाट असूल गरिनेछ। क्यासिनोहरुले वुझाउनु पर्ने रोयल्टी रकम प्रत्येक महिना समाप्त भएको एक हप्ता भित्र वुझाउनु पर्नेछ। सो म्याद भित्र नवुझाएमा वार्षिक २५ प्रतिशतका दरले शुल्क लाग्नेछ। त्यस्तो रकम ३ महिनासम्म पनि नवुझाएमा कर अधिकृतले क्यासिनो वन्द गर्ने आदेश दिन सक्नेछ।

२५. श्री ५ को सरकार, श्री ५ को सरकारका संस्थानहरु, संवैधानिक निकाय तथा संवैधानिक निकाय अन्तरगतका कार्यालयहरु, वैंक तथा वित्तिय संस्था, कंपनी ऐन वमोजिम दर्ता भएका संस्था, साझेदारी ऐन वमोजिम दर्ता भएका संस्था, उद्योग तथा घरेलु उद्योग विभागमा दर्ता भएका संस्था, अन्तरराष्ट्रिय संस्था, स्वदेशी तथा विदेशी गैह सरकारी संस्था, नेपाली नागरिक वा संस्थालाई भुक्तानी गर्ने विदेशी संस्था, विद्यालय, महाविद्यालय, विश्वविद्यालय, उद्योग व्यापार पेशा व्यवसाय संचालन गर्ने व्यक्तिहरुले देहायको भुक्तानीहरुमा देहाय वमोजिम अग्रिम कर कट्टी गर्नु पर्नेछ। अग्रिम आयकर कट्टि गरि समयमा नवुझाउने संग वुझाउन वांकी रकमको १५ प्रतिशत थप शुल्क लगाई असूल उपर गरिनेछ।

२५.१ भुक्तानीको किसिम

| | | |
|---|---|---|
| १. | पारिश्रमिक | वार्षिक पारिश्रमिकमा लाग्ने करको दामासाहीको हिसावले |
| २. | घर वहाल | समदरमा |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| ३. | आयकर दर्ता प्रमाणपत्र लिई परामर्श सेवा उपलब्ध गराएकोमा (डाक्टर, वकिल र इञ्जीनियरहरुवाट प्रदान हुने परामर्श सेवा समेत) | भुक्तानी रकमको | ५% |
| ४. | आयकर दर्ता प्रमाणपत्र नलिई परामर्श सेवा उपलब्ध गराएकोमा (डाक्टर, वकिल र इञ्जीनियरहरुवाट प्रदान हुने परामर्श सेवा समेत) | भुक्तानी रकमको | १०% |
| ५. | मिटिङ्ग भत्ता | भुक्तानी रकमको | १०% |
| ६. | रासन ठेक्कामा | भुक्तानी रकमको | १% |
| ७. | अन्य ठेक्कामा | भुक्तानी रकमको | २.५% |
| ८. | सव कन्ट्राक्टमा | भुक्तानी रकमको | १.५% |
| ९. | सम्झौता गरी भुक्तानी गरेको ढुवानी भाडा | भुक्तानी रकमको | २% |
| १०. | कमिशन | भुक्तानी रकमको | १०% |
| ११. | वैंक निक्षेपको व्याज | भुक्तानी रकमको | ५% |
| १२. | अन्य व्याज भुक्तानी | भुक्तानी रकमको | ५% |
| १३. | कर लाग्ने गरी श्री ५ को सरकारले र नेपाल राष्ट्र वैंकले जारी गरेको ऋण पत्रको व्याज | भुक्तानी रकमको | ५% |
| १४. | विदेशी भाषाका फिल्म वितरक हरुलाई गरेको भुक्तानी | भुक्तानी रकमको | १०% |



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| १५. | नेपाली र नेपालका राष्ट्रिय भाषाको फिल्म वितरकहरुलाई गरेको भुक्तानी | भुक्तानी रकमको | १% |
| १६. | एकै पटक वा पटक पटक गरी रु. ६०,०००।– भन्दा वढीको आपूर्तीको भुक्तानी | भुक्तानी रकमको | २% |
| १७. | चिठ्ठा उपहारमा | | |
| | (क) नगदमा | भुक्तानी रकमको | १०% |
| | (ख) जिन्सीमा भए प्रचलित मूल्य कायम गरी सो को | भुक्तानी रकमको | १०% |
| १८. | विदेशवाट भाडा वा लीजमा विमान (हवाई जहाज) ल्याई सञ्चालन गरे वापतको भुक्तानीमा | भुक्तानीको रकमको | ५% |
| १९. | अन्य जुन सुकै आयको भुक्तानीमा | भुक्तानी रकमको | १०% |

२५.२ स्पष्टीकरण :–

(१) आयकर दर्ता प्रमाण–पत्र लिई अद्यावधिक रुपमा नविकरण भएका व्यक्ति, फर्म, कम्पनि, संस्था, आदिलाई उपरोक्त किसिमको भुक्तानी वाहेक अन्य खरिद विक्री वापतको भुक्तानी गर्दा अग्रिम आयकर कट्टा गर्नु पर्ने छैन, भुक्तानीको विवरणसम्म सम्वन्धित कर कार्यालयमा दिनु पर्नेछ ।

तर आयकर दर्ता प्रमाण–पत्र नभएका र भए पनि नविकरण नगराएकालाई खरिद विक्री वापत एकै पटक वा पटक–पटक गरी रु. ६०,०००।– भन्दा वढी भुक्तानी भएमा र दर्ता प्रमाण–पत्र भै नविकरण गराएको भएपनि संझौता भई वा नभई निश्चित अवधिको लागि मालवस्तु आपूर्ती गर्ने वा सेवा प्रदान गर्ने व्यवस्था गरिएकोमा र मदीरा खरिद विक्री गर्दा भने अग्रिम आयकर कट्टी गर्नु पर्नेछ ।

(२) आयकर छूट भएका उद्योगहरुलाई भुक्तानी गर्दा र कृषि उत्पादन सोझै किसान संग खरिद गर्दा अग्रिम कर कट्टी गर्नु पर्ने छैन । तर सोझै किसानसंग खरिद गरेको हो भन्ने प्रमाण संवन्धित करदाताले पु–याउनु पर्नेछ ।

262



आधिकारिकता मुद्रण विभागवाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) प्रचलित नेपाल कानूनमा यस अनुसूचीमा उल्लेख भए भन्दा वेग्लै दरवाट कर लाग्ने भएमा सोही अनुसार अग्रिम कर कट्टी गर्नु पर्नेछ ।

(४) आयकर दर्ता प्रमाण–पत्र भएकाहरुले अग्रिम आयकर कट्टा गरिएको रकम वार्षिक आय विवरण दाखिल गरी लाग्ने कर रकममा कट्टा गर्न पाउने छन् । वार्षिक आय विवरण दिई कर निर्धारण गराउने वाहेक अरुको हकमा श्रोतमा कर कट्टी गरिएको रकमलाई तिर्न पर्ने करमा मिलाइने छैन । कसैको वार्षिक कर दायित्व आर्थिक वर्षको शुरुमा नै निर्दिष्ट हुन सक्ने रहेछ भने कर कार्यालयवाट रकम निर्दिष्ट गरी सोही रकमको मासिक दामासाहीले कर कट्टी गर्ने अनुमति दिईने छ ।

(५) चालु आर्थिक वर्षको अग्रिम कर पहिलेनै वुझाई सकेको प्रमाण पेश गरेमा अग्रिम कर कट्टी गर्नु पर्ने छैन ।

(६) उद्योग, व्यापार, पेशा व्यवसायको आयकर दर्ता प्रमाण पत्र घरवहाल र पारिश्रमिकमा अग्रिम कर कट्टी गरी दाखिल गर्नु पर्नेमा दाखिला गरेको प्रमाण पेश नगरे सम्म नविकरण गरिने छैन ।

(७) यस अनुसूचीको दफा १३ मा तोकिएका व्यवसायीहरुले वार्षिक लाग्ने कर रु. १,०००।– अग्रिम दाखिल गरेमा त्यस्ता व्यक्ति वा फर्महरुवाट निश्चित अवधिको लागी वार्षिक रु. ४,५०,०००।– सम्म आपूर्ती गरेमा अग्रिम कर कट्टी गर्नु पर्ने छैन ।

(८) ठेला गाडा, वयल गाडालाई ढुवानी वापत भुक्तानी गर्दा अग्रिम आयकर कट्टा गर्नु पर्ने छैन ।

(९) ज्यालाको रुपमा खाद्यान्न वा नगद भुक्तानी पाउने भरियाहरुलाई भुक्तानी गर्दा अग्रिम आयकर कट्टा गर्नु पर्ने छैन ।

(१०) आयकर दर्ता प्रमाणपत्र नलिई व्यक्तिगत रुपमा प्रतिवेदन तयार गर्ने, अध्ययन दलमा काम गर्ने र यस्तै लिखित वा अलिखित रुपमा परामर्श वा सल्लाहकार सेवा प्रदान गर्ने कार्य गरे वापत भुक्तानि गर्दा पारिश्रमिक आयको भुक्तानिमा अग्रिम कर कट्टी गरे सरहको दरले अग्रिम कर कट्टा गर्नु पर्नेछ र भुक्तानि गर्ने निकायले पारिश्रमिककै विवरण सरह भुक्तानि गरिएको रकम र अग्रिम कर कट्टी गरिएको रकम समेत खुल्ने गरी पारिश्रमिक विवरण साथ कर कार्यालयमा दाखिला गर्नु पर्नेछ ।

(११) मिटिङ्ग भत्ता वापतको प्राप्त पारिश्रमिक भुक्तानी गर्दा अग्रिम कर कट्टी गरिएको रकम नै अन्तिम हुनेछ र त्यस्तो रकम करदाताको अन्य आयको कर निर्धारण गर्दा समावेश गरिने छैन ।

५८६



आधिकारिकता मुद्रण विभागवाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१२) श्री ५ को सरकारले जारी गर्ने ट्रेजरी वील र नेपाल राष्ट्र बैंकले जारी गर्ने नेपाल राष्ट्र बैंक ऋण–पत्रहरुवाट आर्जित आयलाई करदाताको अन्य आयमा समावेश गरी आयकर लगाई असूल उपर गरिने छ ।

(१३) धितो पत्रको कारोवार गर्ने दलालहरुलाई धितो पत्र कारोवारको खरीद बिक्री गरे वापत दिइने कमिशनको रकम भुक्तानी गर्दा भुक्तानी गर्ने संस्थावाट दलालले पाउने कमिशन रकममा १० प्रतिशतका दरले एक मुष्ट अग्रिम आयकर कट्टा गरी सम्वन्धित कर कार्यालयमा दाखिला गर्नु पर्नेछ । यस्तो दलाली वापत प्राप्त गरेको आयलाई अन्य आयमा समावेश गरिने छैन । व्यवसायिक सेवा स्वरुप प्राप्त हुने फी पनि अन्य आयमा समावेश गरिने छैन ।

२६. सवै किसिमको उद्योग, संघ, संस्था, निजी स्कूल, विद्यालय, महा–विद्यालय, विश्व विद्यालय राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था आदि नविकरण गर्दा अग्रिम आयकर कट्टा गरिसकेको फुकुवा पत्र पेश गर्नु पर्नेछ । करको फुकुवा पत्र पेश नगरेमा त्यस्ता संस्थाहरुलाई श्री ५ को सरकारवाट दिइने सुविधा सहुलियत रोक्का गर्न सकिने छ ।

२७. भाडामा दर्ता भएका निम्न सवारी साधनहरुलाई निम्न दरले आयकर लाग्नेछ । यसरी लागेको आयकर सवारी साधन दर्ता प्रमाण–पत्र नविकरण गर्दा वा आश्विन मसान्त मध्ये जुन पहिले हुन्छ, सो अगावै तिर्नु पर्नेछ । आयकर नतिरे सम्म सवारी साधन दर्ता प्रमाण–पत्र नविकरण हुने छैन ।

| सवारीको किसिम | | वार्षिक आयकरको प्रस्तावित दर |
|---|---|---|
| (क) | कार, जिप, भ्यान | ३,०००।- |
| (ख) | ट्रक | ९,०००।- |
| (ग) | वस | ९,०००।- |
| (घ) | मिनिवस | ६,०००।- |
| (ङ) | मिनी ट्रक | ६,०००।- |
| (च) | अटो रिक्सा, थ्री ह्वीलर, टेम्पो | |
| | १) १५० सी. सी. सम्मको | १,०००।- |
| | २) १५१ सी. सी. र सो भन्दामाथि | १,५००।- |
| | ३) ट्रेक्टर, पावर टिलर | १,०००।- |

(अ) ढुवानी तथा वस सेवाको रुपमा दर्ता भएको प्रा. लि. तथा संगठित संस्थाहरुले आफ्नो आय विवरण पेश गर्नु पर्नेछ ।

266



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(आ) अन्तिम कर निर्धारण हुंदा उपरोक्त वमोजिम तिरेको रकम कर वापत कट्टा (Tax credit) गर्न पाइनेछ ।

(इ) नेपाल अधिराज्यमा दर्ता भै भाडामा चल्ने ट्रक, वस र मिनिवस, मिनिट्रकलाई प्रमाणित मोडेलको आधारमा प्रत्येक वर्षका लागि लाग्ने आयकरको ५ प्रतिशत दरले १० वर्ष सम्म छूट दिइनेछ ।

(ई) शुरु पैठारी मितिले १ वर्ष भन्दा कम भएमा दामासाहीले कट्टा गरिनेछ ।

२८. नेपाल अधिराज्य भित्र ढुवानी कार्य गर्ने उद्देश्यले तोकिएको भन्सार तिरी अस्थायी रुपमा पैठारी भएका सवारी साधनहरुमा नेपालमा काम गरेको अवधिको लागि प्रत्येक सात दिनको रु. ५००।– का दरले पूर्वानुमानित आयकर लगाई पैठारी गर्दा कै अवस्थामा भन्सार कार्यालयमा धरौटी लिइने छ र पछि फर्कि गएको अवस्थामा मिलान गरिनेछ ।

२९. रु. १० लाख सम्मको अन्य ठेक्कामा २ प्रतिशत र राशन ठेक्कामा १ प्रतिशतका दरले एकमुष्ट आयकर लाग्नेछ । भुक्तानीकै अवस्थामा उक्त रकम कट्टा गरी कर कार्यालयमा दाखिल गर्नु पर्नेछ । ठेक अंकको गणना गर्दा मूल्य अभिवृद्धि समेत गणना गरिनेछ । यस्ता करदाताहरुको अन्य आयश्रोत नभएमा आय विवरण पेश गरिरहनु पर्ने छैन, ठेक्काको विवरण मात्र दिए पुग्नेछ । ठेक्काको विवरण सम्वन्धित ठेक्का दिने कार्यालयमा पेश गरे पछि सम्वन्धित ठेक्का दिने कार्यालयले लाग्ने कर र विवरण कर कार्यालयमा पठाए पछि मात्र धरौटी फुकुवा दिइनेछ ।

३०. कुनै उद्योगले प्राविधिकले प्रमाणित गरेको प्रदुषण नियन्त्रण गर्ने संयन्त्र राखेमा उद्योग विभागको सिफारिशमा त्यस्तो प्रदूषण नियन्त्रण गर्ने संयन्त्रको खर्च २ वर्षको वरावर किस्तामा कट्टा गर्न पाईनेछ ।

३१. डिजेलवाट चल्ने सवारी साधनको इञ्जिन Liquified propane gas वा विद्युत वा व्याट्री वाट चल्ने गरी परिर्वतन गरेकोमा वा उल्लेखित Gas वा विद्युत वा व्याट्रीवाट चल्ने गरि निर्माण भएकोमा वा उपरोक्त अनुसार निर्माण भएको सवारी साधन आयात गरेमा त्यस्तो सवारी साधनमा लाग्ने आयकर तीन वर्षको लागि छूट दिइनेछ ।

३२. विक्रीकर समेत तिर्नु पर्ने गरि रेडियो, टेलिभिजन, सिनेमाहल, पत्रपत्रिका मार्फत गरिएको विज्ञापन वापतको वास्तविक खर्च खूद आय कायम गर्दा पुरै कट्टा गरिनेछ ।

तर मदिरा, वियर, चुरोट, जर्दा, खैनी, पान मसाला जस्ता स्वास्थ्यलाई हानिकारक मानिएका वस्तुहरुको कुनै पनि प्रकारको उपहार कार्यक्रममा भएको खर्च खुद आय निर्धारण गर्दा खर्च वापत कट्टा गरिने छैन ।

४८८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३३. व्यावसायिक शीपमूलक तालीम प्रदान गर्ने भनि श्री ५ को सरकारवाट स्वीकृति प्राप्त तोकिएका संस्थाहरुलाई ५ वर्षको लागि आयकर छुट दिइने छ ।

मुद्रण विभाग, सिंहदरबार

168



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–५

## घरजग्गा कर

घरजग्गा करको दर :

| | |
|---|---|
| पहिलो रु. १० लाख सम्मको मूल्यमा | कर नलाग्ने |
| त्यसपछिको रु. १० लाख सम्मको मूल्यमा | रु. ३००।–एकमुष्ट |
| त्यसपछिको रु. ३० लाख सम्मको मूल्यमा | ०.०५ प्रतिशत |
| त्यसपछिको रु. ५० लाख सम्मको मूल्यमा | ०.२५ प्रतिशत |
| त्यसपछिको रु. १०० लाख सम्मको मूल्यमा | ०.५० प्रतिशत |
| त्यसपछिकोजतिसुकै भए पनि | १.५० प्रतिशत |

२. घरजग्गा कर लाग्ने शहरी क्षेत्र र अन्य क्षेत्र :

महा नगरपालिका, उप-महा नगरपालिकाहरु तथा नगरपालिकाहरु र अन्य तोकिएका गा.वि.स. हरुमा र सो क्षेत्रमा करयोग्य घरजग्गा भएका व्यक्ति तथा संस्थाहरुको अन्यत्र पनि घरजग्गा भएमा त्यस्तो घरजग्गा भएको क्षेत्र ।

घरजग्गाको मूल्यांकन तरिका :

१. घरको वनोटको वर्गीकरण र मूल्यांकन देहाय अनुसार हुनेछ (सवै क्षेत्रको लागि)

(क) घरको वनोटको वर्गीकरण :

१. भित्र कांचो वाहिर पाको ईटमा माटोको जोडाई भएका सवै किसिमका घरहरु र काठै काठवाट वनेको घरहरु ।

२. भित्र वाहिर पाको ईट वा ढुंगामा माटोको जोडाई भएका सवै किसिमका घरहरु ।

३. भित्र वाहिर पाको ईटमा सिमेण्ट वा वज्रको ज़ोडाई भएका सवै किसिमका घरहरु ।

४. आर. सि. सि. फ्रेम स्ट्रक्चरवाट वनेको घरहरु ।

५८०



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) घरको मूल्यांकन :

| घरको वनोट | औषत लागत दर प्रति वर्गफुट रु. | टुटफुट कट्टि दर प्रति वर्ष कट्टी प्रतिशत | कट्टी गर्ने जम्मा वर्ष |
|---|---|---|---|
| (अ) दफा ३.१ (क) (१) मा लेखिएको घर | ४५०।– | ३.०० | २५ |
| (आ) दफा ३.१ (क) (२) मा लेखिएको घर | ५२५।– | २.०० | ३० |
| (इ) दफा ३.१ (क) (३) मा लेखिएको घर | ५७५।– | १.०० | ७० |
| (ई) दफा ३.१ (क) (४) मा लेखिएको घर | ६२५।– | ०.७५ | १०० |

२. जग्गाको मूल्यांकन देहाय अनुसार हुनेछ :

(क) घरजग्गा कर लाग्ने क्षेत्रहरुको जग्गाको मूल्यांकन गर्दा सोको प्रयोजनको निमित्त गठित स्थानीय समितिले तोके वमोजिम हुनेछ ।

(ख) दफा (२) अनुसार तोकिएको क्षेत्र देखि वाहेकका अन्य क्षेत्रहरुको जग्गाको मूल्यांकन सम्वन्धित मालपोत कार्यालयले रजिष्ट्रेशन प्रयोजनको लागि तोकेको दर अनुसार हुनेछ ।

३. घरजग्गा कर लाग्ने महा नगरपालिका, उप-महा नगरपालिकाहरु, नगरपालिकाहरु र अन्य तोकिएका गा.वि.स. हरुका घर जग्गाको रजिष्ट्रेशन पारीत गर्दा सम्वन्धित कर कार्यालयको कर चुक्ता वा फुकुवा पत्र पेश गराउनु पर्नेछ ।

दृष्टव्य :

(क) कांचो ईट वा माटोको गा–हो वा वांस वा काठको टाटी भै फूस छ्वाली, खर, पराल र साधारण टीनको छाना भएको घरको मूल्यांकन नगर्ने ।

(ख) सिनेमाहलहरुको भवनको अघिल्लो भाग (मूख्य अडिटोरीयम) गोदाम किसिम हुने हुंदा सो भागको मूल्यांकन गर्दा माथि उल्लेखित दरमा २५ प्रतिशत छुट दिई मूल्यांकन गर्ने ।

(ग) श्री ५ को सरकार वा श्री ५ को सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको कम्पनी वा संस्था वाहेक अन्य करदाताको घरजग्गामा लागेको करवाट प्राप्त घरजग्गा करको ७५ प्रतिशत रकम सम्वन्धित महा नगरपालिका, उप-महा नगरपालिका, नगरपालिकाहरु वा घरजग्गा कर विस्तार भएको गाउं विकास समितिलाई उपलब्ध गराईनेछ ।

२५१



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. <u>सम्पत्ति कर फछ्र्यौट हुन वांकी करदाताहरुको लागि विशेष व्यवस्था:</u>

आ.व. ०४७।०४८ र त्यसपछिको आ.व. हरुको तत्काल प्रचलित ऐन अनुसार लाग्ने सम्पत्ति कर निर्धारण हुन वांकी रहेका करदाताहरुले निम्नानुसार कर वुझाई सम्वन्धित वर्षहरुको वांकी सम्पत्ति कर फछ्र्यौट गर्न चाहेमा घरजग्गा सम्वन्धि विवरण मात्र पेश गरि सो को आधारमा देहाय वमोजिम गरि कर फछ्र्यौट गर्न सक्नेछन् :

१. आ.व. ०५१।०५२ को हकमा आर्थिक ऐन, २०५१ को व्यवस्था अनुसार लाग्ने कर रकम।

२. आ.व. ०४९।०५० र ०५०।०५१ को हकमा माथि दफा १ देखि ३ अनुसार कर लाग्न जाने वरावरको रकम वुझाएमा।

तर, करदाताले तत्काल प्रचलित ऐन अनुसार को सम्पत्ति कर नै तिर्न चाहेमा सोहि वमोजिम हुनेछ।

३. माथि प्रकरण १ र २ मा उल्लेख भए वमोजिम आ.व. ०४९।०५० देखि ०५१।०५२ सम्मको कर निर्धारण गराई कर फछ्र्यौट गर्ने करदाताहरुले आ.व. ०४७।०४८ र ०४८।०४९ को लागि तत्काल प्रचलित ऐन अनुसार निर्धारित घरजग्गा कर चुक्ता गरेको भएमा उक्त आ.व. हरुको लागि छुट्टै सम्पत्ति कर तिर्न पर्ने छैन।

५. करको दरमा परिवर्तन वा करदाताको घरजग्गाको साविकको क्षेत्रफलमा वृद्धि नभएसम्म अघिल्लो वर्ष कायम भएको घरजग्गाको मूल्याङ्कन वमोजीम लागि आएको घरजग्गा कर रकम करदाताले चाहेमा म्याद भित्रै सोझै वैंक दाखीला गर्न सक्ने छन्। यसरी वैंक दाखीला भएका भौचर एवं विवरणको आधारमा कर कार्यालयले कर चुक्ता कार्डमा प्रमाणीत गरी करदातालाई कर चुक्ताको प्रमाणपत्र पठाइदिनेछ। करदाताले म्याद भित्र स्वयं कर निर्धारण नगरेमा र घरजग्गा कर ऐन, २०१९ वमोजीम विवरण दाखीला नगरी वसेका साथै माथि उल्लेख भए वमोजीम कर रकम दाखीला नगर्ने करदाताहरुलाई कार्यालयमा प्राप्त तथ्याङ्क, विवरण र अन्य आधारहरु समेतवाट कर निर्धारण गरीनेछ।



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची-६

## सवारीसाधन कर

| निजी सवारी को किसिम | | वार्षिक करको दर रु. |
|---|---|---|
| १ | कार, जीप, भ्यान | |
| | (क) १३०० सी.सी. सम्म | रु. ३,०००।- |
| | (ख) १३०१ देखि २००० सी.सी. सम्म | रु. ३,७५०।- |
| | (ग) २००१ देखि २९०० सी.सीं सम्म | रु. ४,५००।- |
| | (घ) २९०१ देखि माथी सवै | रु. ५,५५०।- |
| २. | मोटर साइकल | |
| | (क) १५० सी.सी सम्म | रु. ३००।- |
| | (ख) १५१ सी.सी. र सो भन्दा माथी | रु. ३७५।- |
| ३. | ट्रक / वस | रु. ९,३७५।- |
| ४. | मिनीवस/मिनी ट्रक | रु. ५,६२५।- |
| ५ | अटो रिक्सा टेम्पो, ट्रेक्टर, पा. टीलर | रु. ९००।- |

६. डिजलवाट चल्ने कार जीप भ्यानमा माथी उल्लेखित सवारी साधन करको साथै देहाय वमोजिमको अतिरिक्त सवारी साधन कर लगाइनेछ।

| | | | |
|---|---|---|---|
| क) | १३०० सी.सी सम्म | अतिरिक्त कर | रु. १,७००।- |
| ख) | १३०१ सी.सी. देखि २००० सी.सी. सम्म | अतिरिक्त कर | रु. २,५००।- |
| ग) | २००१ सी.सी. देखि २९०० सी.सी. सम्म | अतिरिक्त कर | रु. ३,४००।- |
| घ) | २९०१ सी.सी. र सो भन्दा माथी | अतिरिक्त कर | रु. ५,०००।- |

१८३



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

२८४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. मनोरञ्जन करको दर:

सिनेमाहलको श्रावण १ गते कायम रहेको कूल सीट क्षमता तथा दैनिक प्रदर्शन संख्याको आधारमा दफा १ मा उल्लेखित मनोरञ्जन करको दरवाट हुन आउने वार्षिक कूल रकममा निम्नलिखित वर्गका सिनेमाहलहरुलाई निम्न प्रतिशतका दरले मनोरञ्जन कर लगाई असूल उपर गरिनेछ ।

| सिनेमा हलको वर्ग | मनोरञ्जन करको प्रतिशत |
|---|---|
| "क" वर्ग : | ३८ |
| "ख" वर्ग : | ३५ |
| "ग" वर्ग : | ३० |
| "घ" वर्ग : | २५ |
| "ङ" वर्ग : | २० |
| "च" वर्ग : | १८ |
| "छ" वर्ग : | १५ |

५. नयां संचालन हुने सिनेमाहलवाट वर्ग अनुसार तोकिएको प्रतिशतको आधारमा मनोरञ्जन कर असूल उपर गरिनेछ ।

६. अस्थायी घुम्ती (टुरिङ्ग टाकिज) को रुपमा चलचित्र प्रदर्शनको इजाजत लिएकाहरुवाट मासिक रु. १५,०००।– का दरले प्रत्येक महिनाको एक गते एकमुष्ट मनोरञ्जन कर असूल गरिनेछ ।

७. नेपाल अधिराज्यमा नेपाली निर्माताहरुद्वारा राष्ट्र तथा राष्ट्रिय भाषामा निर्मित चलचित्र, टेलिफिल्म वा भिडिओ फिल्मको प्रदर्शनवाट उठेको मनोरञ्जन करको ६५ प्रतिशतले हुने रकम सम्वन्धीत कर कार्यालयको धरौटी खातामा राखी यस्तो चलचित्र, टेलिफिल्म वा भिडिओ फिल्म निर्माताहरुलाई सम्वन्धित कर कार्यालयवाट सोझै अनुदानको रुपमा उपलव्ध गराईनेछ । यसैगरी माथी उल्लेख भए अनुसारका चलचित्र, टेलिफिल्म वा भिडिओ फिल्म प्रदर्शन गर्ने हलधनीलाई अनुदानको रुपमा प्रदर्शनवाट उठेको मनोरञ्जनकरको २० प्रतिशतले हुन आउने रकम उपलव्ध गराईनेछ । तोकिएको क्षेत्रमा उपरोक्त फिल्म प्रदर्शन गरे गराएमा मनोरञ्जनकरको २५ प्रतिशत छुट वा हलधनिलाई ५ प्रतिशत थप अनुदान दिईनेछ ।

८. दफा २ मा उल्लेख गरिएका सिनेमाहल वाहेक अन्य जिल्लाका हलहरुवाट जुनसुकै भाषाका चलचित्र प्रदर्शन गराए पनि कूल सीट क्षमता र दैनिक प्रदर्शन संख्याको आधारमा तोकिएको प्रतिशत अनुसार मनोरञ्जन कर लगाई असूल उपर गरिनेछ । नेपाली चलचित्र प्रदर्शन हुने पूर्व जानकारी र प्रदर्शन समाप्त भएको जानकारी सम्वन्धित कर कार्यालयलाई दिई असूल भएको मनोरञ्जन करको फांटवारी समेत दाखिला गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. नेपाल अधिराज्यभित्र भिडिओ प्रदर्शन गर्न स्वीकृति प्राप्त गरि व्यापारिक रुपमा सार्वजनिक प्रदर्शन गरेमा प्रवेश टिकटको मूल्यमा १०० प्रतिशत मनोरञ्जन कर लगाइने र असूल उपर गरिनेछ ।

१०. मनोरञ्जन करको प्रयोजनार्थ कूल रकमको गणना गर्दा माथी दफा (१) मा उल्लेख गरिए अनुसार विद्यार्थी सहुलियतको समेत हिसाव गरि गणना गरिएकोले माथी दफा (१) मा उल्लेख भए वमोजिम सिनेमाहलहरुले विद्यार्थी सहुलियत दिनु पर्नेछ ।

११. माथी दफा ४ वमोजिम तोकिएको वार्षिक मनोरञ्जन कर २४ किस्तामा विभाजन गरि हुन आउने रकम सिनेमाहलले प्रचलित कानूनमा तोकिएको म्यादभित्र सम्वन्धित कर कार्यालयमा वुझाउनु पर्नेछ ।

१२. आकस्मिक घटना, दैवी प्रकोप वा मेशिन विग्रन गई १ दिन भन्दा वढी शो (सिनेमा प्रदर्शन) संचालन नभएको प्रमाणित भएमा वार्षिक वुझाउनु पर्ने मनोरञ्जन करवाट दामासाहीले शो संचालन नभएका दिनहरुको मनोरञ्जन कर कट्टा गरिनेछ ।

१३. नेपाल अधिराज्यमा निर्मित राष्ट्र तथा राष्ट्रिय भाषाका चलचित्र मात्र प्रदर्शन गर्न को लागि नयां सिनेमाहल निर्माण गर्न इजाजत प्राप्त व्यक्ति वा संस्थाले आफ्नै स्वामित्वमा रहने गरि नयां भवन निर्माण गरि फिल्म प्रदर्शन गरेमा चलचित्र प्रदर्शन भएको मितिले ५ वर्षसम्म उठेको मनोरञ्जन करको ५० प्रतिशतले हुने रकम सम्वन्धित चलचित्र निर्मातालाई र ४० प्रतिशतले हुने रकम हलधनीलाई उपलव्ध गराईनेछ र सो अवधिसम्म आयकर पनि छूट दिइनेछ ।

तर भाडामा सिनेमा हल लिई वा पुरानो भवनलाई फिल्म प्रदर्शनको लागि योग्य वनाई सिनेमा हल सञ्चालन गर्ने हल धनिले आयकर सुविधा पाउने छैन ।

१४. विदेशवाट निर्माण गरी नेपाली भाषामा डविङ्ग मात्र गर्ने चलचित्र, टेलिफिल्म र भिडिओ फिल्म निर्माता र हलधनीलाई एवं सूचना तथा संचार मन्त्रालयको स्वीकृति नलिई विदेशमा निर्माण गरीएको, विदेशी कलाकार वा विदेशी प्राविधिक संलग्न भएको चलचित्र, टेलिफिल्म र भिडिओ फिल्मलाई समेत माथी उल्लेखित दफा ७ र १३ मा लेखिए वमोजिम अनुदान दिईने छैन ।

१५. माथि दफा ७ र १३ वमोजिमको अनुदान रकममा श्री ५ को सरकारले हेरफेर गर्न सक्नेछ ।

१६. प्रवेश शुल्क, सिट संख्या तथा संचालन शो संख्या घटाउनु परेमा श्रावण १ (एक) गते अगावै स्वीकृति लिनु पर्नेछ ।

१७. नेपाली कला र संस्कृतिसंग सम्वन्धित नाटक, नृत्य वा यस्तै अन्य सांस्कृतिक कार्यक्रम वाहेक अन्य मनोरञ्जन कार्यक्रममा प्रवेश शुल्कको १० प्रतिशत मनोरञ्जन कर लगाई असूल उपर गरिनेछ ।,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

१८८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सभामुख महोदय,

१०. आर्थिक अवस्थाका विभिन्न पक्षहरुलाई केलाएर हेर्दा देशको आर्थिक व्यवस्थाको प्रगति सकारात्मक देखिएतापनि कतिपय क्षेत्रमा चुनौतीहरुको सामना पनि गर्नु परिरहेको छ ।

११. सरकारी खर्च र आम्दानीको सन्तुलन मिलाउने कार्य हुन नसकेमा आर्थिक संरचना विग्रने र अन्ततोगत्वा अर्थतन्त्रमा दूरगामी प्रत्युत्पादक असर पर्ने हुन्छ । देशको राष्ट्रिय आयको मुख्य अंश नै निर्वाहमुखी (Subsistence) क्षेत्रवाट प्राप्त हुने र यी क्रियाकलापहरु करको दायरा भित्र नपर्ने हुंदा जनताको करदेय क्षमतामा वृद्धि हुन सकेको छैन । त्यसैगरी राजस्वको प्रमुख श्रोत आयात व्यापारमा आधारित रहेकोले आयात वृद्धि दरमा केही कमी हुनासाथ राजस्वमै नकारात्मक असर पर्ने गरेको छ । राजस्व संकलनका आफ्नै सीमा छन् भने केही वर्ष अघिदेखि सावां र व्याज वापत तिर्नु पर्ने रकममा हुने वृद्धि र विकासका आवश्यकताहरु तथा गरिवी उन्मुलनका कार्यक्रमहरुको लागि हुने खर्च वृद्धि जस्ता कुराले व्ययभार भने निरन्तर बढ्दो छ । त्यसैले सीमित साधनलाई उच्च प्राथमिकताका क्षेत्रमा प्रवाहित गर्ने र अनुत्पादक खर्चमा नियन्त्रण गर्नु पर्ने कुरालाई प्रतिवद्धताकासाथ कार्यान्वयन गर्नु जरुरी भएको छ ।

१२. आर्थिक विकासको दरलाई तीव्र तुल्याएर सर्वसाधारणको जीवनस्तरमा सुधार ल्याउनु वर्तमान संयुक्त सरकारको प्रतिवद्धता र चुनौती दुवै हो । आर्थिक वृद्धिदर उच्च राख्नको लागि तुलनात्मक लाभ भएका कृषि र गैह्र कृषि दुवै क्षेत्रमा विशेष प्राथमिकता दिई प्रतिस्पर्धात्मक क्षमताको विकास गरी उत्पादन बढाउने र यसका लागि आवश्यक भौतिक पूर्वाधारहरु,

खासगरी भरपर्दो विद्युत आपूर्ति र यातायात तथा संचारको विकासमा जोड दिनु आजको आवश्यकता देखिएको छ ।

१३. उदार र वजारमुखी अर्थ व्यवस्थावाट खुला आयातका अवसरहरु बढ्ने हुंदा व्यापार सन्तुलनको लागि निकासीमा तीव्र वृद्धि गर्नु पर्ने हुन्छ । तर हाम्रो निकासी क्षेत्र देशगत र वस्तुगत विविधीकरण हुन नसकी ज्यादै कमजोर स्थितिमा छ । निकासी व्यापार ज्यादै न्यून रहेको र केही सीमित वस्तु खासगरी गलैंचा र तयारी पोशाक त्यो पनि केही देशहरुमा मात्र सीमित भएकोले निकासी योग्य वस्तुको विकास गरी निकासीको वृद्धिदरलाई तीव्र पार्दै देशगत र वस्तुगत निकासी विविधिकरणमा जोड दिनु आजको अर्को चुनौती रहेको छ ।

१४. सीमित आधुनिक अर्थतन्त्र र सामान्य सेवा सुविधा विहीन वृहत ग्रामीण क्षेत्र युक्त द्वैध आर्थिक संरचना भएको हाम्रो अर्थ व्यवस्थामा गरीवीको रेखामुनि रहेका अधिकांश जनताको जीवनस्तर उकासी विकासको प्रतिफलमा सहभागी गराउनु सरकारका लागि अर्को चुनौति हो । यसका लागि श्रममूलक आयोजनाहरुलाई प्राथमिकता दिने, ग्रामीण पूर्वाधारहरुको विकास गर्ने, रोजगारीका अवसरहरु उपलब्ध गराउने, मानव संसाधनको विकास गर्ने तथा लक्षित कार्यक्रमहरुको माध्यमद्वारा जीवन यापनका वैकल्पिक उपायहरु खोज्ने कार्यमा सघाउ पुऱ्याउन आवश्यक छ ।

४३०



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सभामुख महोदय,

१५. मैले यस सम्मानित सदन समक्ष आर्थिक वर्ष २०५२।५३ को बजेट प्रस्तुत गर्दा आर्थिक स्थायित्व तथा आर्थिक उदारीकरणलाई अघि बढाउने, उदारीकरणबाट प्राप्त उपलव्धिहरुलाई विपन्न समुदायमा तथा ग्रामीण क्षेत्रमा प्रवाहित गरी रोजगारीका अवसरहरुको सिर्जना गर्ने र मानव संसाधनको विकास गर्ने, "गाउंको अधिकार गाउंलाई" नै प्रदान गर्ने, समाजका असहाय, अशक्त तथा पिछडिएका निमुखा नागरिकहरुलाई आर्थिक तथा सामाजिक सुरक्षा प्रदान गर्ने, सीमित साधनलाई उच्च प्राथमिकताका क्षेत्रहरुमा प्रवाहित गर्ने, अनुत्पादक सरकारी खर्चमा नियन्त्रण गरी दिगो आर्थिक विकासको अवधारणा अवलम्बन गर्ने र राजस्व प्रशासनलाई सुदृढ, सक्षम, सरल र पारदर्शी बनाई आन्तरिक साधनको परिचालन वढाउने जस्ता उद्देश्यहरु लिएको थिएं। बजेटका यी उद्देश्यहरुको सांदर्भिकता आज पनि उत्तिकै छ। त्यसैले आगामी आर्थिक वर्षको आय व्यय अनुमान तयार गर्दा यिनै उद्देश्य प्राप्तिको क्रममा चालू वर्षमा प्राप्त अनुभवहरु, श्री ५ महाराजाधिराजबाट शाही सम्बोधन मार्फत बक्स भएको श्री ५ को सरकारको नीति तथा कार्यक्रमका साथै आठौं पञ्च वर्षीय योजनाले स्थापित गरेका उद्देश्यहरुलाई मार्गदर्शनको रुपमा लिएको छु।

१६. त्यस्तै, बजेट तर्जुमाका समयमा माननीय सांसदहरुबाट व्यक्त सुझावहरु, वुद्धिजिवी तथा विभिन्न क्षेत्रका महानुभावहरुबाट प्राप्त सुझावहरु, गत वैशाख महिनामा पेरिसमा सम्पन्न नेपाल सहायता समूहको दशौं वैठकको अवसरमा नेपालको विकासमा सहयोग पुऱ्याउदै आएका दातृ राष्ट्र तथा संघ संस्थाहरु बाट व्यक्त सुझाव, हाम्रा आवश्यकता तथा प्राथमिकताहरुलाई पनि मैले मार्गदर्शकको रुपमा लिएको छु जस अनुसार आगामी आर्थिक वर्षको बजेटका उद्देश्यहरु निम्न बमोजिम तर्जुमा गरेको छु।

(क) आर्थिक सुधार कार्यक्रमलाई निरन्तरता दिई उच्च आर्थिक वृद्धिदर हासिल गर्ने,

(ख) वेरोजगारी समस्या समाधानको लागि सीप विकास र रोजगारीका अवसरहरु वृद्धि गर्दै लैजाने,

(ग) आर्थिक उपलव्धिहरुलाई समाजमा निम्न आय भएका वर्ग तथा क्षेत्र तर्फ प्रबाहित गर्दै गरीवी निवारणका ठोस कार्यक्रम अघि वढाउने,

(घ) ग्रामीण अर्थतन्त्रको सुदृढीकरणको निमित्त विकेन्द्रीकरण र ग्रामीण सशक्तिकरण कार्यक्रमलाई अगाडी वढाउने,

(ङ) वित्तीय सन्तुलन तथा आर्थिक अनुशासन कायम गर्ने।

259



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) आर्थिक सुधार कार्यक्रमलाई निरन्तरता दिई उच्च आर्थिक वृद्धिदर हासिल गर्ने,

सभामुख महोदय,

१७. आर्थिक परिसूचकहरु र हालको आर्थिक स्थितिको विश्लेषण गर्दा समष्टिगत आर्थिक स्थायित्व कायम राख्दै उच्च आर्थिक वृद्धि दर हासिल गर्ने नीतिलाई अझ सुदृढ गर्नु पर्ने आवश्यकता देखिएको छ । यस सन्दर्भमा, वित्तिय सन्तुलन कायम राख्ने, मूल्य वृद्धिलाई नियन्त्रण गर्ने, आन्तरिक ऋण नियन्त्रण गर्ने तथा मौद्रिक व्यवस्थामा सुधार गर्ने जस्ता नीतिहरुमा अझ बढी जोड दिइने छ ।

१८. सरकारले अवलम्बन गर्दै आएको उदार, खुला र बजारमुखी आर्थिक सुधारको फलस्वरुप आर्थिक कृयाकलापमा संख्यात्मक र गुणात्मक वृद्धि भएका छन् र अर्थतन्त्र सही दिशातर्फ उन्मुख भएको छ । अत: यस्तो नीति र आर्थिक सुधारको प्रक्रियालाई निरन्तरता प्रदान गरी प्राप्त आर्थिक विकासलाई दिगो र सुदृढ बनाउन प्रयास गरिने छ । साथै, उदार आर्थिक नीतिले ल्याउन सक्ने विकृति र अपचलनलाई नियन्त्रण गर्न पनि सरकार सचेत र प्रतिबद्ध छ ।

१९. आर्थिक क्रियाकलापको ठूलो अंश ग्रामीण क्षेत्र, त्यसमा पनि निर्वाहमुखी कृषिमा सीमित रहेको परिप्रेक्ष्यमा कृषिक्षेत्रको विकासलाई प्राथमिकता दिनु अत्यावश्यक भएको छ । कृषि विकासको वृद्धिदरलाई तीव्र पार्न र यसको व्यवसायिकताको लागि हालै तयार पारिएको दीर्घकालीन् कृषि विकास योजनाको आधारमा आवधिक कृषि विकास लगानी योजना तर्जुमा गरी कार्यान्वयन गरिने छ । यस अन्तर्गत सिंचाई विकास, मल आपूर्ति, ग्रामीण विद्युतिकरण, ग्रामीण सडक र उत्पादकत्व वृद्धि गर्न नयां प्रविधि प्रयोग गर्ने कार्यक्रमहरु अगाडि बढाईने छ ।

२०. उद्योगहरुलाई उत्पादकत्व बढाउन तथा प्रतिस्पर्धात्मक एवं निकासीमूलक हुन प्रोत्साहन गरिने छ । उद्योग क्षेत्रमा स्वदेशी तथा विदेशी लगानी प्रोत्साहन गर्ने कार्यलाई व्यापक गरिने छ । यसै सन्दर्भमा भर्खरै भारत सरकारसंग नेपाली वस्तुहरुको लागि भारतीय बजार प्रवेश सम्बन्धी भएको समझदारीले नेपालको औद्योगिकरणमा एक नयाँ अध्याय थपिएको महशुस गरेको छु । यस समझदारी अनुसार नेपालमा प्रशोधन भै उत्पादन गरिएका औद्योगिक बस्तुहरुलाई नेपालले जारी गरेको उत्पत्ति प्रमाणपत्रको आधारमा वस्तुगत सम्मिश्रण (Material Content) को शर्त बेगर नै भारतीय बजारमा विना भन्सार महशुल र विना रोकतोक प्रवेश सुविधा मिल्नेछ । यसले गर्दा भारतीय बजारका लागि नेपालमा असिमित औद्योगिक उत्पादन वृद्धिको ढोका खुल्नेछ ।

२१. पर्यटन, जलश्रोत र केही निकासी योग्य वस्तुहरु र सेवामा नेपालको तुलनात्मक लाभ रही आएको छ । पर्यटनतर्फ प्रवर्द्धन कार्यलाई अन्तर्राष्ट्रिय स्तरमा प्रचार प्रसार गर्दै सन् १९९८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लाई नेपाल दर्शन वर्ष (Visit Nepal Year, 1998) को रुपमा भव्यताकासाथ मनाउन आवश्यक प्रवर्द्धन, तयारी तथा पूर्वाधारको व्यवस्था गरिने छ । पर्यटन प्रवर्द्धन कोष मार्फत निजीक्षेत्रको सहभागितामा अन्तराष्ट्रिय बजारमा प्रवर्द्धनात्मक कार्य सञ्चालन गरिने छ । पर्यटन प्रर्वद्धनको निम्ति सूचना प्रवाहको अहम् भूमिकालाई विचार गरी आगामी आर्थिक वर्षदेखि पर्यटक उद्गम बजारहरुमा भू–उपग्रह प्रविधिमा आधारित सूचना प्रवाह गर्ने व्यवस्था मिलाइने छ । पर्यटन विकास एवं प्रवर्द्धन गर्न निजी क्षेत्र समेतको प्रतिनिधित्व हुने गरी नेपाल पर्यटन वोर्ड गठन गरिनेछ ।

२२. त्यसैगरी, वायू सेवा सञ्चालन गर्ने नेपाली कम्पनीहरुलाई विदेशमा सेवा सञ्चालन गर्न स्वीकृति दिन कानूनी पूर्वाधार तयार गरी सम्वद्ध पक्षसग सम्झौता गरिने छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको सञ्चालन समयलाई विस्तार गरी चौविसै घण्टा विमानस्थल संचालन गर्ने व्यवस्था मिलाइनेछ । यसवाट हाल जहाजको उडान सख्या र यात्रुवाहन क्षमतामा परेको चाप कम भई पर्यटकहरुको सख्यामा वृद्धि हुनेछ ।

२३. विश्व बजारमा नेपाली वस्तु र सेवाको नियात वृद्धि गराउन निजीक्षेत्र समेतको सहभागितामा एक दीर्घकालीन निर्यात वृद्धि रणनीति (Export Push Strategy) तयार गरिने छ । ऊनी गलैचा तथा तयारी पोशाकजस्ता सामानहरुको उत्कृष्ट नियातकर्ताहरुलाई पुरस्कृत गरिने छ । ऊनी गलैंचामा प्रयोग हुने एजो डाइ (azo dye) वातावरणीय दृष्टिकोणले अनुपयुक्त भएको र यसले निकासी क्षेत्रमा पनि प्रतिकूल प्रभाव पार्ने देखिएकोले सो को पैठारीमा आजैका मिति देखि प्रतिवन्ध लगाएको छ ।

२४. तयारी पोशाक, ऊनी गलैचा तथा कृषिमा आधारित नियातमूलक वस्तुहरुको पृष्ठ आर्थिक सम्बन्ध (Backward linkages) लाई विकसित गर्दै लगेर समष्टिगत अर्थ व्यवस्थाको विकास गर्ने क्रममा नीतिगत र प्रक्रियागत सुधार गरी कच्चा पदार्थको आपूर्ति, प्रविधि तथा जनशक्ति विकासको कार्यलाई प्रोत्साहन दिइने छ । शत प्रतिशत नियात हुने उत्पादनहरुमा प्रयोग हुने कच्चा पदार्थ तथा अर्ध तयारी वस्तुमा लाग्ने विक्रीकर लगायतका अन्यकरहरु निकासी सरह (deemed export) छुट दिइनेछ ।

२५. कृषिमा आधारित निर्यात दिगो हुने हुनाले कृषि क्षेत्रका निकासीयोग्य वस्तुहरुको उत्पादन, प्रशोधन र निकासीमा विशेष जोड दिइनेछ । चाँडै सडिगली जाने तर उच्च मूल्यका कृषिजन्य उत्पादन पनि समुद्रपार मुलुकहरुमा निकासी हुन थालेको सन्दर्भमा निकासीकर्ताहरुलाई थप प्रोत्साहन दिन र सामान विग्रन सक्ने जोखिमलाई कम गरी सुरक्षाको सुविधा प्रदान गर्न त्रिभुवन विमानस्थलमा शीत गृह (Cold Storage) र रेफ्रिजरेसन प्लान्ट राख्न भसार क्षेत्रमा निजी क्षेत्रलाई स्थान उपलव्ध गराइनेछ । नियातकर्ताहरुलाई छिटो र छरितो सेवा प्रदान गर्ने उद्देश्यले त्रिभुवन विमानस्थल भसारमा खुल्ला माग (Green Channel) को व्यवस्था पनि आगामी आर्थिक वर्ष देखि लागु गरिनेछ । नेपाली कृषिजन्य वस्तुहरुलाई आन्तरीक एवं वाह्य बजारमा प्रतिस्पर्धात्मक बनाउन चाहिने औजार, प्याकिङ सामाग्री र यस्तै आवश्यक अन्य सामानहरु आयात गर्न थप सुविधा प्रदान गरिनेछ । त्यसैगरी, निर्यातकर्ताहरुलाई सरल व्याजमा विदेशी मुद्रामै ऋण उपलव्ध गराउने व्यवस्था समेत गरिने छ ।

२६. कृषिजन्य वस्तुहरुको उत्पादन र निकासी वृद्धि गर्न अर्थोडक्स चिया, स्याउ, कच्चा रेशम, अलैची, सुठो, जडीवुटी, कट फ्लावर्स, टिस्यू कल्चर जस्ता निकासीयोग्य कृषिजन्य वस्तुहरुको व्यवसायीक खेतीको रुपमा विकास तथा प्रशोधन गर्न सहुलियत दरमा कृषि विकास बैंक मार्फत ऋण उपलव्ध गराइने छ । यसका लागि नेपाल राष्ट्र बैंकबाट पुनर्कर्जाको नयाँ



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

व्यवस्था समेत मिलाइनेछ । यस्तै निर्यातयोग्य कृषिजन्य बस्तुहरुको उत्पादन गर्न चाहने व्यवसायीहरुलाई दीर्घकालीन रुपमा सरकारी जग्गा लिजमा उपलब्ध गराइने छ ।

२७. विद्युतको आपूर्तिमा निरन्तरता र स्थायीत्व ल्याउन श्री ५ को सरकार प्रयत्नशील छ । खिम्ती र भोटे कोशी जल विद्युत योजनाको कार्यान्वयनमा निजी क्षेत्र उत्साहवर्धक रुपमा संलग्न भइरहेको परिप्रेक्षमा अन्य संभावित आयोजनाको कार्यान्वयनमा पनि निजी क्षेत्रलाई अधिकाधिक रुपमा संलग्न हुन सक्ने वातावरण तयार गर्दै लगिने छ । छिमेकी मुलुक भारतका सीमावर्ती क्षेत्रहरुको विद्युतको मागलाई विचार गर्दा विद्युत निर्यात गर्न सक्ने प्रशस्त सम्भावनाहरु रहेका छन् । हालै नेपाल–भारत बीच सम्पन्न विद्युत व्यापार सम्झौताले निर्यात योग्य विद्युत उत्पादनलाई प्रोत्साहन गर्ने विश्वास गरिएको छ ।

२८. विदेशी लगानी आकर्षण गर्न स्थीरपूंजी लगानीमा दुई करोडको बन्देज हटाउने तर्फ गत वर्षको बजेटमा व्यक्त गरिएको प्रतिवद्धता अनुरुप विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐनमा संशोधन भैसकेको छ । विदेशी पूंजी, आधुनिक प्रविधि, व्यवस्थापन र प्राविधिक सीपको अधिकतम उपयोग गर्ने क्रममा वैदेशिक लगानीलाई प्रोत्साहित गर्न वहुराष्ट्रिय निगम र संयुक्त लगानीका व्यवसायहरु प्रवर्द्धन गर्न कम्पनी सम्बन्धी कानून, क्षतिपूर्ति सम्बन्धी कानून एवं वौद्धिक सम्पत्ति सम्बन्धी कानूनमा समसामयिक सुधार गरिने छ । औद्योगिक व्यवसाय ऐनमा सुधार गरी उद्योगलाई लगाइने कर प्रणालीलाई पुनरावलोकन गरी औचित्यपूर्ण वनाइनेछ । "एक द्वार प्रणाली" मार्फत उद्योगलाई प्रदान गर्दै आएको सुविधाहरुलाई प्रभावकारी रुपमा विस्तार गरी स्वदेशी तथा विदेशी लगानीकर्ताहरुलाई खानेपानी, विद्युत, सञ्चार जस्ता आधारभूत सेवाहरुको सुविधा पनि एकद्वार प्रणालीबाट नै उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

२९. नेपालको अन्तर्राष्ट्रिय व्यापारलाई सरल, सुगम र सुविधायुक्त बनाउन वीरगंजमा शुरु गरिएको सुख्खा वन्दरगाह स्थापना सम्बन्धी कार्यलाई आगामी आर्थिक वर्षमा वित्तीय सहयोग समेत जुटाइ ठोस रुपमा अघि बढाइने छ ।

३० सूचना प्रविधि तथा कम्प्यूटर सफ्टवेयरलाई निजीक्षेत्रको सहभागितामा उद्योगको रुपमा स्थापित गरी अन्तर्राष्ट्रिय बजारमा निर्यात बढाउन चालू आर्थिक वर्षको बजेट वक्तव्यमा प्रस्तावित सूचना प्रविधि पार्कको स्थापना निम्ति स्थल छनौट गर्ने कार्य सम्पन्न भएको छ । आगामी आर्थिक वर्षमा यस सम्बन्धी पूर्वाधार विकासको कार्य अघि बढाइने छ ।

३१. समष्टिगत आर्थिक स्थायित्वको निम्ति मौद्रिक नियन्त्रण अवलम्बन गर्दा निजी क्षेत्रको आर्थिक क्रियाकलाप कुण्ठित हुन नपाओस् भन्ने दृष्टिले यस क्षेत्रतर्फ प्रवाहित हुने बैंक कर्जा यथेष्ट हुन सक्ने गरी मौद्रिक उपायहरु कार्यान्वयनमा ल्याईने छन् । यस क्रममा, सरकारी बजेट घाटालाई वाञ्छित सीमाभित्र राखी घाटा पूर्ति गर्न गैर बैंकिङ्ग क्षेत्रबाट वित्तीय साधन परिचालन गरिनेछ ।

३२ सन्तुलित बजेट र चुस्त मौद्रिक नीतिको माध्यमबाट समष्टिगत मागलाई नियन्त्रण गरी शोधनान्तर स्थितिलाई अनुकूल वनाउने र विदेशी विनिमय संचितिको स्थितिमा सुधार ल्याउनेतर्फ थप प्रयास गरिनेछ । विदेशी मुद्राको अपचलन हुन नदिन प्रतित–पत्र छानविन आयोगले दिएको सुझावलाई समेत ध्यानमा राखी भंसार र बैंकिङ्ग प्रणाली बीच कम्प्यूटर सूचना पद्धतिको व्यवस्था गरी अनुगमन र नियन्त्रण प्रणालीलाई सुदृढतुल्याइने छ ।

254



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३३. उदार अर्थनीतिको फलस्वरुप बैंक तथा वित्तीय संस्थाहरुको संख्यामा वृद्धि भई हालसम्म ३५ वटा वित्त कम्पनीहरु स्थापित भई सकेका छन् भने अरु थप स्थापना हुने तरखरमा छन् । यस क्रममा नयां खोलिने बैंकहरुले लगानी गर्नु पर्ने न्यूनतम पूंजी आधारमा वृद्धि गरिएको हुंदा सञ्चालनमा आइसकेका वाणिज्य बैंकहरुको पूंजी पनि आगामी पांच वर्ष भित्र वृद्धि गरि नयां बैंकहरुको समकक्षमा पुऱ्याइने व्यवस्था गरिनेछ । यसबाट बैंकहरुको तरलतामा वृद्धि हुन गई निक्षेपकर्ताहरुको हित संरक्षण गर्न र ठूला आयोजनाहरुका लागि स्वदेश भित्रकै बैंकिङ्ग प्रणालीबाट साधन प्रवाह गर्न समेत मद्दत पुग्नेछ । वित्त कम्पनीहरुको क्रियाकलाप अर्थ व्यवस्थाको समग्र आवश्यकता अनुरुप हुने गरी सञ्चालन गराउन आगामी आर्थिक वर्षदेखि वित्त कम्पनीहरुको पूंजीको आधार बढाउन र निरीक्षण तथा अनुगमन प्रणालीलाई अझ सुदृढ तथा प्रभावकारी बनाउन नेपाल राष्ट्र बैंकले निश्चित् कार्यक्रम तर्जुमा गरी लागु गर्नेछ ।

३४. ग्रामीण जनसमुदायलाई बैंकिङ्ग सुविधा उपलब्ध गराउन मुनाफा स्थितिमा प्रतिकूल असर नपर्ने गरी ग्रामीण क्षेत्रमा बैंकिङ्ग सुविधा क्रमशः विस्तार गर्न वाणिज्य बैंकहरुलाई प्रोत्साहित गरिने छ । कृषि विकास बैंकलाई पनि ग्रामिण क्षेत्रमा बैंकिङ्ग कारोबार वृद्धि गर्न प्रोत्साहित गरिनेछ । यी कदमहरुबाट बचत परिचालनमा थप मद्दत पुग्ने विश्वास गरिएको छ ।

३५. विदेशमा, खासगरी मध्यपूर्व र दक्षिण पूर्वी एसियामा काम गर्न जाने नेपालीहरुको संख्यामा निरन्तर वृद्धि हुँदै गएकोमा नेपालीहरुले त्यहां आर्जन गर्ने आय स्वदेश पठाउने संस्थागत र भरपर्दो व्यवस्था नभएकोले रकम ट्रान्सफर गरी नेपाल पठाउने बैंकिङ व्यवस्थालाई प्रोत्साहित गरिनेछ । यसबाट देशको परिवर्त्य विदेशी मुद्राको आर्जनमा वृद्धि हुने तथा विदेशमा काम गर्ने नेपाली कामदारलाई सुविधा पुग्न जानेछ ।

३६. नेपाललाई अन्तर्राष्ट्रिय वित्तीय केन्द्रको रुपमा विकसित गर्न सक्ने प्रशस्त संभावनाहरु रहेको कुरा गत वर्षको बजेट वक्तव्यमै मैले उल्लेख गरेको थिए । यस क्रममा अन्तर्राष्ट्रिय वित्तीय कारोबार सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक यसै अधिवेशनमा प्रस्तुत गरिने कुरा अवगत गराउन चाहन्छु ।

३७. धितोपत्र बजारमा देखिएको उतार चढावमा सुधार ल्याई जनविश्वास अभिवृद्धि गर्न बजारसंग सम्बद्ध निकायहरुको जिम्मेवारी वृद्धि गरी सूचना प्रणालीमा सुधार गरिने छ । धेरै जना साना लगानीकर्ताले लगानी गरी विकास गरेको एन.सि.एम. म्युचुअल फण्डको व्यवस्थापनमा भएको समस्याले गर्दा लगानी कर्ताले व्यहोर्नु परेको नोक्सानिलाई ध्यानमा राखी यस म्युचुअल फण्डलाई उद्धार र पुनर्संरचना गरी चांडै नै खरिद बिक्रीको व्यवस्था सञ्चालनमा ल्याईनेछ । धितोपत्र बोर्डलाई अनुगमन, रेखदेख र व्यवस्थापन गर्ने कार्यमा बढि सक्षम गराइने छ र पूंजी बजारसंग सम्वद्ध निकायहरुको नियमन (regulation) लाई प्रभावकारी बनाउन विधेयक तर्जुमा गरी सदन समक्ष प्रस्तुत गरिनेछ ।

३८. ट्रष्ट फण्ड, कण्ट्री फण्ड आदि अप्रत्यक्ष लगानी संवाहक (Indirect Investment Vehicles) का माध्यमबाट विदेशी लगानीकर्ताहरुलाई संगठित संस्थाको पूंजीको २५% सम्म लगानी गर्न पाउने व्यवस्था गरी सकिएको छ । पूंजीबजार सेवामा संयुक्त लगानीको ढोका खुला गर्ने यो नीतिको ठोस कार्यान्वयनबाट धितोपत्र बजारमा अनुकूल प्रभाव परी पूंजी बजारको गतिविधिमा सकारात्मक वृद्धि हुनेछ भन्ने विश्वास मैले लिएको छु ।

३९. निजीकरण कार्यक्रमको दोस्रो चरण समाप्त भईसकेको हुंदा आगामी आर्थिक वर्षदेखि तेस्रो चरणको कार्यक्रम संचालन गरिनेछ । निजीकरणका निम्ति संस्थानहरुको छनौट गर्दा संस्थानको कार्य प्रगति, कारोवारको अवस्था, सरकारी क्षेत्रको संलग्नता र थप पूंजी लगानीको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आवश्यकता, बजारको स्थिति, एकाधिकार उपभोग, वित्तिय एवं व्यवस्थापन अवस्था जस्ता पक्षको अध्ययन एवं विश्लेपण पश्चात गरिनेछ । उपरोक्त अध्ययनबाट निजीकरण गर्न आवश्यक देखिएका संस्थानलाई क्रमश: निजीकरण गरिनेछ । राष्ट्रिय समाचार समिति तथा गोरखापत्र संस्थान जस्ता संचार माध्यममा पनि निजी क्षेत्रको सहभागिता गराउने प्रकृयाको थालनी गरिनेछ । निजीकरण कार्यक्रममा बढी जनसहभागिता अभिवृद्धि गरी निजीकरणको प्रतिफल ज्यादा भन्दा ज्यादा जनतामा प्रवाह हुने व्यवस्था मिलाइनेछ । निजीकरणबाट रोजगारीको स्थिति र मौजुदा कर्मचारीको हितमा प्रतिकूल प्रभाव पार्न दिइने छैन । निजीकरण भईसकेका सार्वजनिक संस्थानहरुको अनुगमन गर्ने कार्य प्रभावकारी बनाइनेछ । तत्काल निजीकरणमा छनौट नहुने संस्थानहरुलाई व्यवसायिक रुपमा संचालन गर्न संचालन खर्चलाई निश्चित सीमा भित्र राख्ने, दरबन्दी लगायत कार्य संचालन प्रक्रियामा पुनरावलोकन गर्ने, आर्थिक अनुशासन कायम हुने गरी हर हिसाव राख्ने, समयमै लेखापरीक्षण गराउने र उत्पादकत्व बढाउने कार्यमा विशेष जोड दिइने छ ।

(ख) <u>वेरोजगारी समस्या समाधानको लागि सीप विकास र रोजगारीका अवसरहरु वृद्धि गर्दै लगिने</u>

सभामुख महोदय,

४०. कृषिको सघनता र व्यवसायीकरण, औद्योगिकरण, लगानी, सेवाहरु जस्ता क्षेत्रहरुको विस्तारबाट रोजगारीका प्रशस्त नयाँ अवसरहरुको सिर्जना हुन जानेछ । यसरी आर्थिक वृद्धिबाट सिर्जित रोजगारीका अवसर मात्रै स्थायी र निरन्तर हुन सक्छ । तर, वेरोजगारीको समस्या दिनानुदिन चर्को रुपमा बढ्दै गएको छ । यसै सन्दर्भमा रोजगारीको अवसरहरु वृद्धि गर्न विभिन्न लक्षित कार्यक्रमहरु समेत सञ्चालन गर्न आवश्यक भएको छ ।

४१. जनशक्तिलाई बढी सीपमूलक बनाउन सीपमूलक शिक्षा प्रणालीको विस्तार गर्न निजीक्षेत्रका सीपमूलक तालीम संस्था र शिक्षण संस्था, व्यवसायिक शिक्षण प्रतिष्ठानहरुलाई विशेष प्रोत्साहन स्वरुप विभिन्न सुविधाहरु दिइनेछ । यस क्रममा व्यवसायिक प्रशिक्षण केन्द्र तथा प्राविधिक शीपमूलक तालीम केन्द्र आदिलाई आयकर छुट दिईने छ । श्री ५ को सरकारले देशको आवश्यकता र वैदेशिक रोजगारी समेतलाई ध्यानमा राखी तोकेको डकर्मी, सिकर्मी, मेकानिक्स, प्लम्बर, इलेक्ट्रिसियन आदि जस्ता खास किसिमका जनशक्ति तयार पार्ने गैह्र सरकारी वा निजी क्षेत्रका तालीम केन्द्रहरुलाई केही आर्थिक सहायताको पनि व्यवस्था गरिनेछ ।

४२. विगतमा वेरोजगारी समस्या समाधानका उद्देश्यले संचालित कार्यक्रमहरु पर्याप्त श्रोत र साधनको अभाव एवम् कार्यान्वयनमा समन्वय तथा प्रतिवद्धताको अभावले आशातीत रुपमा सफल हुन नसकेका परिप्रेक्ष्यमा रोजगारी व्यवस्थापन सम्बन्धी नीति एवं कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन एवं मूल्यांकन तथा अन्तर निकाय समन्वय कायम गर्न केन्द्रीय स्तरमा एउटा उच्चस्तरीय तथा जिल्ला स्तरमा जिल्ला विकास समितिका सभापतिको अध्यक्षतामा जिल्ला समन्वय समिति स्थापना गरिनेछ ।

४३. प्रत्येक गाउँ तथा नगर विकास समितिमा स्थानीय श्रोत, संभाव्यता एवं जनसंख्याको आधारमा वेरोजगार व्यक्तिहरुको छनौट गरी सीपमूलक प्रशिक्षण दिन र तिनलाई वित्तिय एवं प्राविधिक सहयोग उपलब्ध गराउन विभिन्न सरकारी, गैरसरकारी एवं वित्तिय संस्थाहरुलाई क्रियाशील बनाई स्वरोजगार क्रियाकलापहरुको श्रृजना गरिनेछ । यसरी श्रृजना गरिएका स्वरोजगार क्रियाकलापहरुबाट आगामी आर्थिक वर्षमा ६६,००० वेरोजगारहरु लाभान्वित हुनेछन् । सीप विकास र रोजगार सम्बन्धी यस्ता कार्यक्रम सञ्चालन गर्दा रोजगार दाताहरुको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

व्यवसायिक संगठनहरुको सहभागितामा तालीम समाप्ति पछि निश्चित रुपमा रोजगारी प्राप्त हुने व्यवस्था गरिनेछ । ठूला ठूला निर्माणका परियोजनाहरुलाई आवश्यक पर्ने सीपलाई ध्यानमा राखी तिनका लागि छुट्टै अल्पकालीन तालीमको समेत व्यवस्था मिलाइनेछ । यस्ता परियोजनाहरुलाई आवश्यक पर्ने खास किसिमको शीपका लागि पूर्व स्वीकृति लिई तालीम दिने गैह्र सरकारी वा निजी संस्थालाई सरकारले आर्थिक सहयोग उपलब्ध गराउनेछ । केही वर्ष यतादेखि बढ्दै गएको जिल्लास्तरीय लगानीलाई ध्यानमा राख्दा रोजगारी वृद्धि गरी गरिवी निवारणका लागि श्रममूलक प्रविधिलाई प्रोत्साहन दिनु पर्ने जरुरी देखिएको छ । यस सन्दर्भमा खासगरी सडक निर्माणको लागि डोजर लगायतका ठूला संयन्त्रलाई क्रमशः निरुत्साहित गरी श्रममूलक प्रविधिलाई जोड दिने नीति अपनाइने छ ।

४४. विदेशमा रोजगारीका अवसर वृद्धि गर्न तथा विदेशस्थित नेपाली कामदारको हकहितको सुरक्षा गर्न कुटनैतिक संस्थागत निकायहरुलाई सक्रिय तुल्याइनेछ ।

४५. वर्तमान संयुक्त सरकारले सुरु गरेको स्वरोजगारका लागि बैकिङ्ग क्षेत्रबाट दिई आएका ऋण तथा परियोजना नै धितो राखि सरल ढंगबाट प्रदान गरिने ऋण कार्यक्रमलाई ग्रामीण क्षेत्रमा विस्तार गरिने छ । पशु स्वास्थ्य केन्द्र तथा स्वास्थ्य केन्द्र खोल्न पशु स्वास्थ्य कार्यकर्ता तथा स्वास्थ्य कर्मीहरुलाई प्रदान गरिने सुविधायुक्त ऋण र यस्तै अन्य स्वरोजगारका लागि दिइने ऋणलाई पनि अझ क्रियाशील र प्रभावकारी बनाइनेछ ।

४६. वि.सं. २०५७ सालसम्ममा देशमा प्राथमिक शिक्षा सर्व सुलभ गर्ने अठोट समेतका क्रममा प्राथमिक शिक्षाको विकास र विस्तारमा विशेष जोड दिइनेछ जस अन्तर्गत आगामी आर्थिक वर्ष चालीस जिल्लाहरुको केही नगरपालिका तथा गाउं विकास समितिहरुमा परिक्षणको रुपमा अनिवार्य र निःशुल्क प्राथमिक शिक्षा लागू गरिनेछ ।

४७. चालू आर्थिक वर्षमा साक्षरता कम भएका र खाद्यान्न अभाव भएका आठ जिल्लामा प्राथमिक विद्यालयमा अध्ययन गर्ने छात्र छात्राहरुलाई विश्व खाद्य कार्यक्रमको सहयोगमा दिउंसोको खाजा उपलब्ध गराइदै आएको छ । यो कार्यक्रमको प्रभावकारिताको मूल्यांकन प्रतिवेदन प्राप्त भएपछि यसलाई अन्य जिल्लाहरुमा समेत विस्तार गर्दै लगिनेछ । वालिकाहरुको शैक्षिक अवस्था निम्न रहेका र महिला साक्षरता कम भएको अछाम, डोटी, बाजुरा, बझाङ, हुम्ला, जुम्ला, कालीकोट, जाजरकोट, डोल्पा र मुगु जिल्लामा विपन्न वर्गका वालिकाहरुलाई प्राथमिक तहसम्म विद्यालय जान प्रोत्साहनको रुपमा सुरु गरिएको छात्रा भत्तालाई आगामी आर्थिक वर्षमा समेत कायमै राखिनेछ ।

४८. छरिएर रहेका विविध जनजाति तथा तिनीहरुको भाषा, संस्कृति, रीतिरिवाज र परम्पराहरु राष्ट्रको अमूल्य निधि भएकोले तिनीहरुको अध्ययन, अनुसन्धान, संरक्षण एवं सम्वर्द्धन गर्ने जस्ता कार्यक्रमहरु आगामी आर्थिक वर्षदेखि प्रभावकारी रुपले संचालन गरिनेछ । दलित र पिछडिएका जनजातिको कार्यक्रमहरुलाई अरु सुदृढ बनाइने छ ।

४९. निजी क्षेत्रको प्रतिस्पर्धात्मक सहभागिता अभिवृद्धि गर्दै उद्योग क्षेत्रमा थप रोजगारीका अवसरहरु सिर्जनाको कार्यलाई उत्प्रेरित गर्न आगामी आर्थिक वर्षदेखि प्रत्येक विकास क्षेत्र अन्तर्गत सबभन्दा धेरै प्रत्यक्ष रोजगारी प्रदान गर्ने उद्योगलाई सम्मान गर्न क्षेत्रिय रोजगार प्रवर्द्धन पुरस्कार तथा सबभन्दा धेरै प्रत्यक्ष रोजगारी प्रदान गर्ने उद्योगलाई सम्मान गर्न राष्ट्रिय स्तरमा एउटा राष्ट्रिय रोजगार प्रवर्द्धन पुरस्कारको स्थापना गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) आर्थिक उपलब्धिलाई समाजका निम्न आय भएका वर्ग तथा क्षेत्र तर्फ प्रवाहित गर्दै गरीबी निवारणका ठोस कार्यक्रम अघि बढाउने,

सभामुख महोदय,

५०. आधुनिक अर्थतन्त्र र ग्रामीण अर्थतन्त्र मिश्रित द्वैध आर्थिक संरचना युक्त हाम्रो अर्थ व्यवस्थामा आधुनिक क्षेत्रमा निजीक्षेत्रको पूंजी, साधन र शक्तिलाई प्रतिस्पर्द्धात्मक रुपमा परिचालन गरी विश्व अर्थ व्यवस्थासंग एकीकृत गर्दै जाने आवश्यकता रहेको छ भने ग्रामीण आर्थिक व्यवस्थातर्फ उत्पादनशील रोजगारीका अवसरहरु श्रृजना गरी गरीबीको रेखामुनि रहेका जनताको जीवनस्तरमा सुधार ल्याउने नीति तथा कार्यक्रमलाई प्राथमिकता दिनु पर्ने स्थिति छ । आर्थिक वृद्धिका उपलब्धिहरु स्वतः तल्लोतहमा प्रवाहित हुन्छ भन्ने मान्यता र केन्द्रीयस्तरबाट गरीबजनताको लागि योजना तथा कार्यक्रम बनाउने परिपाटीबाट ग्रामीण जनताको सहभागिता न्यूनहुन गई सरकारी लगानीको अपेक्षित प्रतिफल गरिबीबाट पीडित जनसमुदायसम्म पुऱ्याउन कठिन भएको अनुभव छ । तसर्थ गरीवी निवारणका निमित्त अपनाइएका रणनीति र कार्यक्रमहरुको पुनरावलोकन गरी स्थानीय जनताको सहभागितामा नै कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्नु आजको आवश्यकता भएको छ ।

५१. विपन्न ग्रामीण समुदायको जीवनस्तर उच्च गर्न कृषि क्षेत्रको उत्पादकत्वमा वृद्धि गरी कृषिमा आधारित रोजगारीका अवसरलाई सुदृढ गर्नु पर्ने हुन्छ । यसको निमित्त कृषिलाई व्यवसायको रुपमा विकास गरी कृषि क्षेत्रको विविधिकरणमा जोड दिइनेछ ।

५२. ग्रामीण क्षेत्रमा उत्पादन क्षेत्र देखि बजारसम्मको सडक, पुल, सिंचाईकुलो, ग्रामीण विद्युतिकरण जस्ता पूर्वाधारहरुको विस्तारबाट विपन्न ग्रामीण जनताको रोजगारीको अवसरहरु बढाउन प्राथमिकता दिइनेछ । यस्ता ग्रामीण आधारभूत संरचनाको निर्माण कार्यमा जनसहभागिता जुटाउन लागत सहभागिताको अवधारणालाई कार्यरुप दिइने छ । ग्रामीण पूर्वाधार विकास गर्न हाल संचालनमा रहेको "कामका लागि खाद्यान्न" कार्यक्रमलाई अरु १० जिल्लाहरुमा विस्तार गरिनेछ ।

५३. गरीवी निवारणको लागि सरकारी खर्च तथा वैदेशिक सहायताको कम्तीमा वीस/वीस प्रतिशत आधारभूत शिक्षा, आधारभूत स्वास्थ्य र ग्रामीण खानेपानी परियोजनाहरुमा लगानी गर्ने नीतिलाई २०/२० को अवधारणा अनुरुप क्रमिक रुपमा अवलम्बन गरिनेछ । यसवाट लगानी मानवीय तथा भौतिक पूंजीको वृद्धितर्फ प्रवाहित हुंदै जाने छ ।

५४. आगामी आर्थिक वर्षमा गरीवी निवारणको लक्षित कार्यक्रम अन्तरगत अधिराज्यका ५ विकास क्षेत्र अन्तरगतका कम्तीमा १/१ वटा गाउं विकास समितिको छनौट गरी त्यहांको गरीवीको रेखामुनी रहेका परिवारलाई १ वर्ष भित्र सो रेखामाथि उकास्न आवश्यक साधन र प्रविधि पुऱ्याई नमूना कार्यक्रम संचालन गरिनेछ । यसवाट प्राप्त अनुभवको आधारमा यस्तो कार्यक्रमलाई क्रमशः विस्तार गर्दै लगिनेछ । यस कार्यक्रममा श्री ५ को सरकारको स्वामित्वमा रहेका बैंकहरु, ग्रामीण विकास बैंक तथा गैह्र सरकारी संस्थाहरुको समेत सहयोग लिइनेछ । गरिवीको रेखामुनी रहेका परिवारहरुलाई संधै सरकारी सहयोग तथा अनुदानमा आश्रित गराउनु भन्दा स्वरोजगार र आयवृद्धिका कार्यक्रम संचालन गरी उनीहरुलाई आत्मनिर्भर र स्वावलम्वी बनाउने तर्फ जोड दिइनेछ ।

५५. अशिक्षा, रोग र पछौटेपनबाट ग्रस्त अधिकांश नेपाली महिलाहरु सम्पत्ति र रोजगारी जस्ता आर्थिक श्रोतका अवसरहरुको पहुंचवाट झनै धेरै टाढा छन् । तिनलाई विकासको मूल



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रवाहमा ल्याउन, उत्पादनशील रोजगारी प्रदान गर्न, र गरिवी एवं पछौटेपनबाट मुक्ति दिलाउन स्थानीय विकास मन्त्रालयको महिला विकास कार्यक्रम र ग्रामीण विकास वैंक अन्तरगतका कार्यक्रमहरुलाई सुदृढ र विस्तारित गरिनुको साथै कृषि विकास बैंक मार्फत महिला विकास कार्यक्रम संचालन गरिने छ । महिलाहरुका निम्ति लक्षित उत्पादनशील कर्जा, लघु कर्जा तथा यस्तै किसिमका कर्जा कार्यक्रमहरुको प्रतिफल सकारात्मक देखिएकोले आगामी वर्ष यी कार्यक्रमहरुलाई निरन्तरता प्रदान गरिनेछ । कृषि विकास बैंकमार्फत् ऋण लिएका कृषकहरुमध्ये समयमै ऋण तिर्ने व्यक्तिहरुलाई हरित पत्र (Green Card) जारी गरिनेछ । यस्तो कार्ड प्राप्त गर्ने कृषकहरुलाई बैंकले तुरुन्त ऋण उपलब्ध गराउने व्यवस्था गरिनेछ । यस्तो व्यवस्था अन्य ग्रामीण बैंकहरुमा पनि क्रमश: लागू गर्दै लगिनेछ ।

५६. आगामी दुई वर्षभित्र कमैया प्रथाको अन्त्य गरी उनीहरुलाई वसोवास, रोजगारी एवं आय आर्जनको अवसर उपलब्ध गराउन विशेष कार्यक्रम संचालन गरिनेछ । यसको लागि एक कमैया ऋण मोचन कोषको स्थापना गरिने छ । त्यस्तै प्रजा जाति, आदिवासी तथा दलित जातिको उत्थानको निम्ति हाल संचालनमा रहेका कार्यक्रमहरुलाई अझ ठोस र प्रभावकारीरुपमा संचालन गरिनेछ भने थप कार्यक्रमहरु समेत तर्जुमा गरी संचालन गरिनेछ । यस कार्यमा संभव भएसम्म गैरसरकारी एवं निजी संघ संस्थाहरुको संलग्नता कायम गरिने छ ।

५७. देशको अधिकांश गरिवी ग्रामीण र दुर्गम क्षेत्रमा रहेको छ । दुर्गम क्षेत्रलाई विकासको मूल धारामा नल्याएसम्म त्यस क्षेत्रमा गरिवीको निराकरण हुन सक्तैन । तर दुर्गम क्षेत्र विकासको अवधारणा शुरु भएको लामो समयपछि पनि देशको विकास प्राथमिकता र कार्यक्रमहरुमा दुर्गम क्षेत्रका आवश्यकताहरु सही ढंगले प्रतिविम्बित हुन सकेका देखिदैन । तसर्थ दुर्गम क्षेत्रका विकास नीति तथा योजना तर्जुमा र कार्यान्वयन पक्षहरुमा सम्बद्ध सबै सरकारी निकायहरुको वर्तमान संरचनालाई पुनरावलोकन गरी नयाँ संगठनात्मक व्यवस्था गरिने छ ।

५८. पिछडिएका गरिव जनजाति तथा दलित वर्गलाई लक्षित गरी कृषि विकास बैंक मार्फत छानिएका क्षेत्रहरुमा आयमूलक कार्यक्रम संचालन गरी गरिवी निवारणको विशेष कार्यक्रम संचालन गरिनेछ । यस कार्यक्रममा वाणिज्य बैंकहरु मार्फत बिपन्न बर्गमा लगानी गर्नु पर्ने रकम उपलब्ध गराउने व्यवस्था पनि गरिनेछ ।

५९. ग्रामीण विकास बैंकबाट संचालित वैकिङ्ग कार्यक्रम अन्तर्गत गरीव समुदायमा सुलभ कर्जा प्रवाहित भई लगभग ४० हजार परिवार लाभान्वित भैसकेका छन् । यस बैंकबाट ग्रामीण क्षेत्रका महिला एवं सीमान्त किसानहरुलाई परियोजना धितोको आधारमा प्रदान गरिएको कर्जा, कर्जाको करिव शत प्रतिशत असुली र सृजनात्मक तथा स्वावलम्वी भावनाको विकास गरी सामाजिक तथा आर्थिक उन्नतिका लागि खेलेको भूमिकालाई दृष्टिगत गरी ग्रामीण विकास बैंकको कार्यक्रमलाई पहाडी जिल्लाहरुमा समेत विस्तार गर्दै लगिने छ । ग्रामीण विकास बैंकको श्रोत परिचालनमा प्रभावकारिता ल्याउन ग्रामीण विकास बैंकको आधार पूंजीमा वृद्धि गरिने छ । ग्रामीण विकास बैंक र यस्तै ग्रामीण समुदायमा कर्जा प्रवाह गर्ने गैर सरकारी संस्थाहरुको गतिविधि एवं क्रियाकलापलाई समन्वयात्मक ढंगले सञ्चालन गर्न दुवै क्षेत्रको प्रतिनिधित्व हुने गरी केन्द्रीयस्तरमा एक उच्चस्तरीय समन्वय समिति पनि गठन गरिनेछ ।

६०. साना तथा सीमान्त परिवारकालागि बन क्षेत्रबाट पनि आय तथा रोजगारका अवसर वढाउन जडिबुटी उत्पादन तथा प्रवर्द्धन कार्यक्रम संचालनमा जोड दिइनेछ । त्यस्तै भूमि सुधार सम्बन्धी सम्पूर्ण कार्यक्रमलाई अरु प्रभावकारी बनाउन र भूमिको स्वामित्व सम्बन्धी विद्यमान



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विसंगतिको निराकरण गर्न संसदको यसै अधिवेशनमा विधेयक पेश गरिनेछ । यसै क्रममा वास्तविक जग्गा विहीन जनसमुदायहरुको निम्ति सुकुम्वासी बसोवास कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी रुपमा संचालन गरिनेछ ।

६१. गरिवी निवारणको कार्यक्रम अन्तर्गत साना किसान विकास आयोजनाहरुको व्यवस्थापन क्रमिकरुपमा किसानहरुको आफ्नै संस्थालाई हस्तान्तरण गरी नजिकका अन्य क्षेत्रमा यसको सेवा विस्तार गर्दै लगिने छ ।

६२. देशका कमजोर एवं पिछडिएका वर्गलाई आर्थिक एवं सामाजिक सुरक्षा प्रदान गरी विकासको प्रतिफलमा वहुसंख्यक गरीव, कमजोर एवं पिछडिएका वर्गको पहुंच पुऱ्याई उनीहरुको आर्थिक सुरक्षा सुनिश्चित गर्ने तर्फ वर्तमान सरकार सचेष्ट रहेको छ । यस सन्दर्भमा देशको अर्थतन्त्रले थेग्न सक्ने अनुपातमा आर्थिक सुरक्षा प्रदान गर्न केही समयदेखि सुरु गरिएको जेष्ठ नागरिक भत्ता, तथा साठी वर्ष नाघेका असहाय विधवाको निम्ति असहाय भत्ता जस्ता सुरक्षाका कार्यक्रमहरु आगामी आर्थिक वर्षमा समेत कायमै राखिनेछ । त्यस्तै जेष्ठ नागरिकहरु, तथा अशक्त असहायहरुलाई सरकारी अस्पतालमा निःशुल्क स्वास्थ्य सेवा तथा औषधोपचार सुविधा प्रदान गर्ने कार्यक्रमलाई आगामी आर्थिक वर्षमा अझ बढि प्रभावकारी बनाइने छ ।

(घ) <u>ग्रामीण अर्थतन्त्रको सुदृढीकरणको निमित्त विकेन्द्रीकरण र ग्रामीण सशक्तिकरण कार्यक्रमलाई अगाडि वढाउने</u>

सभामुख महोदय,

६३. ग्रामीण स्वावलम्बन तथा विकास कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रमहरुबाट ग्रामीण क्षेत्रमा विकास निर्माणको लहर पैदा भएको छ । तर यी क्षेत्रमा संचालन भएका धेरै आयोजनाहरुलाई प्राविधिक सहयोग पुऱ्याउन कठिनाई भएको, गाउं विकास समितिहरुलाई बढी आर्थिक तथा सामाजिक प्रतिफल दिने योजना छान्न गाह्रो भएको तथा कोषको दुरुपयोग हुन सक्ने सम्भावनालाई समेत ध्यानमा राखी श्री ५ को सरकारले यस कार्यक्रमलाई निरन्तरता दिनुका साथै कोषको परिचालन सम्बन्धमा अनुगमन गर्नेछ र स्थानीय तहको क्षमता अभिवृद्धि, उत्तर दायित्ववहन गर्ने क्षमताको विकास, दक्षता वृद्धि तथा आयोजनाहरुको दिगोपनमा समेत जोड दिने छ ।

६४. स्थानीय स्रोत, साधन र प्रविधिको परिचालनद्वारा आत्म निर्भर र टिकाउ विकासको आधार सिर्जना गर्ने तर्फ स्थानीय विकास कार्यक्रमलाई परिलक्षित गरिनेछ । स्थानीय निकायको उत्तरदायित्व वहन गर्ने क्षमताको वृद्धि गर्न तथा कोषको दुरुपयोग रोक्न कार्यक्रम र खर्चको प्रगति अनुगमन र समयमा लेखापरीक्षणको आधारमा निकासा दिने व्यवस्था गरिने छ ।

६५. ग्रामीण विकास कोषको २५ प्रतिशत मानव विकास, कल्याण तथा सामाजिक सुरक्षाको लागि खर्च गर्नु पर्ने व्यवस्था कायमै राखिएको छ । यसका अतिरिक्त श्री ५ को सरकारले उपलब्ध गराउने रकम मध्येबाट कमसे कम एउटा कार्यक्रम ग्रामीणस्तरका महिलाहरुले नै सिर्जना गरी उनीहरु प्रत्यक्ष रुपमा लाभान्वित हुने कार्यक्रममा खर्च गर्नु पर्ने व्यवस्था मिलाईने छ ।

६६. गाउंलाई विकासको थलो बनाउने श्री ५ को सरकारको प्रतिवद्धता अनुरुप स्थानीय निकायहरुलाई श्रोत साधन एवं अधिकार सम्पन्न बनाउंदै केन्द्रमुखी भावनालाई निरुत्साहित गरी सांच्चीकै स्वावलम्बन, स्वशासन र स्वाभिमानको भावना जगाउन तथा ग्रामीण

३००



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विकासका कार्यक्रमहरुमा ग्रामीण जनताको प्रत्यक्ष सहभागिता अनिवार्य रुपले जुटाउन यस कार्यक्रम सम्बन्धी निर्देशिकामा सुधार र परिमार्जन गरिनेछ । स्थानीय उपभोक्ताले छनौट गरेका आयोजनाको ३० प्रतिशतसम्म रकम सम्बन्धित उपभोक्ताहरुले लगानी गरेमा श्री ५ को सरकारले बाँकी रकम सहयोग पुऱ्याउने नीतिलाई आगामी आर्थिक वर्ष पनि निरन्तरता दिइनेछ । यस्ता कार्यक्रमहरुलाई विकास कोष मार्फत पनि सञ्चालन गर्न प्रोत्साहित गरिनेछ । यस्ता कार्यक्रमहरुलाई ग्रामीण विकास कोष मार्फत पनि सञ्चालन गर्न प्रोत्साहित गरिनेछ । त्यस्तै, स्थानीय निकायहरु, निजी एवं गैर सरकारी संस्थाहरु, सामुदायिक संगठनहरु र उपभोक्ता समुदायको साझेदारीबाट गाउँमा विकास कार्य अगाडि बढाउन कार्यक्रमहरु ल्याइनेछ ।

६७. "गाउँको अधिकार गाउँलाई नै" दिने अवधारणा अनुरुप स्थानीय निकायहरुको अधिकार र जिम्मेवारी स्पष्ट किटान गरी स्थानीय स्वायत्तताको अवधारणालाई मूर्तरुप दिन आवश्यक अध्ययन गरी सुझाव पेश गर्न सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा गठित उच्चस्तरीय विकेन्द्रीकरण आयोगले आफ्नो कार्य प्रारम्भ गरी सकेको छ । आयोगको सिफारिश समेतको आधारमा विकेन्द्रीकरण सम्बन्धी विधेयक तर्जुमा गरी सदन समक्ष प्रस्तुत गरिनेछ । चालु आर्थिक वर्षमा अधिराज्यका २५० गाउँ विकास समितिहरुलाई खानेपानी, शिक्षा, स्वास्थ्य तथा कृषि कार्यक्रमहरुको संचालन गर्ने जिम्मेवारी दिन शुरु गरिनेछ । यो कार्यक्रमलाई क्रमशः विस्तार गरिने छ । यसबाट ग्रामीण सशक्तिकरणको प्रक्रिया अगाडि बढ्ने मैले विश्वास लिएको छु ।

६८. स्थानीय विकासको निम्ति वित्तिय विकेन्द्रीकरणको सिद्धान्त अनुरुप स्थानीय निकायहरुले जग्गाको मालपोत र स्थानीय स्तरका अन्य कर उठाउने र श्री ५ को सरकारबाट परियोजना लागतका आधारमा अनुदान (Matching Fund) दिने जस्ता कार्यहरुलाई निरन्तरता प्रदान गरिनेछ ।

६९. श्री ५ को सरकारको केन्द्रीयस्तरबाट संचालन गरिने विकास आयोजनाहरु तथा गाउँ विकास समितिबाट संचालन गरिने कार्यक्रमहरुमा दोहोरोपन आउन नदिन केन्द्रीयस्तरबाट संचालन गरिदै आएका तर स्थानीय तहबाट नै लागू गर्न सकिने विकास आयोजना तथा आर्थिक तथा सामाजिक विकासका कार्यक्रमहरुलाई विस्तारै स्थानीयतहमा हस्तान्तरण गरिनेछ । यसै क्रममा श्री ५ को सरकारले केन्द्रीयस्तरबाट वितरण व्यवस्था मिलाइ आएको जेष्ठ नागरिक भत्ता, विधवा भत्ता तथा अशक्तवृत्ति भत्ता क्रमशः गाउँ विकास समितिहरुलाई नै उपलब्ध गराई वितरण गरिनेछ ।

७०. स्थानीय तहको क्षमता वृद्धि गर्न जनशक्ति विकास तथा तालीममा विशेष जोड दिइनेछ । जिल्ला विकास समितिमा कार्यरत कर्मचारीहरुको क्षमता वृद्धि गर्न सबै जिल्ला विकास समितिमा तालीमको व्यवस्था गरिसकिएको छ । अधिराज्यका ७५ जिल्लाकै गाउँ विकास समितिका सचिवहरुलाई लेखा तथा प्रशासनिक विषयको तालीम दिई प्रत्येक गाउँ विकास समितिमा एक जना प्राविधिक सहायक पनि खटाइसकिएको छ ।

७१. स्थानीय निकायहरुको क्षमता अभिवृद्धि गर्न हाल २० वटा जिल्लाहरुमा संचालन भइरहेको सहभागितामूलक जिल्ला विकास कार्यक्रमले स्थानीय निकायहरुको परियोजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन कार्यको व्यवस्थापन क्षमतामा वृद्धि गर्न खेलेको भूमिकालाई मनन गरी यस कार्यक्रमलाई विस्तार गरी आगामी आर्थिक वर्ष थप २० जिल्लाहरुमा विस्तार गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) <u>वित्तिय सन्तुलन तथा आर्थिक अनुशासन कायम गर्ने</u>

सभामुख महोदय,

७२. विगतमा सरकारी क्षेत्रवाट भएका अनुत्पादक लगानी, सरकारी निकायहरुको अनावश्यक विस्तार तथा आन्तरिक एवं वाह्य ऋणका कारणवाट श्रृजना भएका आर्थिक विसंगतिलाई निराकरण गर्न र सीमित श्रोत र साधनको प्रभावकारी परिचालनबाट बिकासका आकांक्षाहरु परिपूर्ति गर्नु वर्तमानको एउटा ठूलो चुनौती हो । प्रत्येक वर्ष राजस्व असूलीमा उल्लेखनीय वृद्धि भएता पनि साधारण खर्चको वनौट र सालवसाली वढ्दै गएको सरकारी दायित्वहरुले हाम्रा विकास लगानीलाई सीमित बनाई दिएको छ । तसर्थ साधारण खर्चलाई एउटा वान्छित सीमा भित्र राखी सक्षम एवं प्रभावकारी वित्तिय व्यवस्थापन द्वारा वित्तिय असन्तुलनलाई न्यून वनाउने उपायहरु अवलम्बन गर्नु अनिवार्य भइसकेको छ ।

७३. उपलव्ध श्रोत र साधनलाई वहुसंख्यक जनताको हितमा प्रभावकारीरुपमा परिचालन गर्न लगानी तथा प्रतिफलको अनुपातको दृष्टिकोणवाट उपयुक्त देखिएका ग्रामीण विकास, आधारभूत संरचना विकास तथा सामाजिक क्षेत्रका कार्यक्रमहरुलाई प्राथमिकता दिइनेछ । राष्ट्रिय योजना आयोगको संस्थागत सुदृढीकरणगरी क्षेत्रगत रुपमा यस्ता परियोजनाहरुको छनौटमा निरन्तरता कायम गर्न तथा भविष्यमा संचालनमा ल्याइने र संचालन भई रहेका परियोजनाहरुको छनौट तथा मूल्यांकन गर्ने (Screening) क्षमतामा वृद्धि गरिनेछ ।

७४. वित्तिय साधनको अभावमा हाल संचालनमा रहेका परियोजनाहरु समयमा नै सम्पन्न हुन नसकेमा परियोजना लागतमा वृद्धि हुने हुंदा नयां परियोजनाको कार्यान्वयन गर्दा संचालनमा रहेका परियोजनाहरुलाई प्रभाव नपार्ने गरी वित्तिय साधनको विनियोजन गरिनेछ । परियोजनाहरुको खर्च गर्ने प्रकृयामा वैज्ञानिकता, पारदर्शिता तथा निश्चितता ल्याउन र साधनले धान्न सक्ने परियोजनाहरु मात्र छनौट गर्न केही पूर्वाधारहरुको विकास गरी गत वर्ष प्रस्ताव गरिएको त्रिवर्षिय चक्र बजेट प्रणाली लागू गरिएको छ । परियोजना कार्यान्वयन स्तरमा देखा पर्ने समस्यालाई समयमा नै निराकरण गर्न अनुगमन तथा मूल्यांकन पद्धतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । ग्रामीण स्वावलम्बन तथा विकास कार्यक्रम अन्तरगत संचालन गरिने सुक्ष्म परियोजनाहरुमा समेत यो व्यवस्था प्रभावकारीरुपमा अवलम्बन गर्न आवश्यक पूर्वाधारको विकास गरिनेछ ।

७५. जनतालाई पुऱ्याइने सेवाहरु सक्षमतापूर्वक र प्रभावकारी रुपमा पुऱ्याउन निजी तथा गैर सरकारी निकायहरुको सहभागितालाई समेत प्रोत्साहित गरिनेछ । सरकारी क्षेत्रवाटै प्रवाहित गरिनु पर्ने सेवाहरुलाई कम लागतमा सक्षमता पूर्वक प्रवाह गर्न विद्यमान प्रशासनिक संयन्त्रलाई कम खर्चिलो तथा वढी उत्पादनमूलक बनाइनेछ ।

७६. वढ्दो साधारण खर्चलाई निश्चित सीमा भित्र कायम राख्ने प्रयासस्वरुप यसै आर्थिक वर्ष देखि अवलम्बन गरिएका सरकारी खर्च मितव्ययिताको कार्यलाई अझ प्रभावकारी रुपमा निरन्तरता दिइनेछ । सरकारी क्षेत्रवाट गरिने औपचारिक एवं अनौपचारिक भ्रमण, जलपान र भोज भतेरको आयोजना, निश्चित मापदण्ड विना गरिने कर्मचारी सरुवा, सरकारी बजेट माथि चाप पर्ने गरी अनावश्यकरुपमा खडा गरिने कार्यदल तथा अनावश्यक रुपमा वितरण गरिने भत्ताहरुलाई नियन्त्रण गरिनेछ । यसले आर्थिक अनुशासन कायम गर्न उत्प्रेरित गराउने मैले महसूस गरेको छु । कुनै विशेष कार्य प्रकृतिको कार्य संचालन गर्न कार्य दल वा समिति गठन गर्नु पर्ने नै भए त्यस्ता निकायहरुमा हाल सरकारी कार्यालयहरुमा रहेकै कर्मचारीहरुद्वारा काम चलाइने छ । प्रशासनिक खर्च वृद्धि हुने गरी यस्ता समिति वा कार्यदलहरुमा नयां **दरबन्दी**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सृजना गर्न दिइनेछैन । विभिन्न सरकारी कार्यालय, समिति एवं सार्वजनिक संस्थानहरुको नयां दरवन्दी श्रृजना गर्ने कार्यलाई निरुत्साहित गरिनेछ । त्यस्तै, सरकारी निकायमा प्रयोगमा आउने मसलन्द सामानमा एक रुपता कायम गर्ने र कार्यालयमा उपयोग हुने विद्युतिय सामग्री र टेलिफोनको प्रयोगमा एक निश्चित मापदण्ड कायम गरी खर्चमा मितव्ययिता ल्याइने छ । साथै प्रत्येक निकायमा, साधारण वा सालवसाली प्रकृतिका खर्च वापत विनियोजित रकममा थप निकासा नदिने व्यवस्था कडाइको साथ लागु गरी खर्चमा नियन्त्रण गरिने छ ।

७७. आयोजनाको छनौट गर्दा आवश्यक अध्ययन नभएका आयोजनाहरुलाई बजेट निकासा गरिने छैन । अनुदान प्रदान गर्ने परम्परालाई निरुत्साहित गरिनेछ र अनुदाननै दिनु पर्ने अवस्थामा पनि अनुदानको अंश र कार्यक्रमको वीच तादात्म्यता कायम गरिने छ । सरकारी क्षेत्रमा संचालित खास प्रकृतिका कार्य सम्पादन गर्ने सार्वजनिक प्रतिष्ठानहरु वाहेक अन्य संस्थानहरुलाई अनुदान नदिने नीतिलाई कायमै राखिनेछ ।

७८. सरकारी संस्थानहरुवाट श्री ५ को सरकारलाई वुझाउनु पर्ने ऋणको सावां तथा व्याजको हिसाव अद्यावधिक राखी समयमै वुझाउन लाउने एवं श्री ५ को सरकारले गरेको लगानीको न्यायोचित प्रतिफल प्राप्त हुने व्यवस्था गर्न लाभांश सम्बन्धी निश्चित मापदण्ड आगामी आर्थिक वर्ष देखि लागू गरिने छ । कतिपय सरकारी संस्थानहरुमा बढ्दै गएका व्ययभारले गर्दा सरकारी दायित्वमा समेत प्रतिकूल प्रभाव परेकाले संस्थानहरुको आवश्यक भन्दा बढी भएको जनशक्तिलाई कटौती गर्ने, पूँजी तथा ऋण लगानी कम गर्ने, आर्थिक अनुदानलाई घटाउदै लैजाने तथा कठोर आर्थिक अनुशासन पालन गराउने नीतिको अवलम्वन गरिने छ ।

७९. आन्तरिक श्रोत परिचालनको लागि राजस्व प्रशासनलाई सुदृढ गर्न भंसार प्रशासन तर्फ कम्प्यूटर सूचना प्रशोधन व्यवस्था लागू गरिनेछ । वस्तु तथा सेवामा आधारित करतर्फ मूल्य अभिवृद्धि कर लागु गर्न संस्थागत संरचनाको विकास गरिनेछ । राजस्व चुहावट नियन्त्रणका निम्ति संस्थापित निकायहरुलाई वढि क्रियाशील बनाइ अनुगमन व्यवस्थालाई प्रभावकारी बनाइनेछ ।

८०. आयोजनालाई स्वीकृत भएको बजेट समयमा नै निकासा हुने गरी विगतमा गरिएको प्रकृयागत सुधारलाई निरन्तरता प्रदान गरिनेछ । त्यस पछिका निकासालाई खर्चसंग आवद्ध गरी प्राथमिकता क्षेत्रमा पर्ने परियोजनाहरुलाई चौमासिक रुपमा र अन्य परियोजनाहरुलाई मासिकरुपमा निकासा दिने व्यवस्थालाई अरु बढि प्रभावकारी बनाइनेछ । निर्माण कार्यसंग सम्वन्धित टेण्डर ठेका पट्टा जस्ता कार्यहरु मार्ग महिनासम्ममा सम्पन्न गरि सक्नु पर्ने व्यवस्था गरिनेछ ।

८१. विभिन्न गैरसरकारी निकायहरुलाई प्रदान गरिने सरकारी अनुदान कार्यक्रमसंग आवद्ध गरिने छ । यस्ता निकायहरुलाई अनुदान दिन विनियोजित रकम खर्चको आधारमा निकासा गरिनेछ ।

सभामुख महोदय,

८२ अव म आगामी आर्थिक वर्षको निम्ति विनियोजन प्रस्ताव पेश गर्दछु ।

८३. आगामी आर्थिक वर्षको लागि जम्मा रु. ५७ अर्व ५६ करोड ५६ लाख १५ हजार खर्च हुने अनुमान गरिएको छ । यो रकम चालु आर्थिक वर्षको प्रस्तावित खर्चको तुलनामा ११.४ प्रतिशतले तथा संशोधित अनुमानको तुलनामा २३.३ प्रतिशतले बढी छ । कूल खर्चमध्ये



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

साधारण खर्चतर्फ रु. २४ अर्व ९८ करोड ४८ लाख ३२ हजार तथा विकास खर्च रु. ३२ अर्व ५८ करोड ७ लाख ८३ हजार विनियोजन गरिएको छ । यो रकम चालु आर्थिक वर्षको संशोधित अनुमानको तुलनामा साधारण खर्च १३ प्रतिशत र विकास खर्च ३२.६ प्रतिशतले बढी छ ।

८४. साधारणतर्फ खर्च वृद्धि हुनाको प्रमुख कारणहरुमा विगत वर्षहरुमा लिइएको ऋणको साँवा व्याज भुक्तानीमा वृद्धिका अतिरिक्त कर्मचारी सुविधा वृद्धि, र स्थानीय निर्वाचन कार्यका लागि गरिएको विनियोजन रहेको छ भने विकासतर्फ विनियोजित रकम वृद्धि हुनको मुख्य कारणहरुमा कालीगण्डकी "ए" जलविद्युत आयोजना, मेलम्ची खानेपानी आयोजना, वनेपा-सिन्धुली-वर्दिवास सडक, खानेपानी चौथो चरण, ग्रामीण खानेपानी आयोजना, दोस्रो सिंचाई सेक्टर आयोजना, सातौं विद्युत आयोजना र कुलेखानी संरक्षण लगायत अन्य कतिपय आयोजनाहरुमा गर्नु पर्ने थप व्यवस्था प्रमुख रहेको छ ।

८५. साधारण तर्फको विनियोजन मध्ये साँवा व्याज भुक्तानीतर्फ रु. ७ अर्व ८४ करोड १६ लाख, रक्षा तर्फ रु. २ अर्व ४२ करोड ४६ लाख र प्रहरी तर्फ रु. २ अर्व २३ करोड ५५ लाख छुट्याइएको छ ।

८६. साधारण बजेटमा शिक्षा तर्फ रु. ५ अर्व ७ करोड ९० लाख छुट्याइएको छ । प्राथमिक, निम्न माध्यमिक तथा माध्यमिक शिक्षाको लागि आगामी आर्थिक वर्षको लागि रु. ४ अर्व ८ करोड ३८ लाख विनियोजन गरिएको छ । शिक्षा नियमावलीमा भएको संशोधन अनुसार शिक्षक-शिक्षिकालाई पनि निजामती कर्मचारी सरह औषधि उपचार खर्च उपलब्ध गराउनको लागि थप बजेटको व्यवस्था गरिएको छ । जेष्ठ नागरिक, अशक्त, अपांग एवं असहाय विधवा सुरक्षा व्यवस्थाको लागि रु. २८ करोड छुट्याइएको छ ।

८७. साधारण बजेटमा स्वास्थ्य तर्फ कुल रु. ९७ करोड २९ लाख विनियोजन गरिएको छ । जिल्ला र गाउं विकास समिति तहसम्म प्राथमिक स्वास्थ्य उपचार सुविधा उपलब्ध गराउने लक्ष अनुरुप २०५२।५३ सम्म स्थापना भैसकेका स्वास्थ्य केन्द्र र उप-स्वास्थ्य चौकीहरुको लागि रु. ३२ करोड ५८ लाख छुट्याइएको छ ।

८८. निश्चित आय भएका राष्ट्र सेवकहरुको कठिनाईलाई ध्यानमा राखी श्री ५ को सरकारले सीमित श्रोतले भ्याएसम्म राहत स्वरुप आगामी आर्थिक वर्ष थप महङ्गी भत्ता उपलब्ध गराउने छ । यस अनुसार सबभन्दा तल्लो तहको कर्मचारीलाई शुरु तलवको ७.२ प्रतिशत र माथिल्लो तहलाई ४.४ प्रतिशतले उक्त भत्ता प्रदान गरिने छ । यो महङ्गी भत्ता सबै निजामती कर्मचारी, शाही नेपाली सेना, प्रहरी तथा शिक्षकहरुलाई समेत प्राप्त हुनेछ । यस्तै अवकाश प्राप्त कर्मचारीहरुले राष्ट्रको विकासको लागि गरेको सेवाको कदर स्वरुप आधा महिनाको निवृत्तिभरण बराबरको रकम दशै खर्चको रुपमा दिइनेछ । हाल कायम रहेको दुर्गम स्थान भत्ताको दर पुरानो भएकोले यसलाई समय सापेक्ष बनाउन आवश्यक भएको हुँदा आगामी आर्थिक वर्षमा दुर्गम स्थान भत्ताको पुनरावलोकन गरिने छ ।

सभामुख महोदय,

८९. अव म विकास खर्च सम्बन्धी मूख्य मूख्य प्रस्ताव प्रस्तुत गर्दछु ।

९०. कृषि क्षेत्रको दीर्घकालीन योजना कार्यान्वयनका लागि आवधिक लगानी योजना तयार भइरहेको छ । यस अन्तर्गत उपलब्ध श्रोतहरुलाई अधिकतम परिचालन गरी सघन सिचाई,

३०८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ग्रामीण सडक तथा विद्युतिकरण, कृषि अनुसन्धान तथा विकास जस्ता कार्यक्रमहरु योजनावद्ध रुपमा संचालन गरिने छन् । सिंचित क्षेत्रको सघन उपयोग, पशु व्यवस्थापन, पशु स्वास्थ्य सुदृढीकरण, राजमार्ग नजिकका क्षेत्रमा फलफुल तथा तरकारी खेतीको व्यवसायिक विस्तार, कृषि उत्पादन विविधिकरण एवं बजार विकास जस्ता कार्यक्रमहरु प्राथमिकताका साथ लागू गरिने छन् । ग्रामीण सडक तथा विद्युतिकरण कार्यक्रमलाई कृषि विकाससंग आवद्ध गराई समन्वयात्मक रुपमा संचालन गरिनेछ । छानिएका केही जिल्लाहरुमा महिला कृषक, साना तथा सीमान्त कृषकहरुको व्यवसाय प्रवर्द्धन गर्न लक्षित कार्यक्रमहरु सचालन गरिने छ । यसरी कृषि विकास कार्यक्रमका लागि रु. २ अर्ब ५७ करोड ४६ लाख छुट्याइएको छ ।

९१. रासायनिक मलखादको सरल आपूर्ति एवं वितरणमा निजी क्षेत्रको सहभागिता बढाउदै प्रतिस्पर्धात्मक बजार विकास गर्ने नीति अवलम्वन गरिएको छ । मलखादको आपूर्ति गर्न मूल्य एवं ढुवानीको निम्ति रु. ६० करोड अनुदान प्रस्ताव गरेको छ ।

९२. सीमान्त तथा गरीव कृषकहरुले अत्यावश्यक कृषि सामाग्रीको व्यवस्था गर्न सकुन भन्ने उद्देश्यले कृषि विकास बैंक मार्फत ऋण उपलब्ध गराइने छ । साना किसान कार्यक्रम अन्तर्गत १५४० साना किसान समूह गठन भई ११ हजार साना किसान परिवार लाभान्वित हुनेछन् । महिला कृषकहरुलाई कृषि विकास कार्यमा सहभागी वनाउन महिला कृषक समूहलाई क्रियाशील बनाइने छ । महिला कृषकहरुको आय आर्जनमा स-साना कार्यहरुलाई सहयोग पु-याउन १० वटा जिल्लामा घुम्तिकोषको व्यवस्था मिलाइएको छ ।

९३. कृषि क्षेत्रको उत्पादन एवं उत्पादकत्व वृद्धिका निम्ति मौसम माथि रहेको निर्भरतालाई क्रमश: कम गर्दै लैजान सिचाई सुविधाको विस्तारमा जोड दिइएको छ । यसका निम्ति कृषकहरुको सहभागितामा सिंचित कृषि क्षेत्र विस्तार हुने आयोजनाहरुको संचालनलाई प्राथमिकता दिइने छ । वृहत् क्षेत्रफल ओगटेका तथा पहिले नै प्रशस्त लगानी भैसकेको सुनसरी मोरङ सिचाई आयोजना, वागमती सिचाई आयोजना, पूर्वी राप्ती सिचाई आयोजना, महाकाली सिचाई आयोजना जस्ता आयोजनाहरु लाई सम्पन्न गराइने कार्यलाई प्राथमिकता दिइएको छ । ववई सिचाई आयोजनाको मूल नहर निर्माणको निम्ति रकमको व्यवस्था गरिएको छ ।

९४. पूर्वाञ्चल र मध्यमाञ्चल विकास क्षेत्रका ३५ जिल्लाहरुमा सिचाइ सेक्टर विकास कार्यक्रम अन्तर्गत नयाँ कुलो निर्माण एवं कृषक कुलो सुधारबाट ९ हजार २ सय हेक्टरमा थप सुविधा उपलव्ध गराइने छ । त्यसैगरी इरिगेसन लाइन अफ क्रेडिट कार्यक्रम अन्तर्गत पश्चिमाञ्चल, मध्यपश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चल विकास क्षेत्रका ३६ जिल्लाहरुमा नयाँ कुलो निर्माण र कृषक कुलो सुधारबाट १६ हजार हेक्टर जमिनमा थप सिचाई सुविधा उपलब्ध गराइने छ । यसका अतिरिक्त भैरहवा-लुम्बिनी सिचाई कार्यक्रम, धवलागिरी अन्चल सिचाई, सामुदायिक स्यालो ट्यूववेल, आदि कार्यक्रमहरु संचालनको निम्ति रकमको व्यवस्था गरेको छ । यसबाट करीव ४४ हजार ५७२ घर परिवारका २ लाख ५० हजार जनतालाई प्रत्यक्ष लाभ पुग्न जानेछ । सिचाई क्षेत्र सम्बन्धी कार्यक्रमको लागि रु. ३ अर्ब १८ करोड १२ लाख ६५ हजार विनियोजित गरिएको छ । त्यस्तै बैंकहरु मार्फत कृषकहरुको आफ्नै सहभागितामा शुरु गरिने निजी तथा सामूहिक सिचाई आयोजनाहरुलाई अनुदान दिने व्यवस्था कायमै राखी यसको लागि रु. ११ करोड विनियोजन गरेको छु । उपरोक्त कार्यक्रमहरुवाट आगामी आर्थिक वर्षमा ७१ हजार हेक्टर जमिनमा थप सिचाई सुविधा प्राप्त हुनेछ ।

९५. संचारतर्फ आगामी आर्थिक वर्षको बजेटमा रु. ८५ करोड ४५ लाख ५९ हजार छुट्याएकोछु । आगामी आर्थिक वर्षमा अधिराज्यका विभिन्न शहरी क्षेत्रमा ६७ हजार ७५० लाइन टेलिफोन क्षमता विस्तार गर्ने तथा ग्रामीण क्षेत्रहरुका २०० स्थानमा मार्टस प्रणालीको टेलिफोन र २०५



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्थानमा भी.एच.एफ टेलिफोन जडान गरी सेवा उपलब्ध गराइने छ । अधिराज्यका २० वटा शहरोन्मुख स्थानहरुमा १५० देखि २०० लाइनसम्मको टेलिफोन एक्सचेन्जको स्थापना गरिने छ ।

९६. नेपाल दूरसंचार संस्थानलाई प्रतिस्पर्धात्मक वातावरणमा सक्षमतापूर्वक संचालन गर्न व्यवस्थापनमा सुधार गरी स्वायत्तता प्रदान गरिने छ । दूरसंचार क्षेत्रमा सेवाहरु सुलभ रुपले प्रदान गर्न वेसिक तथा रेडियो पेजिङ र मोवाइल टेलिफोन जस्ता सेवाहरुमा निजी क्षेत्रको सहभागिता वृद्धि गरिने छ

९७. हुलाक सेवालाई सुदृढ, सक्षम एवं भरपर्दो बनाई संस्थागत सुदृढीकरण गरिने छ । अधिराज्यका हरेक गाउं विकास समितिमा हुलाक सेवा पुऱ्याउन "एक व्यक्ति हुलाक"को अवधारणा अनुरुप इलाका हुलाक एवं अतिरिक्त हुलाक क्रमिक रुपमा स्थापना गर्न आवश्यक रकमको व्यवस्था गरेको छु ।

९८. पत्रकारिता क्षेत्रमा संलग्न व्यक्तिहरुको स्वास्थ्य सुविधाको निम्ति स्थापित औषधि उपचार कोषमा आगामी वर्ष पनि केही रकम विनियोजन गरिने छ । त्यस्तै अधिराज्यभरमा श्रमजिवी पत्रकारहरुमध्ये उत्कृष्ट ठहरिने व्यक्तिलाई नगद पुरस्कारको व्यवस्था गरिने छ ।

९९. नेपाल टेलिभिजनको प्रशारणलाई देशव्यापी बनाउन निर्माण पुरा भएका स्टुडियो भवनमा थप प्रसारण उपकरण जडान गर्न रु. ५ करोड ५० लाख विनियोजन गरिएको छ ।

१००. निजी क्षेत्रको लगानीलाई उद्योग क्षेत्रमा प्रवाहित गर्ने वातावरण श्रृजना गर्न विभिन्न प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिने छन् । निजी क्षेत्रको क्षमता अभिवृद्धि गर्न आवश्यक सीप तथा उद्यमशीलता विकासका साथै तयारी पोशाक, छाला बस्तु उत्पादन जस्ता क्षेत्रगत प्रशिक्षण कार्यक्रमहरु संचालन गरिनेछन् । यस्तो प्रशिक्षणबाट आर्जित सीप र उद्यमशीलतालाई रोजगारी एवं उत्पादनमा परिणत गर्न आवश्यक पुंजी व्यवस्था गर्न वित्तीय संस्थाहरुलाई ऋण उपलब्ध गराउने व्यवस्था मिलाइएको छ । उद्योग क्षेत्रका कार्यक्रमहरुका लागि आगामी आर्थिक वर्षको निमित्त रु. ३३ करोड ५६ लाख ४१ हजार छुट्याएको छु ।

१०१. विद्युतको आन्तरिक मागको आपूर्ति एव विद्युत निकासीको सम्भावनालाई मनन गरी सरकारी एवं निजी क्षेत्रबाट चरणबद्ध लगानी प्रवाहित गर्न यस क्षेत्रमा रु. ५ अर्व ८३ करोड ३५ लाख ७२ हजार विनियोजन गरेको छु । आगामी आर्थिक वर्षदेखि कालीगण्डक "ए" आयोजनाको निर्माण कार्य शुरु गर्न रु. १ अर्व ६६ करोड ५६ लाख विनियोजन गरेको छु । त्रिशुली देवीघाट जलविद्युत आयोजना, हेटौडा डिजेल प्लान्टको सुदृढीकरण एवं दुहवी मल्टिफ्यूल विद्युत केन्द्रको क्षमता वृद्धि कार्यक्रम आगामी आर्थिक वर्ष सम्पन्न गर्ने गरी रकमको व्यवस्था गरेको छु । इलाम (पुवाखोला), कालीकोट, डोल्पा, अछाम, तातोपानी जस्ता चालु आयोजनाको लागि रकमको व्यवस्था गरेको छु । दुर्गम एवं पिछडिएको क्षेत्रमा विद्युत सेवा उपलब्ध गराउदै जाने प्राथमिकता अनुसार आगामी आर्थिक वर्ष मुगु र हुम्ला जिल्लाको हेल्दुङ कालीकोट साना जलविद्युत आयोजना तथा डोल्पा साना जल विद्युत आयोजनाको काम शुरु गर्न रकमको व्यवस्था गरेको छु । विद्युत उत्पादन केन्द्र रहेको जिल्लाको ग्रामीण विद्युतीकरणको निम्ति जिल्लास्थित विद्युत केन्द्रबाट उत्पादित आयको १ प्रतिशत रकम नेपाल विद्युत प्राधिकरणले सोही जिल्लामा खर्च गर्नु पर्ने नीति कायमै राखिएको छ । निजी क्षेत्रको सहभागितामा साना तथा मझौला आयोजना संचालन गर्ने नीति अनुरुप खिम्ती जलविद्युत आयोजनाको निर्माण कार्य शुरु भैसकेको तथा भोटेकोशी जलविद्युत आयोजनाको निर्माण कार्य समेत आगामी आर्थिक वर्षदेखि शुरु हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०२. ग्रामीण विद्युतीकरणका लागि सातौं विद्युत आयोजना, सिधवा-खांदबारी प्रसारण लाइन, धादिङ (पृथ्वी राजमार्ग) विद्युतीकरण आयोजना, डुम्रे बेशीशहर ग्रामीण विद्युतीकरण आयोजना एवं कैलाली कंचनपुर ग्रामीण विद्युतीकरण आयोजना लगायत अन्य ग्रामीण विद्युतीकरण आयोजना संचालन गरिने छन् । यी कार्यक्रमहरुबाट आगामी आर्थिक वर्षमा ग्रामीण एवं दुर्गम क्षेत्रमा थप ३५ हजार ग्राहकलाई विद्युत सेवा उपलब्ध हुनेछ । ग्रामीण जनताले उपयोग गर्ने वैकल्पिक उर्जाको विकासका निमित्त विद्युत, गोवरग्यांस उत्पादन तथा सौर्य उर्जा उत्पादनका निम्ति पुंजीगत अनुदान प्रदान गरिने छ । आगामी आर्थिक वर्षमा १० हजार गोवरग्यास प्लाण्ट स्थापना गर्न अनुदान सहयोग उपलब्ध गराइने छ ।

१०३. सर्वसाधारणले दैनिक रुपमा प्रयोग गर्ने काठपात, दाउरा आदि सरल रुपमा आपूर्ति गर्न सामुदायिक वन तथा वृक्षारोपण कार्यक्रमलाई प्राथमिकता दिइने छ । वनजन्य उद्योगलाई कच्चापदार्थ उपलब्ध गराउन तथा पर्यावरण संरक्षण गर्न सामुदायिक वन संचालनलाई प्रोत्साहन गरिने छ । वन क्षेत्रबाट वहुसंख्यक साना तथा सीमान्त परिवारका लागि आय तथा रोजगारका अवसर बढाउन जडिबूटी उत्पादन तथा प्रवर्द्धन कार्यक्रम संचालनमा जोड दिइने छ । सामुदायिक वन विकास कार्यक्रम अन्तर्गत १८९१ उपभोक्ता समूहलाई वन क्षेत्र हस्तान्तरण गरी वन व्यवस्थापनको जिम्मा दिइनेछ । यस कार्यबाट अधिराज्यका करीव ६५ हजार परिवार लाभान्वित हुने विश्वास लिएको छु । आगामी आर्थिक वर्षमा पहाडी कवुलियत वन कार्यक्रमको कार्यक्षेत्र सिन्धुली, चितवन एवं तनहुं जिल्लामा विस्तार गरिने छ । चुरे जस्ता अति संवेदनशील क्षेत्रको भू-तथा जलाधार क्षेत्रको संरक्षण एवं व्यवस्थापनमा जोड दिइने छ । वन सम्बन्धी कार्यक्रमका लागि रु. ४७ करोड ४१ लाख ८७ हजार वजेट व्यवस्था गरेको छु ।

१०४. बाढी तथा नदी कटानबाट श्रृजना भएको भू क्षयको समस्यालाई निराकरण गर्न स्थानीय जनताको सहभागितामा वृक्षारोपण तथा तटवन्ध निर्माण जस्ता कार्यक्रमहरु संचालन गरिने छन् । ऐतिहासिक एवं पुरातात्विक महत्व भएको तिलौराकोटको संरक्षणको लागि वाणगंगा नदी नियन्त्रण कार्यलाई प्राथमिकता दिइएको छ ।

१०५. भूमिसुधार कार्यक्रमतर्फ रु. ३३ करोड १७ लाख ८५ हजार विनियोजन गरेको छु । भूमिसुधार, नापी तथा मालपोत सम्बन्धी तथ्याङ्क, अभिलेख र सूचनाहरुलाई व्यवस्थापन गर्न एकीकृत भू-सूचना प्रणाली विकासको कार्यक्रम चालु राखिने छ । भूमिहीन सुकुम्वासी किसानहरुको व्यवस्थित वसोबासका लागि सुकुम्वासी समस्या समाधान कार्यक्रम संचालन गरिने छन् । कमैयाहरुको लागि हाल विभिन्न मन्त्रालय अन्तर्गत संचालन गरिएका कार्यक्रमहरुलाई समन्वयात्मक ढङ्गले संचालन गरी ऋणबाट मुक्त गरिएका कमैयाहरुको वृत्ति विकास गरिने छ । अधिराज्यको आफ्नै आधार नक्सा तयार गर्ने सिलसिलामा बांकी रहेको पश्चिम क्षेत्रको टोपो नक्सा तयार गर्न टोपो ग्राफिकल नक्सा आयोजना पनि संचालन गरिने छ ।

१०६. नेपाललाई विदेशी पर्यटकहरुको गन्तव्य स्थानको रुपमा स्थापित गर्न सन् १९९८ लाई "नेपाल दर्शन वर्ष" मनाउने कुरा माथि उल्लेख भईसकेको छ । पर्यटन उद्योगबाट वातावरणमा पर्ने प्रतिकूल असर न्यून गरी "वातावरणीय पर्यटन" (Eco Tourism) को विकास गर्न दोश्रो पर्यटन पूर्वाधार विकास कार्यक्रम प्रारम्भ गरिने छ । यस अन्तर्गत पोखरामा सरसफाई एवं फोहर मैला व्यवस्थापन, फेवाताल एवं पोखरा नगर क्षेत्रको वातावरण सुधार तथा गोरखाको मनास्लु क्षेत्रमा कार्यक्रम संचालन गरिनेछ । स्थानीय जनताको सहभागीतामा नयां पर्यटन स्थलहरुको विकास तथा पर्यटन प्रवर्द्धनका विविध कार्यक्रम संचालन गर्नका निम्ति पर्यटन विकास कोषमा थप रकमको व्यवस्था गरिएको छ । यस्ता कार्यक्रमको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

संचालनबाट स्थानीयस्तरमा आयमूलक रोजगारीका अवसर सिर्जना भई करीब १ लाख ५० हजार जनता लाभान्वित हुने विश्वास लिएको छ । पर्यटन क्षेत्रका लागि आगामी आर्थिक वर्षमा रु. ३१ करोड ८९ लाख २९ हजार विनियोजन गरेको छ ।

१०७. दुर्गम क्षेत्रमा जनतालाई यातायात सेवा उपलब्ध गराउन र पर्यटन व्यवसायलाई विस्तार गर्ने अभिप्रायले आगामी आर्थिक वर्षमा हवाई यातायात विकास तर्फ विविध कार्यक्रम संचालन गरिनेछन् । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको विस्तार गरी संचार एवं उड्डयन उपकरणको व्यवस्था गरिने छ । काठमाडौं उपत्यका वाहिर पोखरा, भैरहवा तथा विराटनगर विमानस्थलहरुमा संचार तथा उड्डयन उपकरण थप एवं विस्तार गरिनेछ । दुर्गम जिल्लाहरुमा विमानस्थल निर्माण एवं मर्मत सम्भार र पर्यटकीय स्थल एवं धार्मिक, सांस्कृतिक स्थानहरुमा हेलिप्याड निर्माण सम्बन्धी कार्यक्रमको लागि रकम विनियोजित गरिएको छ । काठमाडौं उपत्यका वाहिर अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको सम्भाव्यता अध्ययन गर्ने कार्य चालु रहनेछ । हवाई यातायात विकासतर्फ रु. ७६ करोड ४३ लाख ४१ हजार विनियोजन गरेको छ ।

१०८. वैकल्पिक यातायातको रुपमा जलमार्ग विकासको संभावना बारे विस्तृत अध्ययन गर्ने र सुख्खा वन्दरगाह स्थापना तथा विजलपुर-वर्दिवास खण्डमा रेल्वे यातायातको विस्तारको सर्वेक्षण कार्यका लागि रकम व्यवस्था गरिएको छ ।

१०९. यातायात क्षेत्रको योजनावद्ध विकासका निम्ति आगामी आर्थिक वर्षमा राष्ट्रिय यातायात नीति तर्जुमा गरिने छ । निर्माणाधिन रहेका राष्ट्रिय राजमार्गहरु मध्ये फिदिम-ताप्लेजुङ खण्डमा पर्ने कावेरी पुल र वैतडी दार्चुला खण्डको चमेलिया नदीमा पर्ने पुल निर्माणको लागि रकम विनियोजित गरेको छ । खोड्पे-वझाङ, हिले-भोजपुर, वसन्तपुर-चैनपुर-खांदवारी सडक, खिम्ती-मन्थली-रामेछाप, गाइघाट-दिक्तेल तथा कटारी-ओखलढुङ्गा, बाग्लुङ-वेनी, छिन्चु-जाजरकोट, सुर्खेत-दैलेख, सल्यान-मुसीकोट, साँफेवगर-मार्तडी र साँफेवगर-मंगलसेन जस्ता जिल्ला सदरमुकाम जोड्ने सडकहरु लगायत विभिन्न सहायक मार्गहरुको निर्माणको निम्ति रकम विनियोजन गरेको छ । सुर्खेत-जुम्ला राजमार्गको निर्माण तथा महेन्द्र राजमार्गको कोहल्पुर-महाकाली खण्डमा पर्ने २२ वटा पुलको निर्माण कार्य शुरु गर्न आवश्यक रकम व्यवस्था गरेको छ । काठमाडौं उपत्यका प्रवेश गर्ने वैकल्पिक मार्गको रुपमा उच्च प्राथमिकता दिइएको वनेपा-सिन्धुली-वर्दिवास सडकको पहिलो चरणको निर्माण कार्यको लागि पनि आवश्यक रकमको व्यवस्था गरेको छ ।

११०. ग्रामीण जन जीवनमा प्रत्यक्ष सरोकार राख्ने हुलाकी सडकको स्तरोन्नति गर्ने, पुलहरुको डिजाइन र निर्माणका साथै खण्डास्मित सडकहरुलाई आर्थिक सम्भाव्यताका आधारमा कालोपत्र गर्दै लगिने छ । आगामी आर्थिक वर्षमा विभिन्न हुलाकी सडक सुधार गर्ने कार्यक्रम अन्तर्गत करीव ९१ किलोमिटर सडक खण्डास्मित गर्ने तथा विभिन्न पुल, पुलेसा निर्माण गर्न रकम विनियोजन गरेको छ । त्यस्तै निर्माण सम्पन्न भैसकेका विभिन्न राजमार्गहरु एवं सहायक मार्गहरुको पुनर्निमाण तथा मर्मत सुधार गर्ने कार्यक्रम अन्तर्गत नौविसे,मलेखु, मुगलिङ, मर्स्याङ्गदी, अरनिको राजमार्ग, बुटवल-कोहलपुर, बुटवल-तानसेन, हेटौंडा, भिठ्ठामोड-ढल्केवर, नवलपुर-मलङ्गवा, चन्द्रनिगाहपुर-गौर, ककनी-त्रिशुली, आदि सडकहरु मर्मत सुधार गर्न रकम विनियोजन गरेको छ । त्यस्तै महेन्द्र राजमार्ग कोशी व्यारेज खण्डको पुनर्निमाण कार्य सम्पन्न गर्नुका साथै गोरुसिङ्गे-सन्धिखर्क खण्डास्मित गर्ने कार्य सम्पन्न गरिने छ । त्यस्तै तेश्रो सडक सुधार कार्यक्रम अन्तर्गत लमही-तुल्सीपुर, माइखोला-इलाम र सहजपुर-डडेलधुरा सडकको कालोपत्रे गर्ने कार्य पनि यस वर्ष शुरु गरिने छ ।

३०८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१११. अधिराज्यका विभिन्न भागमा ४० वटा पक्की पुल निर्माण प्रारम्भ गरी १५ वटा पुलको निर्माण पुरा गर्न तथा पहाडी भेगको मूल बाटोमा पर्ने २८ वटा झोलुङ्गे पुल निर्माण गर्न रकमको व्यवस्था गरेको छु । आगामी आर्थिक वर्षमा सडक यातायात क्षेत्रका निम्ति रु. ४ अर्व ६७ करोड २१ लाख विनियोजन गरेको छु ।

११२. सबैलाई स्वास्थ्य सेवा पु-याउने राष्ट्रिय स्वास्थ्य नीति अनुरुप आधारभूत स्वास्थ्य सेवा, चिकित्सा सेवा र स्वास्थ्यवर्धक सेवा सम्बन्धी विभिन्न कार्यक्रमहरु संचालन गरिने छन् । सन् २००० सम्ममा मुलुकबाट पोलियो रोग उन्मूलन गर्ने प्रतिवद्धता अनुरुप पोलियो खोप कार्यक्रमलाई व्यापक बनाई आगामी वर्ष ५ वर्ष मुनिका ३३ लाख वालवालिकालाई पोलियो खुवाइने छ । अधिराज्यका विकट ग्रामीण क्षेत्रहरुमा चिकित्सा सेवा पु-याउन आगामी आर्थिक वर्षमा पनि विशेषज्ञ चिकित्सक टोलिको व्यवस्था कायमै राखिएको छ ।

११३. प्रत्येक गाउं विकास समितिसम्म आधारभूत स्वास्थ्य सेवा पु-याउन आगामी आर्थिक वर्षमा पनि ६०० वटा उप-स्वास्थ्य चौकीहरु स्थापना गरिने छन् । आगामी आर्थिक वर्षमा ५ जिल्लामा आयूर्वेद स्वास्थ्य केन्द्र र २० वटा आयूर्वेद औषधालयहरु स्थापना गरिने छन् । वि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, वि.पि. मेमोरियल क्यान्सर अस्पताल, शहीद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्र, वीर अस्पताल, कान्ति बाल अस्पताल एवं श्री ५ इन्द्र राज्यलक्ष्मी प्रसूती गृहको लागि पनि बजेटको व्यवस्था गरिएको छ । स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुका निम्ति रु. २ अर्व ४८ करोड ५० लाख ३४ हजार विनियोजन गरिएको छ ।

११४. स्थानीय विकास सम्बन्धी कार्यक्रमको लागि रु. ४ अर्व ७ करोड ४९ लाख ८३ हजार विनियोजन गरिएको छ । यसमध्ये जिल्ला विकास समितिलाई रु. ६२ करोड, नगरपालिकाहरुलाई रु. ८ करोड ४० लाख र ग्रामीण स्वावलम्बन कार्यक्रमको लागि रु. २ अर्व १ करोड विनियोजन गरिएको छ ।

११५. महिलाहरुको वहुआयामिक विकासका निम्ति संचालित महिला विकास कार्यक्रमलाई आगामी वर्ष ६७ जिल्लाहरुमा विस्तार गरी संचालन गरिने छ । यस कार्यक्रम अन्तर्गत महिलाहरुको निम्ति आयमूलक व्यवसाय प्रवर्द्धन गर्न विभिन्न वित्तीय संस्थाहरुबाट रु. १६ करोड कर्जा प्रवाह गर्ने व्यवस्था मिलाइएको छ ।

११६. उपेक्षित, उत्पिडित तथा दलित जनसमुदायको उत्थानका निमित्त विभिन्न आयमूलक कार्यक्रम संचालन गर्न तथा त्यस समुदायका वालवालिकाहरुलाई शैक्षिक छात्रवृत्ति प्रदान गर्न रु. ३ करोड विनियोजन गरेको छु ।

सभामुख महोदय,

११७. सांसदहरुले स्थानीय विकासका निम्ति छनौट गरेका आयोजनाहरु संचालन गर्न चालु आर्थिक वर्षमा राष्ट्रिय सभाका प्रत्येक सांसदका निम्ति रु. २ लाख ५० हजार र प्रतिनिधि सभाका प्रत्येक सांसदका निम्ति रु. ४ लाख विनियोजन गरिएकोमा आगामी वर्ष प्रत्येक सांसदका निम्ति समान रुपमा रु. ४ लाख विनियोजन गरेको छु । यो रकम प्रतिनिधि सांसदहरुको हकमा सम्वन्धित जिल्ला विकास समिति र राष्ट्रिय सभाका सांसदहरुको हकमा वहाँहरुले तोकेको जिल्ला समितिमा पठाईने छ । यस्ता आयोजनाहरुको कार्यान्वयन र अनुगमन प्रचलित कानून बमोजिम जिल्ला विकास समितिले गर्ने व्यवस्था मिलाइने छ । यो कार्यक्रमको लागि रु. १० करोड ६० लाख विनियोजन गरेको छु ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११८. ग्रामीण पूर्वाधार विकासको लागि जम्मा रु. २३ करोड ४५ लाख छुट्याइएको छ । यस अन्तर्गत केही जिल्लाहरुमा राष्ट्रिय सडक प्रणाली र नजिकको बजार क्षेत्रलाई जोड्ने कच्ची मोटर बाटो निर्माण र वहुउद्देश्यिय भवनहरुको निर्माण गरिने छ ।

११९. श्रम सम्बन्धी कार्यक्रमका लागि आगामी आर्थिक वर्षमा रु. ६ करोड ७ लाख ८४ हजार विनियोजन गरिएको छ । कमैया महिला र श्रमजिवी महिलाहरुलाई तालीम अवधिमा मासिक भत्ता दिने व्यवस्थाका अतिरिक्त तालीम पश्चात उनिहरुको सीपको उचित प्रयोग गर्न मद्दत पुऱ्याउन पेशासंग सम्बन्धी आवश्यक औजारहरु समेत उपलव्ध गराइने छ । विभिन्न उद्योग व्यवसायमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न भएका वालवालिकाहरुको पुनर्स्थापनको लागि वौद्धिक, शैक्षिक र स्वास्थ्य सम्बन्धी सेवा उपलव्ध गराउन "वालवालिका विकास तथा पुनर्स्थापना कोष" खडा गरिने छ । कुलतमा लागेका र अनाथ वालवालिकाहरुको पुनर्स्थापनको लागि वाल सुधार गृहको स्थापनाको लागि पनि बजेट विनियोजन गरिएको छ ।

१२०. अधिराज्यका ३८ दुर्गम जिल्लाहरुमा १८ हजार मेट्रिक टन खाद्यान्न ढुवानी गर्न रु. १७ करोड ढुवानी अनुदान र खाद्यान्न खरीद गरी आपूर्ति गर्न नेपाल खाद्य संस्थानलाई आवश्यक पर्ने ऋणमा लाग्ने व्याज अनुदान स्वरुप उपलव्ध गराइने छ । खाद्यान्न अभाव हुने जिल्लाहरुमा सोही क्षेत्रमा उत्पादन बढाउन प्रायोजित वाली विकास कार्यक्रमको लागि पनि अनुदानको व्यवस्था गरिएको छ ।

१२१. देशभित्रै प्राविधिक जनशक्ति उत्पादन गर्ने नीति अनुरुप चिकित्साशास्त्र अध्ययन संस्थान, इन्जिनियरिङ अध्ययन संस्थान र प्राविधिक शिक्षा तथा व्यवसायिक तालीमको लागि बजेटको व्यवस्था गरिएको छ । महेन्द्र संस्कृत विश्व विद्यालयको पूर्वाधार विकासको लागि रु. ३५ लाख ८६ हजारको विनियोजन गरिएको छ । आठौं योजना अवधिमा देशको साक्षरता ६० प्रतिशत पुऱ्याउने लक्ष अनुसार आगामी आर्थिक वर्ष अनौपचारिक शिक्षाको विस्तार र विकासको निमित्त विशेष जोड दिइनेछ । यी कार्यक्रमहरुबाट थप ५ लाख नागरिकहरु साक्षर हुने अनुमान गरिएको छ ।

१२२. प्राथमिक, निम्न माध्यमिक तथा माध्यमिक शिक्षाको लागि रु. ४ अर्व ८ करोड ३८ लाख समेत साधारण तर्फ रु. ५ अर्व ७ करोड ९० लाख १० हजार र विकासतर्फ रु. २ अर्व ६८ करोड २ लाख ८७ हजार गरी शिक्षा तर्फ जम्मा रु. ७ अर्व ७५ करोड ९२ लाख ९७ हजार विनियोजन गरिएको छ । प्राथमिक शिक्षामा महिला सहभागिता वृद्धि गर्न प्राथमिक छात्रा छात्रवृत्ति कार्यक्रमका लागि १ करोड २५ लाख छुट्याइएको छ । अधिराज्यका सबै जिल्लाका दलित वर्गका केटाकेटीहरुलाई विद्यालय जान प्रोहत्सान गर्ने उद्देश्यले दलित विद्यार्थी छात्रवृत्ति कार्यक्रमका लागि रु. २ करोड छुट्याइएको छ ।

१२३. पुरातात्विक एवं धार्मिक स्थल र स्मारकहरुको संरक्षण एवं सम्बर्द्धनका लागि रकमको व्यवस्था गरिएको छ । खेलकूद विकासका तथा यूवा जनशक्ति परिचालनका निमित्त यूवा खेलकूद तथा संस्कृति मन्त्रालयमा रकम विनियोजन गरिएको छ ।

१२४. नगर विकासका निम्ति आवश्यक योजना तर्जुमा एवं कार्यान्वयन गर्न नगर विकास कोष समिति मार्फत नगर विकास समिति तथा महानगरपालिका, उप महानगरपालिका र नगरपालिकाहरुलाई अनुदान तथा ऋण प्रवाहित गर्ने व्यवस्था गरिएको छ ।

१२५. स्वच्छ खानेपानी तथा सरसफाईको निमित्त संचालित आयोजनाहरुको व्यवस्थापन सुधार तथा नयाँ कार्यक्रमहरु संचालन गर्न जम्मा रु. २ अर्व २८ करोड ९१ लाख ६ हजार रकम





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विनियोजन गरिएको छ । काठमाडा उपत्यकाका खानेपानी समस्या क्रमशः समाधान गर्दै लैजान काठमाडौं, ललितपुर र भक्तपुरमा रहेका खानेपानी आयोजनाहरुको पुनःनिर्माण, विस्तार, खानेपानी पाइप लाइन सुधार र विस्तार, ट्यूववेल प्रणालीबाट थप पानी उत्पादन आदि कार्यक्रमहरुलाई प्राथमिकताका साथ संचालन गरिनेछन् । काठमाडौं उपत्यकामा खानेपानीको बढ्दो माग दीर्घकालीन रुपमा आपूर्ति गर्न मेलम्ची वाटर लिमिटेड मार्फत खानेपानी आयोजना कार्यान्वयन गराउने लक्ष अनुरुप मेलम्ची आयोजनाको लागि पनि रकम विनियोजन गरिएको छ ।

१२६. आगामी आर्थिक वर्षमा पूर्वाञ्चल, मध्यमाञ्चल र सुदूर पश्चिमाञ्चल विकास क्षेत्रका ४० जिल्लाहरुमा १९५ वटा पाइप वितरण आयोजना तथा २७०० थप स्यालो ट्यूववेल तथा डिप सेट ट्यूववेल निर्माण गरिनेछन् । ग्रामीण खानेपानी कार्यक्रम अन्तर्गत ५९ वटा अधुरा आयोजनाहरु सम्पन्न हुने र तराई ट्यूववेल कार्यक्रम अन्तर्गत ५०० वटा ट्यूववेल जडान गरिने छन् । यी कार्यक्रमबाट अधिराज्यका करीव ८ लाख भन्दा बढी जनता लाभान्वित हुनेछन् । मेची पहाडी विकास आयोजना अन्तर्गत १५ वटा विभिन्न स-साना खानेपानी आयोजना संचालन गरिनेछ ।

१२७. काठमाडौं तथा पोखरा उपत्यकामा रहेको ऐतिहासिक महत्वका निधि एवं प्राकृतिक सौन्दर्यलाई प्रदूषणबाट सुरक्षित गराउन निजी क्षेत्रको सहभागितामा फोहर मैला व्यवस्थापनको कार्य प्राथमिकताका साथ संचालन गरिने छ । पवित्र पशुपति क्षेत्रलाई वागमती नदीको प्रदूषणबाट मुक्त राख्नका लागि ढल निर्माण लगायत विविध कार्यको निम्ति पनि रकम विनियोजन गरेको छ । त्यस्ता देवालय, मन्दिर, मठ, गुम्वा, वौद्ध विहार र चैत्यहरुको संरक्षण एवं सम्वर्द्धनको कार्य जारी राख्न रकमको व्यवस्था गरेको छ ।

१२८. राष्ट्रिय प्रतिभाहरुको सम्मान गर्ने उद्देश्यले चालु वर्ष स्थापित राष्ट्रिय प्रतिभा स्मारक कोषमा आगामी वर्ष पनि रु. १ करोड ६० लाख रकम छुट्याएको छ । राष्ट्रिय प्रतिभाको सम्मान गर्ने क्रममा नेपाली संगीत र गायनमा विशिष्ट योगदान दिनु हुने स्वर्गीय नारायण गोपाल गुरुवाचार्यको प्रतिमा निर्माण गर्ने कार्यको लागि नारायण गोपाल संगीत कोषमार्फत रकम प्रदान गर्ने व्यवस्था मिलाएको छ । साथै सर्वोच्च शिखर सगरमाथाको चुचुरोमा दश पटकसम्म पुग्न सफल हुनु भएका नेपाली पर्वतारोही आङरिता शेर्पाको कौशल र साहसको सम्मानस्वरुप वहाँलाई आजीवन मासिक रु. ५ हजार भत्ता प्रस्ताव गरेको छ । नेपाली साहित्य र कलाको क्षेत्रमा विशिष्ट योगदान दिई नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको सदस्य भैसक्नु भएका ६० वर्ष पुगेका प्राज्ञहरुलाई पनि आजीवन भत्ता दिने प्रस्ताव गरेको छ ।

१२९. प्रशासन सुधारतर्फ राजस्व प्रशासन सुदृढीकरण र स्वचालित भन्सार तथ्याङ्क सूचना प्रणालीको विकास गर्न रकम विनियोजित गरेको छ ।

१३०. जनसंख्या तथा वातावरण सम्वन्धी जनचेतना अभिवृद्धि गराउने विविध कार्यक्रमहरु संचालन गर्न रकमको व्यवस्था गरेको छ ।

१३१. आगामी आर्थिक वर्ष आठौं पंचवर्षीय योजनाको अन्तिम वर्ष भएको हुँदा चालू पंचवर्षीय योजनाको समीक्षा गरी नवौं योजनाको तर्जुमा गर्नु पर्ने हुँदा राष्ट्रिय योजना आयोगको सुदृढीकरण एवं क्षमता वृद्धिको निम्ति रकम विनियोजन गरेको छ ।

१३२. व्यय अनुमानको प्रकृया र कार्यविधिलाई व्यवस्थित र संस्थागत गराउन अर्थ मन्त्रालय प्रयत्नशील छ । यस क्रममा बजेट तर्जुमा सम्बन्धी कार्यविधि, वित्तीय व्यवस्थापन सूचना



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रणाली र आर्थिक ऐन नियमहरुको पुनरावलोकन भई मस्यौदाहरु तयार भएका छन् । आगामी वर्ष यी मस्यौदाहरुलाई अन्तिम रुप दिई कार्यान्वयनमा ल्याइनेछ । साथै बजेट अनुमानलाई बढी वास्तविक बनाउन र तद्नुसार खर्चलाई नियन्त्रित गरी मितव्ययिता कायम गर्न आगामी वर्ष खर्च सम्बन्धी नर्म (Norm) तयार गर्ने काम समेत शुरु गरिने छ । वित्तीय व्यवस्थापन सुधारको यस क्रममा आर्थिक वर्ष २०५३/५४ को व्यय अनुमानको विवरण परिवर्तित रुपमा प्रस्तुत गरेको छु ।

१३३. मैले माथि पेश गरेको साधारण र विकास गरी कूल खर्च रु. ५७ अर्ब ५६ करोड ५६ लाख १५ हजार व्यहोर्न राजस्वको वर्तमान श्रोतबाट रु. ३१ अर्ब ९ करोड ४७ लाख र वैदेशिक सहायता अन्तर्गत अनुदानबाट रु. ६ अर्ब ४० करोड २६ लाख ९१ हजार र ऋण सहायताबाट रु. १३ अर्ब ९४ करोड ८५ लाख ६ हजार व्यहोरिने भई रु. ६ अर्ब ११ करोड ९७ लाख १८ हजार न्यून रहेको छ ।

सभामुख महोदय,

१३४. अव म राजस्व सम्बन्धी प्रस्तावहरु प्रस्तुत गर्दछु ।

१३५. अधिक करारोपण भएमा निजीक्षेत्रको प्रतिस्पर्धात्मक क्षमतामा ह्रास आई आर्थिक क्रियाकलापमा मन्दी आउने र न्यून करारोपण भएमा सरकारले पुऱ्याउनु पर्ने सेवा र सामाजिक क्षेत्र तथा आधारशीलाको निर्माणमा गर्नु पर्ने लगानीमा प्रतिकूल असर पर्न जाने हुंदा निजी क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता र सामाजिक न्यायमा सन्तुलन हुने गरी राजस्वका दरहरुलाई औचित्यपूर्ण बनाउन तथा कर प्रशासनलाई सरल, पारदर्शी र सवल बनाउन केही सुधारहरु प्रस्तावित गरेको छु ।

१३६. अव म अप्रत्यक्ष कर सम्बन्धी प्रस्तावहरु पेश गर्ने अनुमति चाहन्छु ।

१३७. मूल्य अभिवृद्धिकरको लागि आवश्यक पूर्वतयारी स्वरुप हालको विक्रीकर तथा अन्तःशुल्क विभागलाई आगामी आर्थिक वर्षमा मूल्य अभिवृद्धि कर विभागको रुपमा पुनःसंरचना गरिनेछ । यस विभागले मूल्य अभिवृद्धिकर सम्बन्धी सम्पूर्ण तैयारीका साथै सो कर लागू नभएसम्म हालको विक्रीकर तथा अन्तःशुल्क विभाग सम्बन्धी कामहरु पनि गर्नेछ ।

१३८. मूल्य अभिवृद्धि करको तैयारी पूरा गर्न उद्योगपति, व्यापारी र उपभोक्ताहरुका प्रतिनिधि समेत रहने एक कार्यदल बनाइनेछ । मूल्य अभिवृद्धि कर लागू गर्दा वर्तमान कर र भंसारका दर तथा प्रक्रियाहरुमा के कस्तो सुधार एवं समायोजन गर्नु आवश्यक पर्छ सो सम्बन्धी अध्ययन गराइने छ । आगामी वैशाखको पहिलो हप्तादेखि मूल्य अभिवृद्धि कर दर्ता कार्य प्रारम्भ गरिने छ ।

१३९. मूल्य अभिवृद्धिकर लागू हुनु अघि बिक्रीकरको हालको दुई दरलाई समायोजन गर्न आवश्यक भएकोमा सो को सट्टा १५ प्रतिशतको एकल दर मात्र कायम हुने व्यवस्था गरेको छु । साथै, अत्यावश्यक वस्तुहरु जस्तै खाद्य पदार्थ, मट्टीतेल, चिनी, सूतिको कपडा, औषधि, सिसाकलम, तामा, पित्तल, आल्मुनियमका भांडाकुंडा, आदिमा साविकदेखि दिइ आएको बिक्रीकर छुटहरु यथावत कायम राखेको छु ।

१४०. निम्नकोटी मदिराको ठेक्का व्यवस्थामा देखिएको बिसंगति हटाउन ठेक्का व्यवस्था खारेज गरी आगामी. आर्थिकवर्षदेखि सबै प्रकारका मदिराहरु उद्योग मार्फत मात्र उत्पादन गर्न पाउने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

व्यवस्था गरिएको छ । साविकको कर चुक्ता गरिसकेका निम्नकोटी मदिराका ठेकेदारहरुलाई औद्योगिक ईजाजत प्रदान गरी उद्योगबाट उत्पादन हुने मदिराको बिक्री वितरणमा अनुज्ञापत्र लिई बिक्री गर्न पाउने व्यवस्था मिलाएको छु ।

१४१. अवैध मदिरा नियन्त्रण गर्ने उद्देश्यले मदिरा उत्पादक तथा पैठारीकर्ताहरुबाट न्यूनतम दस्तुर लिई सो रकम छुट्टै कोषमा जम्मा गरी सो कोषबाट अवैध मदिरा नियन्त्रण गर्ने कार्यमा सघाउ पुऱ्याउनेलाई अन्तःशुल्क ऐन अनुसार दिनु पर्ने पुरस्कार समेत प्रदान गरिनेछ । अवैध मदिरा उत्पादन, पैठारी तथा बिक्री वितरण नियन्त्रण गर्न सबै जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा एउटा कार्यटोली गठन गर्ने व्यवस्था मिलाएको छु ।

१४२. स्वदेशी ध्यू, तेल उद्योगहरुले आफ्नो उत्पादनमा बढी भन्दा बढी स्वदेशी कच्चा पदार्थ प्रयोग गरुन् भन्ने उद्देश्यले स्वदेशी तेलहनकै प्रयोग गरी उत्पादन गरिने ध्यू तेल उद्योगलाई लाग्ने बिक्रीकर पूर्णतः माफी गरेको छु । निकासी गरिने वस्तुहरुमा बढीभन्दा बढी स्वदेशी उत्पादनहरु प्रयोग भई पृष्ठ आर्थिक सम्बन्धको प्रक्रियालाई प्रोत्साहन दिन त्यसरी प्रयोग गरिने स्वदेशी कच्चा पदार्थ र अर्ध तयारी वस्तुमा बिक्रीकर नलाग्ने व्यवस्था मिलाएको छु ।

१४३. सबै प्रकारका काठहरुबाट अन्तःशुल्क र बिक्रीकर सरल रुपमा प्राप्त हुन नसकेको र काठको कारोवारको प्रकृति समेतलाई विचार गर्दा आगामी आर्थिक वर्षदेखि स्रोतमा नै बिक्रीकर मात्र लिने गरी अन्तःशुल्क नलाग्ने व्यवस्था गरेको छु । यस व्यवस्थाबाट काष्ठ व्यवसायीहरुलाई कर तिर्न सरल हुन गई राजस्व असूलीमा समेत सकारात्मक प्रभाव पर्ने विश्वास लिएको छु ।

१४४. सिमेन्ट र हल्का पेय पदार्थहरुमा घटेको बिक्रीकरको अतिरिक्त ४ प्रतिशतले सरचार्ज लगाउने प्रस्ताव गरेको छु । यस व्यवस्थाबाट हालको उपभोक्ता मूल्यमा कुनै परिवर्तन हुने छैन ।

१४५. मदिरा, चुरोट, वीयर जस्ता विलासिताका वस्तुहरुमा बिक्रीकर घटेको कारणले राजस्व नघट्ने गरी अन्तःशुल्क तर्फ राजस्व समायोजन गरेको छु । ती वस्तुहरुमा अन्तःशुल्कका दरहरुमा सामान्य वृद्धि समेत गर्ने गरी प्रस्ताव गरेको छु । साथै अन्तःशुल्क असूल गर्ने साविकको प्रक्रियामा पनि केही हेरफेर गरेको छु ।

१४६. चिनी तथा खांडसारी मिलहरुबाट सह-उत्पादन (By-product) को रुपमा निस्कने खुदो (Molasses) को बिक्री वितरणमा कायम रहेको नियन्त्रण हटाएको छु । खुदोको अन्तःशुल्क लिने व्यवस्था पनि सरलीकृत गरेको छु ।

१४७. बिक्रीकर तथा अन्तःशुल्कका दरहरुमा गरिएको परिवर्तन र प्रशासनिक सुदृढीकरणबाट थप रु. १ अर्ब ७७ करोड ३० लाख राजस्व परिचालन हुने अनुमान गरेको छु ।

१४८. बिक्रीकर तथा अन्तःशुल्कका दरहरु आजकै मितिदेखि लागू हुनेछन् ।

सभामुख महोदय,

१४९. **भंसार दरवन्दीलाई अन्तर्राष्ट्रिय मान्यता अनुरुप अद्यावधिक वर्गीकरण गर्न विश्व भंसार संगठनले सन् १९९६ देखि लागू गरेको संशोधन समेत समावेश गरिएको हार्मोनाइज्ड पद्धतिमा आधारित भंसार दरवन्दी प्रस्तावित गरेको छु । यसबाट हाम्रो निकासी पैठारी व्यापारमा एकरुपता, सरलता र विश्वसनीयताको विकास हुने अपेक्षा मैले राखेको छु ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५०. मूल्य अभिवृद्धि करको पूर्व तयारीको सिलसिलामा विक्रीकर दरहरुमा समायोजन गरी एउटै निर्धारण गरिएको हुंदा सो बाट आयात व्यापारमा पर्न सक्ने असरलाई ध्यानमा राखी भंसारका दरहरुमा सामान्य संशोधन र परिमार्जन गरेको छु । यसै सिलसिलामा भंसार मूल्यांकन प्रणालीलाई अझ यथार्थपरक, पारदर्शी र वैज्ञानिक बनाउने कार्यलाई जारी नै राखिने छ ।

१५१. विक्रीकरको दरमा परिवर्तन भएको कारणबाट केही वस्तुहरुबाट प्राप्त हुने राजस्व घट्न जाने हुंदा उक्त राजस्व भंसारबाट समायोजन गर्ने दृष्टिकोणले कार, जीप, पाइप टोबाको, हात हतियार तथा खरखजाना, वियर र सबै प्रकारका मदिरा तथा चुरोटमा थप १० प्रतिशत, वियरिङ, कस्मेटीक, रंगीन टेलिभिजन, डेक, भिडियो तथा अडीयो क्यासेट टेप, लिनोलियम, कोको मिश्रित चकलेट, रंगरोगन, वाइन आदिको पैठारीमा थप ७ प्रतिशत र सबै प्रकारका कम्प्रेसर, फ्रिज, खेलौना, टेलिफोन सेट, जर्दा खैनी, वाद्ययन्त्र आदिको पैठारीमा थप ६ प्रतिशत भंसार लगाएको छु ।

१५२. चियाको अनधिकृत पैठारी निरुत्साहित गर्न भंसारको बाटोबाट पैठारी होस् भन्ने दृष्टिकोणले चियाको पैठारीमा १० प्रतिशत मात्र भंसार दर लगाएको छु ।

१५३. भारतबाट डि.आर.पी. पैठारी प्रकृया अन्तरगत मात्र पैठारी हुने सामानमा भारतीय अन्तःशुल्क दर भन्दा हाम्रो भंसार दर कम हुनुको कारणले पूरै भारतीय अन्तःशुल्क फिर्ता नभई रहेको वर्तमान अवस्थामा पूरै अन्तःशुल्क फिर्ता लिने प्रयोजनका लागि केही वस्तुहरुमा भंसार दर बढाएको छु । यसबाट डि.आर.पी. अन्तरगत भएको पैठारीमा भंसार दर वृद्धि भएको कारणबाट मात्र पैठारीकर्तालाई करको थप व्ययभार पर्ने छैन ।

१५४. औद्योगिक कच्चापदार्थको आपूर्तिलाई सस्तो र सुलभ गर्न केही उद्योगहरुका कच्चा पदार्थहरुमा भंसार दर घटाएको छु । यस क्रममा, धागो उद्योगहरुलाई प्रोत्साहन गर्ने दृष्टिकोणले ती उद्योगहरुले पैठारी गर्ने स्टेपुल फाइबरमा ८० प्रतिशत छुट दिएको छु । त्यस्तै फलफूल प्याकिङका लागि आवश्यक हुने प्लाष्टिक कोटेड बक्सामा लाग्ने भंसार महसुलमा ५० प्रतिशत छुट दिएको छु । अगरवत्तीको केमिकल, जुत्ता बनाउने सांचो र डिटरजेन्टको कच्चा पदार्थमा पनि भंसार दर घटाएको छु ।

१५५. वातावरण प्रदूषणलाई निरुत्साहित गर्न सफा टेम्पोको चेसीसको पैठारीमा १ प्रतिशत मात्र भंसार महसुल लगाई विक्रीकर पुरै छुट दिएको छु । त्यस्तै डिजेल तथा पेट्रोल टेम्पोहरुलाई व्याट्रीबाट संचालन गरी सफा टेम्पो बनाउन चाहेमा उक्त प्रयोजनका लागि पैठारी गर्ने सम्पूर्ण यन्त्र उपकरणमा समेत सोही वमोजिम छुट हुने व्यवस्था गरेको छु । यसका अतिरिक्त सरकारी तथा गैह्र सरकारी संघ संस्थाले एम्बुलेन्स पैठारी गर्दा भंसार महसुल १ प्रतिशत लिई विक्रीकर समेत पूर्ण रुपमा छुट दिने व्यवस्था मिलाएको छु । वातावरण प्रदूषणलाई निरुत्साहित गर्न प्लाष्टिक स्क्रेप र पुराना कपडाहरुको पैठारीलाई निरुत्साहन गर्ने दृष्टिकोणले थप २० प्रतिशत भन्सार लगाएको छु ।

१५६. पर्यटन व्यवसायलाई थप प्रोत्साहन गर्ने दृष्टिकोणले रिसोर्ट होटेलहरुले पैठारी गर्ने १/१ थान माइक्रोबस र मिनिबसमा लाग्ने भंसारमा ५० प्रतिशत छुट दिइ विक्रीकर नलाग्ने व्यवस्था मिलाएको छु ।

१५७. काठमाडौं उपत्यकामा वढ्दै गएको सवारीको चापबाट देखिएको सडकको संकुचन र वातावरण प्रदूषणलाई ध्यानमा राखी पब्लिक लिमिटेड कम्पनी वा सहकारी संस्थाले

३९८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ट्याक्सीको रुपमा पैठारी गर्ने कार वा भ्यानको पैठारीमा दिएको छुटलाई खारेज गरेको छु । तर काठमाडौं उपत्यका वाहिर ट्याक्सीको रुपमा संचालन हुने कार तथा भ्यानलाई भने ५० प्रतिशत भंसार छुट हाललाई कायम राखी विक्रीकर पूर्ण रुपमा छुट दिएको छु । पब्लिक लिमिटेड कम्पनी वा सहकारी संस्थाले पैठारी गर्ने माइक्रोबस एवं मिनिवसको पैठारीमा दिइएको छुटलाई भने यथावत राखेको छु ।

१५८. चालु आर्थिक वर्षमा कृषकले पैठारी गरी कृषि कार्यमा प्रयोग हुने एक थान ट्याक्टरमा ५० प्रतिशत छुट र विक्रीकर नलाग्ने व्यवस्था गरी एक एक थान पम्पिङ सेट, धान तथा गहुं चुट्ने र निफन्ने थ्रेसर पंखिमा दिइएको भंसार तथा विक्रीकर छुटको व्यवस्थालाई पनि यथावत राखेको छु ।

